सााल्पासिलिछो गाउँपालिका
भोजपुर ।

१० वर्षे

# शिक्षा योजना

२०८२–२०९२



## साल्पासिलिछो गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
चौकीडाँडा, भोजपुर ।
कोशी प्रदेश, नेपाल ।

# सा्ल्पासिलिछो गाउँपालिका, भोजपुर

## शिक्षा योजना

## १० बर्षे

## (२०८२-२०९२)

सा्ल्पासिलिछो गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

चौकीडाँडा, भोजपुर

कोशी प्रदेश, नेपाल ।

## संरक्षक

- श्री दौलथ कुलुङ, गाउँपालिका अध्यक्ष
- श्री अस्मिता कुलुङ, गाउँपालिका उपाध्यक्ष
- श्री मणिराम खतिवडा, प्रमुख प्रशासकीय अधिकृत

## योजना निर्माण सदस्यहरु

श्री ...........................

श्री ..................................

## योजना लेखन कार्यदल सदस्यहरु :

| क्र. सं. | नाम, थर | कार्यालय तथा संस्था | पद | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | गुलाव वावु साह | साल्पासिलिछो गाउँपालिका | शिक्षा अधिकृत | संयोजक | |
| २ | विनोद राई | साल्पासिलिछो गाउँपालिका | सामाजिक विकास संयोजक | सदस्य | |
| ३ | पर्शुराम विष्ट | विरेन्द्र मा वि | प्रअ | सदस्य | |
| ४ | दुर्गाराज राई | जाल्पा मा वि | शिक्षक | सदस्य | |
| ५ | भरत खत्री | सालेवा  मावि | प्रअ | सदस्य | |
| ६ | खगेन्द्र चौहान | ठोट्नेरी मा वि | प्र अ | सदस्य | |
| ७ | अम्बिका अधिकारी | जयकला प्रा वि | प्रअ | सदस्य | |
| ८ | विनोद गिरी | इन्द्रावती मा वि | प्रअ | सदस्य | |
| ९ | प्रकाश वस्नेत | सिंहमालिक प्रा वि | प्र अ | सदस्य | |
| १० | रबिन राई | प्रजातन्त्र प्रा वि | प्र अ | सदस्य | |
| ११ | देउमाया राई | साल्पासिलिछो गाउँपालिका | प्रा स | सदाय | |

## तयारकर्ता

- गुलाव वावु साह, शिक्षा अधिकृत सातौं-शिक्षा, युवा तथा खेलकुद शाखा
- देउमाया राई, प्राविधिक सहायक -शिक्षा, युवा तथा खेलकुद शाखा
- कार्यदल सदस्य सबै

**प्रकाशक** : सालपासिलिछो गाउँपालिका, भोजपुर

**प्रकाशन प्रति** :

**सर्वाधिकार** : प्रकाशकमा

**मुद्रण** :

**प्रमाणित मिति** : २०८३

**प्रकाशन मिति** : २०८३

## सम्पर्क नं

website:www.salpasilichhomun.gov.np

Education Department Email: salpaedubranch96@gmail.com

**नोट** :**साल्पासिलिछो** गाउँपालिका, भोजपुरले तयार पारेको यो १० वर्षे शिक्षा योजनाले विद्यालय शिक्षा क्षेत्रको समग्र विकासको लागि यस गाउँपालिकाको भावी १० वर्षमा शिक्षा क्षेत्रमा उल्लेखनिय सपना बोकेको र सोही तहगत लक्ष्यमा अपेक्षित सुधार ल्याउन तथा भएको श्रोत साधनलाई आर्दश पुर्ण

तवरले प्रयोगमा ल्याई समयमा लक्ष्य हासिल हुने अपेक्षा राखेको छ । यसलाई समय सापेक्ष तथा आवश्यकता अनुसार परिमार्जन पनि गरिनेछ ।

# सात्पासिलिछो गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## चौकिडाँडा, भोजपुर
(कोशी प्रदेश,नेपाल)

पत्र संख्या:
चलानी नं:

मिति:२०८२/

दौलथ कुलुङ
गाउँपालिका अध्यक्ष

# सात्पासिलिछो गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## चौकिडाँडा, भोजपुर
(कोशी प्रदेश,नेपाल)

पत्र संख्या:

चलानी नं:

मितिः

**सन्देश**

**अस्मिता कुलुङ**

**उपाध्यक्ष**

# साल्पासिलिछो गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यलय
चौकिडाँडा, भोजपुर
(१नं.प्रदेश,नेपाल)

पत्र संख्या:
चलानी नं: मिति:

## सन्देश

**प्रमुख प्रशासकीय अधिकृत**

**(मणिराम खतिवडा)**

# सल्पासिलिछो गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## चौकिडाँडा, भोजपुर
पत्र संख्या: (१नं.प्रदेश,नेपाल)
चलानी नं: मिति:२०८२

**हार्दिक आभार**

**श्री गुलाव वावु साह**
**शिक्षा अधिकृत सातौँ**

# सारांश

- साल्पासिलिछो गाउँपालिका नेपालको कोशी प्रदेश अन्तर्गत भोजपुर जिल्लाको उत्तरी क्षेत्रमा रहेको साल्पासिलिछो गाउँपालिकाको कार्यालय चौकिडाँडामा रहेको छ ।
- यो गाउँपालिका भौगोलिक हिसावले मध्य पहाडी भेकमा पर्दछ । यहाँको हावापानी मध्यम खालको रहेका छ । भौगोलिक विविधतायुक्त यस गाउँपालिकाले ऐतिहासिक महत्व पनि राख्दछ ।
- यस पालिकाको क्षेत्रफल १९३.३ वर्ग किमी रहेको छ ।
- समुन्द्र सतहदेखि करिव ३६०-४१५६ मिटर उच्चाइ सम्म फैलिएको छ ।
- यस गाउँपालिकाको जनगणना २०७८ अनुसार कुल जनसंख्या १२२८४ रहेको छ । जस मध्ये पुरुषको जनसंख्या ६१०८ र महिलाको जनसंख्या ६१७६ रहेको छ ।
- लैङ्गिक अनुपात ९८.९ प्रतिशत रहेको छ ।
- यस गाउँपालिकाको जनगणना २०७८ अनुसार जातिगत रुपमा विश्लेषण गर्दा सबै भन्दा बढी बाहुल्यता जनजाति करिव ७० प्रतिशत रहेको छ ।
- यस गाउँपालिकाको जनगणना २०७८ अनुसारभाषाको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी नेपाली भाषा बोल्ने मानिसहरुको बहुल्यता छ ।
- प्रारम्भिक बालविकास देखि माध्यमिक शिक्षाको समन्यायीक पहुँचमा वृद्धि भएको हुनेछ ।
- विद्यालय शिक्षाको सबै कक्षाको सिकाइ उपलब्धीमा वृद्धिभई गुणस्तरीय शिक्षाको विकास भएको हुनेछ ।
- स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन पुर्ण रुपमा भएको हुनेछ ।
- शिक्षकको पेशागत विकास तथा सहयता प्रणाली लागु भएको हुनेछ ।
- मूल्यांकन प्रणालीलाई विद्यार्थीमैत्री भएको हुनेछ ।
- विद्यालय व्यवस्थापनमा सुशासनकायम गर्न नेतृत्व व्यवस्थापन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार भएको हुनेछ ।
- प्राविधिक व्यवसायिक तथा प्रविधियुक्त शिक्षाको आधार तयार भएको हुनेछ ।

- आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि भएको हुनेछ ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरुमा विस्तार भएको हुनेछ ।
- प्रारम्भिक कक्षामा सिकाई उपलब्धि बढाउन स्थानीय तहको आर्थिक भौतिक , तथा मानविय लगानीमा वृद्धीभएको हुनेछ ।
- सिकाइ क्रियाकलाप सञ्चालनको लागि न्युनतम सिकाइ वातावरणको स्थापनामा अभिवृद्धि भएको हुनेछ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न समुदाय तथा अभिभावकको सहभागिता वृद्धि भएको हुनेछ ।

# विषय-सूची

**CONTENTS**


सन्देश........ 5

हार्दिक आभार........ 9

क) विषय प्रवेश........ 17

ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य........ 17

ग) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य........ 17

घ) शिक्षा योजना निर्माणका आधार........ 14

ङ) शिक्षा योजना निर्माण प्रक्रिया........ 18

च) योजनाको लेखाजोखा........ 19

परिच्छेद १ : परिचय........ 19

१.१ वर्तमान अवस्था........ 19

क भौगोलिक अवस्थिति........ 21

ख जनसांख्यिक संरचना........ 21

गसामाजिक तथा सांस्कृतिक अवस्था........ 19

घ आर्थिक अवस्थाको विश्लेषण........ 25

ङ शैक्षिक अवस्थाको विश्लेषण ........ 25
१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण ........ 29
१.३ शिक्षा क्षेत्रका मुख्य चुनौतीको SWOTविश्लेषण ........ 29
१.४ शिक्षा क्षेत्रका अवसरहरु ........ 30
परिच्छेद २: दूर दृष्टि, उद्देश्य, रणनीति तथालक्ष्य निर्धारण ........ 30
२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार ........ 31
२.२ दूर दृष्टि (दिर्घकालीन सोच) ........ 32
२.३ लक्ष्य ........ 32
२.४ उद्देश्य ........ 32
२.५ रणनीति ........ 32
२.६ कार्यनीति ........ 34
२.७ अपेक्षित उपलब्धि ........ 37
२.८ मुख्य कार्यसम्पादन सुचकहरु तथा लक्ष्य निर्धारण ........ 38
परिच्छद ३: शिक्षाका मुख्य उपक्षेत्रहरु ........ 42
३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा ........ 42
३.१.१ वर्तमान अवस्था ........ 42
३.१.२ उदेश्यहरु ........ 43
३.१.३ रणनीतिहरु ........ 44
३.१.४ प्रमुख उपलब्धि तथानतिजा ........ 45
३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 46
३.२ आधारभूत शिक्षा ........ 48
३.२.१ वर्तमान अवस्था ........ 48
३.२.२ उद्देश्य ........ 51
३.२.३ रणनीति ........ 51
३.३.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 55
३.२.५ प्रमुख क्रियापलाप तथा परिमाणात्मक लक्ष्य ........ 56
३.३ माध्यमिक शिक्षा ........ 60
३.३.१ वर्तमान अवस्था ........ 60
३.३.२ उदेश्यहरू ........ 63
३.३.३ रणनीति ........ 63
३.३.४ उपलब्धि तथा प्रमुख नतिजाहरू ........ 64

३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ 65
३.४ प्राविधिक तथा व्यवसायिक तालिम........ 66
३.४.१ वर्तमान अवस्था ........ 66
३.४.२ उद्देश्यः........ 66
३.४.३ रणनीतिहरु ........ 67
३.४.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 67
३.४.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य. ........ 68
३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ life long learning ........ 69
३.५.१ वर्तमान अवस्था- ........ 69
३.५.२उद्देश्य ........ 70
३.५.३रणनिति........ 71
३.५.४ प्रमुख उपलब्धिरनतिजा ........ 71
३.५.५प्रमुखक्रियाकलापतथा परिमाणात्मक लक्ष्य ........ 72
परिच्छेद ४ अन्तरसम्बन्धित क्षेत्रहरु ........ 73
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मुल्याङ्कन ........ 73
४.१.१ वर्तमान अवस्था........ 73
४.१.२ उद्देश्य........ 74
४.१.३ रणनीतिहरू ........ 74
४.१.४ प्रमुख उपलब्धि तथा नतिजा........ 76
४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य........ 76
४.२ शिक्षक ब्यवस्थापन तथा विकास........ 78
४.२.१ वर्तमान अवस्था........ 78
४.२.२ उद्देश्य ........ 86
४.२.३ रणनीति ........ 86
४.२.४. प्रमुख उपलव्धी तथानतिजा........ 86
४.२.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य........ 88
४.३ शैक्षिकसमतातथासमावेशीकरण........ 90
४.३.१ वर्तमान अवस्था ........ 90
४.३.२ उदेश्य........ 90

४.३.३ रणनीति ..... 91
४.३.४ प्रमुख उपलब्धि तथा नतिजा ..... 92
४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... 93
४. ४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ..... 94
४.४.१ वर्तमान अवस्था ..... 94
४.४.२ उद्देश्य ..... 94
४.४.३ रणनीति ..... 95
४.४.४ प्रमुख उपलब्धि तथा नतिजा ..... 96
४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... 98
४.५ विद्यालय सुरक्षा विपत् न्यूनीकरण तथा उत्थानशीलता ..... 99
४.५.१वर्तमानअवस्था ..... 99
४.५.२उद्देश्य ..... 99
४.५.३ रणनीति ..... 100
४.५.४ प्रमुख उपलब्धि तथा नतिजा ..... 101
४.५.५प्रमुखक्रियापलाप र परिमाणात्मक लक्ष्य ..... 102
४.६ विद्यालयको भौतिक पूर्वाधार विकास ..... 104
४.६.१ वर्तमान अवस्था ..... 104
४.६.२ उद्देश्य ..... 104
४.६.३ रणनीतिहरू ..... 105
४.६.४ प्रमुख उपलब्धि तथा नतिजा ..... 106
४.६.५ प्रमुख क्रियापलाप तथा परिमाणात्मक लक्ष्य ..... 106
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ..... 108
४.७.१ वर्तमान अवस्था ..... 108
४.७.२ उद्देश्य ..... 108
४.७.३ रणनीति ..... 108
४.७.४ प्रमुख उपलब्धि तथा नतिजा ..... 109
४.७.५ प्रमुख क्रियापलाप र परिमाणात्मक लक्ष्य ..... 109
परिच्छेत ५ : अन्य उपक्षेत्र ..... 111
५.१ छात्रवृत्ति ..... 111

५.१.१ वर्तमान अवस्था.....111
५.१.२ उद्देश्य.....111
५.१.३ रणनीति.....112
५.१.४ प्रमुख उपलब्धि तथा नतिजा.....112
५.१.५ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू.....113
परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन.....114
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास.....114
६.१.१ वर्तमान अवस्था.....114
६.१.२ उद्देश्य.....115
६.१.३ रणनीति.....115
६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप.....116
६.१.५ प्रमुख क्रियाकलापर परिमाणात्मक लक्ष्य.....117
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध.....119
६.२.१ वर्तमान अवस्था.....119
६.२.२ उद्देश्यहरू.....119
६.२.३ रणनीतिहरू.....120
६.२.४ प्रमुख उपलब्धि तथानतिजा.....120
६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य.....120
परिच्छेद ७ :लगानी र स्रोत व्यवस्थापन.....121
७.१ वर्तमान अवस्था.....122
७.२ उद्देश्य.....122
७.३ रणनीति.....122
७.४ प्रमुख उपलब्धि..... 123
७.५ प्रमुख क्रियाकलाप र लक्ष्य.....123
७.६ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया.....127
परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन.....129
८.१ वर्तमान अवस्था.....174
८.२ उद्देश्य.....130
८.३ रणनीति.....130

८.४ प्रमुख उपलब्धि तथा नतिजा ....131
८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....132
सन्दर्भ सामग्रीहरु ....132
अनुसूची – १शिक्षा योजना निर्माण सम्बन्धी बैठक निर्णय कपी तथा विभिन्न कार्यक्रमहरुको फोटाहरु राख्ने । ....133

## क)विषय प्रवेश

शैक्षिक सेवालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वियन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षानीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य सोह्रौँ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देशन गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएकोछ ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तरतथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan, 2022/23-2031/32)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा विकासमा सहजीकरण गरिएको हो ।

## ग) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

1. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थापित गर्न,
2. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,
3. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमताजस्ता समस्यालाई न्यूनीकरण गर्न,
4. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,
5. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन,

## घ) शिक्षा योजना निर्माणका आधार

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाउनु पर्छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गर्नुपर्छ ।

क) नेपालको संविधान
ख) सोह्रौँ आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वयतथा अन्तरसम्बन्ध ) ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan, 2022/23-2031/32)र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ट) स्थानीय तहको मध्यमकालिन खर्च संरचना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रमआदि

स्थानीय शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानि विभिन्न योजनाबिचको अन्तर्सम्बन्ध कायम हुने गरी योजना तर्जुमा हुनुपर्छ। यसका लागि स्थानीय तहअन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग पनि समन्वय गर्नुपर्छ।शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्नुपर्नेछ ।

## ङ)शिक्षा योजना निर्माण प्रक्रिया

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा स्थानीय तहको शिक्षा समितिको नेतृत्वमा गर्नुपर्छ । स्थानीय तहले आवश्यक देखेमा योजना तर्जुमा समिति, अन्य समिति वा उपसमिति गठन गर्न सक्ने छ । योजना निर्माणको मुख्य समूहमा स्थानीय तहको शिक्षा हेर्ने प्रमुख तथा सामाजिक विकास समितिका संयोजकलाई अनिवार्य रूपमा समावेश गर्नुपर्ने छ । यस अतिरिक्त आवश्यकताअनुसार सम्बन्धित विषय क्षेत्रका विज्ञ तथा प्राविधिकलाई (स्थानीय तहभित्रका कलेज, विद्यालय वा अन्य व्यक्तिबाट) आमन्त्रित गर्न सकिन्छ । योजना निर्माण समितिलाई सहजीकरण गर्न र जिम्मेवार बनाउन लिखित कार्य विवरण दिन सकिन्छ ।

अन्य योजनामाजस्तैः स्थानीय तह शिक्षा योजनाको निर्माणमा पनि स्थानीय तहले सहभागितामूलक प्रक्रिया नै अवलम्बन गर्नुपर्छ र सोका लागि देहायका विषयलाई ध्यान दिनुपर्छ । योजनाको यस भागमा शिक्षा योजना निर्माणको क्रममा अवलम्बन गरिएका प्रक्रिया उल्लेख गर्नुपर्छ साथै बैठकका निर्णय र उपस्थिति अनुसूचीमा समावेश गर्नुपर्छ ।

क) शिक्षा शाखा प्रमुख तथा योजना शाखा पदाधिकारीलाई शिक्षा योजना निर्माणका लागि २०८२/०२/०७ गते कार्यदल गठन र कार्यदल लाई निर्देशन तथा सहजिकरणको लागि लोकेन्द्र खड्का लाई फोकल पर्सन तोकियो ।

ख) मिति २०८२/०२/०८ र ९ गते कार्यदल लाई २ दिने क्षमता विकास तालिम प्रदान गरिएको थियो ।

ग) स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण ।

घ) गाउँटोल तथा वडास्तरमा विभिन्न सरोकारवाल/ा वडाध्यक्ष), विद्यालयका प्रधानाध्यापक र शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित सङ्घसस्थालगायत विभिन्न भेला छलफल गरी सुझाव सङ्कलन ।

ङ) स्थानीय तह तथा विद्यालय स्तरीय छलफल

च) योजनाको मस्यौदा तयारी

छ) फोकल पर्सनको सहयोगमा मिति २०८३/०३/०२ गते स्थानीय शिक्षा योजना मस्यौदामाथि सम्पुर्ण सामुदायिक तथा संस्थागत विद्यालयको प्र अहरु बाट राय सुझाब संकलन गरियो ।

ज) मस्यौदा माथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण

झ) योजनाको अन्तिमीकरण

ञ) बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन

ट) स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन

ठ) ……………..

ड) ……………..

**च)** योजनाको लेखाजोखा

स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ दिगो र लगानीयोग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनुपर्छ, जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो । निर्माण भएको योजनाको लेखाजोखा कार्यलाई समबन्धित स्थानीय तहले आन्तरिक र बाहिरका विभिन्न विषय क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य बिवरण तोकी सम्पन्न गरिने छ ।

## परिच्छेद १ : परिचय

### १.१ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ ले आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र निःशुल्क गरेको छ भने माध्यमिक तह सम्मको शिक्षालाई निःशुल्क गर्ने हकको सुनिश्चत गरेको छ । त्यसैगरी, अपाङ्गता भएका तथा आर्थिक रुपले पिछाडिएका बालबालिकाहरुको

शिक्षामा कानुन बमोजिम निःशुल्क गर्ने कुराको समेत सुनिश्चत गरेको छ । संघीय स्वरुपको राज्य ब्यवस्था भए अनुरुप तीनै तहका सरकारहरु स्थापना भइ क्रियाशिल अवस्थामा छन् । सबै सरकारहरुले शिक्षा क्षेत्रलाई तीनै सरकारहरूवीच समन्वय, सहकार्य तथा सहयोगबाट नीति,योजना तथा कार्यक्रमहरू कार्यान्वयन भइ रहेकाछन् । तीनै तहका सरकारहरुले समन्वयात्मक ढंगबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाइ परिवर्तित मर्म र गन्तब्यहरुलाई उक्त योजनामा प्रतिबिम्वित गर्दै राष्ट्रले लिएका लक्ष्यहरु पुरा गर्नु आजको आवश्यकता हो ।

त्यसैगरी शिक्षाको संवैधानिक अधिकार कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारलाई शिक्षा व्यवस्थानका लागि शिक्षाका २३ वटा अधिकारहरूको कार्यान्वयन गर्नुको साथै संघीय सरकारले १० वर्षे विधालय शिक्षा क्षेत्र योजना(SESP २०२२/२३-२०३१/३२), शिक्षा नीति २०७६, १६औं आवधिक योजना(२०८१/८२-२०८५/८६)ले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ ।स्थानीय तहका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ (२४) मा स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्ने नीतिगत व्यवस्था गरेको छ । समावेशी, समतामूलक, गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुलाई प्रोत्साहित गरीगाउँपालिकाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप यस शिक्षा योजनाले निर्धारण गरेको छ । उक्त योजना निर्माण गर्दा संघ तथा प्रदेश सरकारका नीति लक्ष्यसँग मेल खानु पर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैङ्गिक समानता तथा समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिई दीर्घकालीन किसिमका योजनाको सूची (project bank) तयार तथा सहभागितामूलक योजना तर्जुमा, सरोकारवालाहरुको सहभागितामा क्षेत्रगत योजना तयार गर्नुपर्ने नीतिगत व्यवस्था छ ।

आवधिक योजनाका आधारमा स्थानीय सरकारले बार्षिक बजेट तथा कार्यक्रम तयार गर्नु पर्ने हुन्छ र आगामी दिनमा एकमुष्ट संद्यीय सरकारबाट बजेट प्राप्त हुने र त्यसबाट स्थानीय सरकार आँफैले बार्षिक कार्यक्रम बनाउनु पर्ने सन्दर्भ रहेको छ । विभिन्न माहामारी तथा प्रकोपले शिक्षा क्षेत्रमा पारेको प्रभाव एवम् गाउँपालिकामा भएका सिमित स्रोत साधनका अधारमा शिक्षा क्षेत्रको सुधारका असिमित आवश्यकता तथा समस्याहरुको सम्बोधनका

लागि पनि  ब्यवहारिक रुपमा कार्यान्वयन योग्य योजनाको  विकास तथा कार्यान्वयनको विकल्प नभएको हालको अवस्था रहेको छ  । यसै सन्दर्भमा राज्यको शिक्षा सम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उदेश्यसंग समन्वय तथा तालमेल गरी यस गाउँपालिकाका आवश्यकताहरु पुरा गर्न पनि गाउँपालिकाको आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको योजना तयार गर्नु आजको आवश्यकता रहेको निष्कर्ष रहेको छ । अतःयस गाउँपालिकाले पालिकाका समग्र शैक्षिक विकास तथा सुधारका लागि पालिकाले यो शिक्षा योजना तयार गरेको छ ।

## भौगोलिक  अवस्थिति

सालपासिलिछो  गाउँपालिका नेपालको कोशी प्रदेश अन्तर्गत  भोजपुर जिल्लाको उत्तरी क्षेत्रमा  रहेको साल्पासिलिछो गाउँपालिकाको कार्यलय चौकिडाँडामा रहेको छ । यो गाउँपालिका भौगोलिक हिसावले मध्य पहाडी भेकमा पर्दछ । यहाँको हावापानी मध्यम खालको रहेका छ । भौगोलिक विविधतायुक्त यस गाउँपालिकाले ऐतिहासिक महत्व पनि राख्दछ । यस गाउँपालिका धार्मिक तथा पर्यटकीय स्थल साल्पा पोखरी र सिलिचुङ ( भोजपुर जिल्लाको सबैभन्दा अग्लो स्थान) अत्यन्तै सुन्दर एवं मनमोहक देखिन्छ ।

| विशेषताहरु | साल्पासिलिछो गाउँपालिका |
|---|---|
| पालिकाको क्षेत्रफल (कि.मि.) | १९३.३३ |
| क्षेत्रफल | १९३३३ हेक्टर |
| अक्षांश | २७◦४३१९ उत्तरी अक्षांश |
| देशान्तर | ८७◦०४०९ पूर्वी देशान्तर |
| समुद्र सतहदेखि उचाई | ३६० मिटर देखि ४१५६ मिटर सम्म फैलिएको छ । |
| साविकका गाविसहरु | कुलुङ,चौकिडाँडा ,खाटाम्मा ,दोभाने । |
| केन्द्र | चौकिडाँडा |

## जनसांख्यिक  संरचना

यस गाउँपालिकाको जनगणना २०७८ अनुसार कुल जनसंख्या १२,२८४ रहेको छ । जस मध्ये पुरुषको प्रतिशत ४९.७ र महिलाको प्रतिशत ५०.३

रहेको छ । यसको विस्तृत विवरण तलको तालिका तथा ग्राफमा प्रस्तुत गरिएको छ ।

**पालिकाको समग्र जनसंख्या**

| **क्षेत्र** | **साल्पासिलिछो गाउँपालिका** | प्रतिशत |
|---|---|---|
| **पुरुष** | ६१०८ | ४९.७ |
| **महिला** | ६१७६ | ५०.३ |
| **जम्मा** | १२२८४ | १०० |
| **लैङ्गिक अनुपातदर** | | ९८.९ |

स्रोत : राष्ट्रिय तथ्याङ कार्यालय, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन २०७८ https://censusnepal.cbs.gov.np/results/np/downloads/

**वडागत जनसंख्या**

| **नयाँ वडा** | **साविकको गा.वि.स.** | **क्षेत्रफल (वर्गकि. मि.)** | **जनसंख्या** | |
|---|---|---|---|---|
| | | | जम्मा | |
| **१** | कुलुङ (१-४) | १२.२६ | २२०० | |
| **२** | कुलुङ (५-९) | १२.८३ | २०२६ | |
| **३** | चौकिडाँडा (१-९) | १७.०७ | १९३१ | |
| **४** | खाटाम्मा (१-९) | २२.८ | १७८३ | |
| **५** | दोभाने (५-९) | ६५.३९ | २०३४ | |
| **६** | दोभाने (१-४) | ६२.९८ | २३११ | |
| | **जम्मा** | **१९३.३३** | **१२२८४** | |

स्रोत : राष्ट्रिय तथ्याङ कार्यालय राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन
https://censusnepal.cbs.gov.np/results/np/downloads/

त्यसैगरी यस गाउँपालिकाको उमेर समूहगत जनसंख्या विवरण तलको तालिकामा राखिएको छ ।

| उमेर समुह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| 0-4 | 496 | 472 | 968 |
| 5-9 | 632 | 672 | 1304 |
| 10-14 | 689 | 735 | 1424 |
| 15-19 | 689 | 674 | 1363 |
| 20-24 | 546 | 508 | 1054 |
| 25-29 | 418 | 455 | 873 |
| 30-34 | 343 | 356 | 699 |
| 35-39 | 324 | 358 | 682 |
| 40-44 | 303 | 324 | 627 |
| 45-49 | 332 | 285 | 617 |
| 50-54 | 293 | 335 | 628 |
| 55-59 | 247 | 253 | 500 |
| 60-64 | 254 | 236 | 490 |
| 65-69 | 181 | 164 | 345 |
| 70-74 | 146 | 140 | 286 |
| 75 भन्दा माथि | 215 | 209 | 424 |
| जम्मा | 6108 | 6176 | 12284 |

यसरी हेर्दा १0-१४ बर्ष सम्मको उमेर समूहको जनसंख्या यस गाउँपालिकाको उच्च रहेको देखिन्छ ।

### गसामाजिक तथा सांस्कृतिक अवस्था

यस गाउँपालिकाको जनगणना २०७८ अनुसार जातिगत रुपमा विश्लेषण गर्दा सबै भन्दा बढी बाहुल्यता जनजातिको रहेको छ । यसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| जातजाती | साल्पासिलिछो गापा | प्रतिशत |
|---|---|---|
| कुलुङ | ३१९७ | २६.०२ |

| | | |
|---|---|---|
| **क्षेत्री** | २००८ | १६.३४ |
| **नाछिरिङ** | १०२६ | ८.३५ |
| **तामाङ** | ९७२ | ७.९१ |
| **राई** | १५०३ | १२.२३ |
| **गुरुङ** | ६१ | ०.४९ |
| **मगर** | **११२** | ०.९१ |
| **घले** | **३३९** | २.७५ |
| **थुलुङ** | **११५** | ०.९३ |
| **नेवार** | **१६३** | १.३२ |
| **शेर्पा** | **४४७** | ३.६३ |
| **मेवाहाङ** | **६१५** | ५.००६ |
| **अन्य** | **१७२६** | १४.०५ |
| **जम्मा** | **१२२८४** | १०० |

स्रोत : राष्ट्रिय तथ्याङ कार्यालय, राष्ट्रिय जनगणना २०७८ प्रतिवेदन https://censusnepal.cbs.gov.np/results/np/downloads/

**धर्मको आधारमा जनसंख्याको विवरण**

यस गाउँपालिकाको जनगणना २०७८ अनुसार धर्मको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी हिन्दु धर्म मान्ने मानिसहरको बहुल्यता छ भने त्यस पश्चात क्रमश किराँत बौद्ध रहेकाछन् । यसको विस्तृत विवरण तलको तालिका तथा ग्राफमा प्रस्तुत गरिएको छ ।

| क्रस | जात | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| 1 | हिन्दु | ३७४४ | ३०.४८ |

| | | | |
|---|---|---|---|
| 2 | किराँत | ६३७२ | ५१.८७ |
| 3 | बौद्ध | १९३९ | १५.७८ |
| 4 | क्रिश्चियन | २२५ | १.८३ |
| 5 | वहाइ | १ | ०.०१ |
| 6 | इस्लाम | ३ | ०.०२ |
| | **जम्मा** | **१२२८४** | १०० |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन https://censusnepal.cbs.gov.np/results/np/downloads/

### आर्थिक अवस्थाको विश्लेषण

कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुऱ्याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन यस गाउँपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ। यहाँका मानिसहरु मूख्य तया कृषि पेशामा आवद्ध रहेको र आर्थिक स्तर माथि उकास्न अलैची खेती,धान,मकै,कोदो, सुन्तला लगायत खेतीपातीमा आवद्ध रहेको छ । उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रमसञ्चालन गर्दै आएकोछ। यसका अलवा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ । जनगणना २०७८ का अनुसार यस गाउँपालिकाको आर्थिक रुपले सक्रिय जनसंख्या को प्रतिशत ८४.१ रहेको छ भने त्यसैगरी कुनैन कुनै पेशामा सक्रिय सहितको जनसंख्या रहेको आधारमा ९३.३ प्रतिशत रोजगारी रहेका छन् ।

### शैक्षिक अवस्थाको विश्लेषण

नेपालमा विद्यालय क्षेत्र अन्तर्गत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन्। ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ। नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ। नेपालमा निजी स्तरबाट सञ्चालन भएका र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा आएका छन्।

यसै गरी साल्पासिलिछो गाउँपालिकाभित्र पनि यी दुवै प्रकृतिका शैक्षिक पद्धतिहरु सञ्चालनमा आएको छन जस अन्तर्गत ३७ वटा सामुदायिक विद्यालय, १ वटा संस्थागत

विद्यालय र १ वटा  धार्मिक विद्यालयहरु  सञ्चालनमा रहेका छन । यस खण्डमा साल्पासिलिछो गाउँपालिकाको संक्षिप्त शैक्षिक अवस्था अन्तर्गत नीतिगत व्यवस्था, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन र दीगो विकासका लक्ष्यहरुको सन्दर्भ चर्चा गरीएको छ।

## नीतिगत व्यवस्था

नेपालको संविधानले शिक्षालाई प्राथमिकतामा राखेको छ साथै संविधानको भाग ३ मा मौलिकहकको व्यवस्था गरिएको छ जस अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ। जसअनुसार  प्रत्येक नागरीकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क,माध्यामिक तह सम्म निःशुल्क शिक्षा पाउने हक रहेको छ साथै अपाङ्गता भएका र आर्थिकरुप ले विपन्न नागरीकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ। त्यस्तै दृष्टीविहिन नागरीकलाई व्रेललिपि, बहिरा तथा बोलाई सम्बन्धी समस्या भएका नागरीकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ। यसै गरी संविधानको धारा ३८ मा महिलाको हकअन्तर्गत उपधारा ५ मा महिलालाई शिक्षा स्वास्थ्य, रोजगारी, र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ। यसै गरि नेपालको संविधानमा वालबालिकाको हक अन्तर्गत प्रत्येक वालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा स्वास्थ्य, पालनपोषण, उचित स्याहार खेलकुद मनोरञ्जन, तथा व्यक्तित्व विकास तथा बाल सहभागिताको हक रहेको छ साथै बालबालिकालाई घर विद्यालय वा जुनसुकै स्थानमा शारिरीक मानसिक वा कुनै किसिमको यातना दिन पाईने छैन भनि उल्लेख छ । त्यसै गरी  दलितको हक अन्तर्गत आधारभुत तहबाट उच्च तह सम्म छात्रवृत्ती सहित निः शुल्क शिक्षाको व्यवस्था हुने कुरा उल्लेख छ । त्यसैगरी नेपालको संविधानमा शिक्षालाई बैज्ञानिक प्राविधिक ब्याबसायिक सिपमुलक, रोजगारमुलक जनमुखी बनाउदै सक्षम प्रतिस्पर्धी नैतिक एबं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृद्दि गर्ने कुरा उल्लेख छ । साथै नागरीकको व्यक्तित्व विकासका लागि पुस्तकालय, सामुदायिक सुचना केन्द्रको स्थापना र प्रबर्द्र गर्ने कुरा उल्लेख छ। त्यसैगरी संविधानको धारा ३८ मामहिलाको हक अन्तरगत उपधारा(५) मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ। नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा,स्वास्थ्य,पालनपोषण,उचित स्याहार,खेलकूद,मनोरञ्जन तथा व्यक्तित्व विकासको हक

हुनेछ भन्ने उल्लेख गरिएको छ। साथै सोही धाराको उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक उल्लेख छ र उपधारा ७ मा कुनै पनि बालबालिकालाई घर,विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भनी उल्लेख गरिएको छ। त्यसैगरी संविधानको धारा ४० मा दलितको हक अन्तरगत उपधारा(२) मा दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म कानुन बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिने छ साथै प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितको लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तर्गत उपधारा(२)मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण,उत्थान,सशक्तिकरण र विकासका लागि शिक्षा,स्वास्थ्य,आवास,रोजगारी,खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ भनी उल्लेख भएको छ। संविधानको  धारा ४७ मा मौलिकहकहरूको कार्यान्वयन लागि आवश्यकता अनुसार राज्यले संविधान प्रारम्भ भएको तीनवर्ष भित्र कानुनी व्यवस्था गर्नेछ भनी उल्लेख भएको छ।

त्यस्तै गरी संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरू अन्तर्गत धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति भित्र शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक रोजगार मूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एंव राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजीक्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाइ क्रमशःनिःशुल्क बनाउँदै लैजाने, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने भनी उल्लेख भएको छ।

नेपालको संविधानको अनुसूचि ५मा केन्द्र सरकार वा संघको अधिकार सूचि भित्र शिक्षा सम्बन्धी अधिकारहरूमा केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरको प्रज्ञाप्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन तथा केन्द्रीय पुस्तकालय तोकिएको छ। त्यस्तै गरी संविधानको अनुसूचि ६ मा प्रदेशको अधिकार सूचि भित्र शिक्षा सम्बन्धी अधिकार मा प्रदेश विश्वविद्यालय, उच्चशिक्षा, पुस्तकालय, संग्रहालय तोकिएको छ साथै संविधानको अनुसूचि ८ मा स्थानीयतहको अधिकार सूचि भित्र शिक्षा सम्बन्धी अधिकारहरूमा आधारभूतर माध्यमिक शिक्षा तोकिएको छ साथै संविधानको अनुसूचि ७ र ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारका साझा सूचि भित्र शिक्षा समेत समावेश गरिएको छ । नेपालको संविधानले संघ प्रदेश तथा स्थानीय तहलाई निर्दष्ट गरेका एकल वा साझा अधिकारहरूको व्यवहारिक रुपमा

कार्यान्वनय गर्दै राष्ट्रले लिएका शैक्षिक नतिजाहरूको लागि आपसी समन्वय, सहकार्य र सह-अस्तित्व आजको आवश्यकता हो ।

त्यसैगरी चालु अवस्थामा रहेको १६ औं आवधिक योजनाले शिक्षा क्षेत्रको विकासको लागि स्पस्ट मार्गनिर्देशन गरेको छ । यस योजनाले पनि गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ भने उद्देश्यहरूमा सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु, प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु, पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनसुन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै  ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु, सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु तथा संघीय संरचना अनुरूप सबै तहका शैक्षिक-प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्नु रहेका छन् ।

शिक्षा क्षेत्रको सुधार तथा विकासको लागि नेपाल सरकारले शिक्षा नीति २०७६ पनि जारी गरेको छ । उक्त नीतिले शिक्षा क्षेत्रमा सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने लक्ष्य राखेको छ । त्यसैगरी यस नीतिले उद्देश्यहरूमा बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु, आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु, गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवं समतामूलक पहूँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु, ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहूँच र गुणस्तर अभिवृद्धि गरी विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य,दक्ष वैज्ञानिक, नवप्रवर्तनात्मक, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संशाधन विकास गर्नु, नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु ,सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त

शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु,शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु, सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यास (Best-practices) लाई सम्मिलन (fusion) गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्नु,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु, औपचारिक, अनौपचारिक र अनियमित शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता, गतिशिलता र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु,शिक्षा प्राप्तिको संवैधानिक र कानूनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता समन्यायिकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नुर व्यक्तिमा वैज्ञानिक चिन्तन र व्यवहार विकास गर्न विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकिकरण गर्दै परम्परागत एवं आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु राखेको छ ।

दिगो विकास लक्ष्यहरू सन् २०१५ को सेप्टेम्बरमा संसारका १९३ वटा राष्ट्रहरूले संयुक्त रूपमा अङ्गीकार गरेका आवधिक विकासका दस्ताबेजहरू हुन् । संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूको सहमतिमा अघि सारिएका १७ वटा दिगो विकासका लक्ष्यहरू सन् २०१६ को जनवरी १ बाट कार्यान्वय आएको र नेपाल सरकारले पनि यसका लक्ष्यहरू पुरा गर्न प्रतिबद्दता ब्यक्त गरिसकेको अवस्थमा यसले तय गरेको शिक्षाको लक्ष्य नम्बर चारमा रहेको समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवद्र्धन गर्ने लक्ष्यले पनि प्रदेशको शिक्षा योजना निर्माणमा निर्देशन प्रदान गर्दछ । त्यस्तै १६औ आवधिक योजनामा गुणस्तरिय शिक्षा मार्फत दक्ष प्रतिस्पर्धी उत्पादनशिल र नबप्रवर्तनशिल मानव स्रोतको विकास गर्ने लक्ष्य राखेको छ यसैगरी विद्यालय शिक्षा क्षेत्र योजना २०२२-२०३२ ले समाजका विविधता पुर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसाथ गरी सबै नागरीकलाई उत्पादनशिल जिवनयापन गर्न चाहिने पुर्ण कार्यमुलक साक्षरता गणितिय सिप़ तथा आधारभुत जिवनोपयोगी सिपको विकासको अबसर प्राप्त गर्न सहजिकरण गर्दै जनशक्तिको क्षमता विकास निरन्तर एबं समावेशी प्रयत्न मार्फत मुलुकको सामाजिक आर्थिक, विकासमा योगदान दिई विद्दमान असमानता हटाउने लक्ष्य तथा राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक स्वावलम्बी प्रबर्तनात्मक र मुल्य उन्मुख नागरीकको विकासमा योगदान पुर्याउने दुरदृष्टि राखेकोछ।

त्यसैगरी यस गाउँपालिकाको शिक्षा क्षेत्रमा तलका अधिकारहरू निम्न रहेका छन् ।

- प्रारम्भिक वाल विकास तथा शिक्षा,आधारभूत शिक्षा,अभिभावक शिक्षा,अनौपचारिक शिक्षा,खुल्ला तथा वैकल्पक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन ।
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन र नियमन ।
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमती, अनुगमन र नियमन ।
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- गाउँ शिक्षा समिति गठन र व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक एवं कर्मचारीको दरबन्दी मिलान,
- विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाइको उपलब्धिको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीय स्तरका शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिइने अनुदान तथा सोको व्यवस्थापन,विद्यालयको आय व्यायको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

- शिक्षण सिकाइ र शिक्षक र कर्मचारीको क्षमता विकास,
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

## अवस्था, उपलब्धी र अन्तर

गाउँपालिकाको शिक्षा शाखामा रहेको तथ्यांक अनुसार यस साल्पासिलिछो गाउँपालिकामा जम्मा ३९विद्यालयहरु रहेका छन् । जस मध्ये ३७ वटा सामुदायिक १ वटा संस्थागत र १ वटा धार्मिक विद्यालय छ।

६ वटा माध्यमिक विद्यालयहरू जसमध्ये ३ वटामा वालविकास देखि कक्षा १२ सम्म र ३ वटा विद्यालयमा वालविकास देखि १० कक्षासम्म पठन पाठन भई रहेको छ । ३३ वटा आधारभूत विद्यालयहरू जस मध्ये वालविकास देखि ३ चलेको १३ वटा र वालविकास देखि ५ कक्षा सम्म संचालनमा रहेको १४ वटा र वालविकास देखि ८ कक्षा सम्म पठ्नपाठन भईरहेका ६ वटा सामुदायिक विद्यालयहरुछन् ।

अर्थात ९७.४३ प्रतिशत सामुदायिक र २.५७ प्रतिशत संस्थागत विद्यालय, १ वटा नमुना विद्यालय र १ वटा सामुदायिक सिकाई केन्द्र संचालनमा रहेको छ ।

समुदायमा आधारित वाल विकास केन्द्र संख्या २ वटा छ, विद्यालयहरुमा आधारित वाल विकास केन्द्र २५ वटा र स्थानीय तहबाट संचालनमा रहेको १३ वटा वालविकास केन्द्र गरी जम्मा ४० वटा वाल विकास केन्द्र रहेको छ ।

EMIS २०८२ अनुसार सामुदायिक विद्यालय अन्तर्गत वालविकासमा १७३ छात्रा र १७१ छात्र गरी जम्मा ३४४ जना, कक्षा १-१२ मा १६४४ छात्रा र छात्र १५६७ गरी जम्मा ३२११ जना विद्यार्थीहरु रहेकाछन् । यसको विस्तृत रुपमा तलको तालिका तथा ग्राफहरुमा देखाएको छ ।

| कक्षा | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | अन्य | जम्मा | छात्र | छात्रा | अन्य | जम्मा | |
| ECD | 171 | 173 | | 344 | 17 | 20 | 0 | 37 | 381 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | 0 | | | | | | |
| 1 | 138 | 135 | 0 | 273 | 13 | 10 | 0 | 23 | 296 |
| 2 | 122 | 101 | 0 | 223 | 8 | 2 | 0 | 10 | 233 |
| 3 | 124 | 102 | 0 | 226 | 3 | 4 | 0 | 7 | 233 |
| 4 | 122 | 128 | 0 | 250 | 4 | 3 | 0 | 7 | 257 |
| 5 | 122 | 153 | 0 | 275 | 12 | 7 | 0 | 19 | 294 |
| 6 | 142 | 118 | 0 | 260 | 1 | 2 | 0 | 3 | 263 |
| 7 | 115 | 135 | 0 | 250 | 5 | 3 | 0 | 8 | 258 |
| 8 | 116 | 148 | 0 | 264 | | | 0 | | 264 |
| 9 | 118 | 145 | 0 | 263 | | | 0 | | 263 |
| 10 | 118 | 133 | 0 | 251 | | | 0 | | 251 |
| 11 | 42 | 47 | 0 | 89 | | | 0 | | 89 |
| 12 | 54 | 75 | 0 | 129 | | | 0 | | 129 |
| कुल जम्मा | 1504 | 1593 | 0 | 2753 | 63 | 51 | 0 | 114 | 3211 |

**तालिका विद्यार्थीको कक्षागतरुपमा संख्या हेर्दा । IEMIS Report-2082 बमोजि**

**तालिका विद्यार्थीको तहगत रुपमा संख्या हेर्दा । IEMIS Report-2081 बमोजिम**

| कक्षा | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | |
|---|---|---|---|

| | छात्रा | छात्र | अन्य | **जम्मा** | छात्रा | छात्र | अन्य | **जम्मा** | **कुल जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|
| ECED | 173 | 171 | 0 | 344 | 20 | 17 | 0 | 37 | 381 |
| Grade 1-5 | 588 | 659 | 0 | **1247** | 26 | 40 | 0 | **66** | **1313** |
| Grade 6-8 | 401 | 373 | 0 | 774 | 5 | 6 | 0 | 11 | 785 |
| Grade 9-10 | 278 | 236 | 0 | 514 | 0 | 0 | 0 | 0 | 514 |
| grade 11-12 | 122 | 96 | 0 | 218 | 0 | 0 | 0 | 0 | 218 |
| कुल जम्मा | 1562 | 1535 | 0 | 3097 | 51 | 63 | 0 | 114 | 3211 |

**गाउँपालिकाको शिक्षकको विवरण**

यस गाउँपालिकामा सामुदायिक विधालय तर्फ कुल २३७ जना शिक्षक कक्षा १-१२ मा कार्यरत हुनुहुन्छ । जसमा स्थायी-१०१, राहत ३८, करार ५५, र अनुदान ३८ जना शिक्षक कार्यरत रहेका छन् । त्यसैगरी लेखापाल/कार्यालय सहायकमा ६ जना, र कार्यालय सहयोगी ३९ जना निजि ५ जना गरि २८२ शिक्षाकको जनशक्ति संलग्न रहेको छ ।

## शैक्षिक उपलब्धि स्तर

यस गाउँपालिकाको स्थापना सँगै शिक्षामा जोड दिँदै आएको छ । हरेक बर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरिदै आएको छ । विद्यालय शिक्षालाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतिको विषय रहेको छ ।CEHRD Flash Report २०८२ को आधारमाकेहि शैक्षिक तथ्यांकहरुलाई तलको तालिकामा विश्लेषण गरिएको छ ।

| | **Gross Enrollment Rate कुल प्रवेशदर** | | | **Net Enrollment Rate खुद प्रवेशदर** | | |
|---|---|---|---|---|---|---|
| **Grade** | **Girls** | **Boys** | **Total** | **Girls** | **Boys** | **Total** |
| ECD अनुभव सहितको कक्षा १मा भर्ना In Presentage | 97.0 | 92.9 | 94.7 | | | |
| ECD/PPC | 60.0 | 63.2 | 61.7 | 47.9 | 61.4 | 55.1 |
| Grade 1 | 106.5 | 121.2 | 114.2 | 93.5 | 97.1 | 95.4 |
| **GER (1-5)** | 103.7 | 110.4 | 107.1 | 95.3 | 97.4 | 96.4 |
| **(6-8)** | 114.2 | 100.7 | 107.4 | 93.7 | 97.3 | 95.5 |
| **(1-8)** | 107.6 | 106.8 | 107.2 | 94.7 | 97.4 | 96.0 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (9-10) | 91.0 | 87.3 | 89.1 | 78.8 | 72.8 | 75.7 |
| (11-12) | 70.6 | 62.7 | 66.8 | 55.8 | 34.6 | 45.6 |
| (9-12) | 80.6 | 75.4 | 78.0 | 67.1 | 54.2 | 60.7 |
| Survival Rate upto Grade 8कक्षा ८ सम्मको टिकाउदर | 85.4<br>97.0 | 86.6<br>92.9 | 86.0<br>94.7 | | | |

| | | दोर्हाउने दर | छोड्ने दर | उतिर्ण दर |
|---|---|---|---|---|
| कक्षा १-५ | छात्रा | 6.9 | 3.3 | 87.2 |
| | छात्र | 6.2 | 2.9 | 88.3 |
| | जम्मा | 6.5 | 3.1 | 87.8 |
| कक्षा ६- ८ | छात्रा | 4.9 | 2.0 | 90.3 |
| | छात्र | 6.4 | 2.9 | 88.0 |
| | जम्मा | 5.6 | 2.4 | 89.2 |
| कक्षा ९- १० | छात्रा | 2.5 | 4.6 | 91.0 |
| | छात्र | 4.3 | 6.1 | 87.1 |
| | जम्मा | 3.4 | 5.3 | 89.1 |
| कक्षा ११- १२ | छात्रा | 0.0 | 5.4 | 90.3 |
| | छात्र | 0.0 | 6.2 | 89.0 |
| | जम्मा | 0.0 | 5.8 | 89.7 |

यसरी तथ्यांकलाई विश्लेषण गर्दा प्रारम्भिक वाल विकास केन्द्रमा अझै पनि ३८.३प्रतिशत बालबालिकाहरु विद्यालय बाहिर नै भएको देखिन्छ भने । त्यसैगरी आधारभूत तहमा ३.६प्रतिशत बालबालिकाहरु विद्यालय बाहिर रहेकाछन् । कक्षा ८ सम्मको टिकाउदर हेर्दा पनि १४% बालबालिकाहरु प्रणालीमा टिकाउ हुन नसेको देखिन्छ । त्यसैगरी दोर्हाउनेदर छोड्नेदर पनि उच्च देखिन्छ । साथै समयमा भर्ना नहुने कुराको तथ्य पनि कुल भर्नादरले देखाउको छ । यसरी हेर्दा प्रणालीगत सक्षमतामा पनि सुधारको क्षेत्रहरु देखिएका छन् ।

**गाउँपालिकाको साक्षरताको अवस्था**

यस सालपासिलिछो गाउँपालिकाको जनगणना २०७८ अनुसारसाक्षरताको अवस्थालाई विश्लेषण गर्दा समग्र स्थानीय तहको साक्षरता प्रतिशत ७९.३५ रहेको छ भने अझै पनि २०.६५ प्रतिशत जनसंख्या निरक्षर रहेको छ । तर हाल यसमा ब्यापक

सुधार आएको गाउँपालिकाको ठहर छ । यसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| विशेषताहरु | साल्ससपासिलिछो गाउँपालिका | | |
|---|---|---|---|
| **साक्षरताको अवस्था ५ बर्ष माथिको आधारमा** | | | |
| **आधार** | **पुरुष** | **महिला** | **जम्मा** |
| जम्मा पाँचवर्ष माथि | ५४७७ | ५८३८ | ११३१५ |
| पढ्न लेख्न सक्ने साक्षर | ४६६९ | ४३१० | ८९७९ |
| **साक्षरता प्रतिशत** | **८५.२३** | **७३.५६** | **७९.३५** |
| | | | |
| पढ्न लेख्न नसक्ने | १२७६ | २२८५ | ३५६१ |
| उल्लेख नभएको | | | |

स्रोत : राष्ट्रिय तथ्याङ कार्यालय, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन https://censusnepal.cbs.gov.np/results/np/downloads/

## १.२मुख्य समस्या तथा चुनौतीको विश्लेषण

साल्पासिलिछो गाउँपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्याहरूमा प्रारम्भिक बालविकासकेन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्न नसक्नु, नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्न नसक्नु, बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्न नसक्नु, सामुदायिक विद्यालयमा अभिभावकहरूको चासो र सकारात्मक सहभागितामा कमि हुनु, पर्याप्त भौतिक पूर्वाधार र उपयुक्त शैक्षिक वातावरणको निर्माण गर्न नसक्नु, आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्न कठीनाइ हुनु , व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्न कठीन हुनु, व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना र कार्यक्रम विकास तथा आवश्यकताका आधारमा विस्तार गर्न नसक्नु,सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्न नसक्नु, विद्यालयहरूमा देखिएको विद्यालय छाड्ने र कक्षा

दोहोर्याउने दरलाई न्युन गर्न नसक्नु, कक्षा १ देखी ५ सम्ममा कक्षागत शिक्षक दरबन्दी र कक्षा ६ देखी १२ मा विषयगत शिक्षक दरबन्दीको अभाव पूर्ति गर्न नसक्नु, अन्य विषयको तुलनामा गणित, विज्ञान तथा अंग्रेजी विषयमा विद्यार्थीको अपेक्षित सिकाइ उपलब्धिमा वृद्धि हुन नसक्नु,सामुदायिक विद्यालयमा विद्यार्थी संख्या कम हुँदै जानु ,विद्यार्थी तथा शिक्षक प्रोत्साहनका कार्यक्रम अपेक्षित रूपमा हुन नसक्नु,शिक्षकको पेशागत विकास कार्यक्रम व्यवस्थित नहुनु,पुस्तकालय, वाचनालय, प्रयोगशाला, खेलमैदान जस्ता सुविधाहरू व्यवस्थित नहुनु, अतिरिक्त तथा सहक्रियकलाप सञ्चालन व्यवस्थित नहुनु, आर्थिक रूपमा विद्यालय व्यवस्थापन तथा सञ्चालनमा समस्या,दिवा खाजा रकममा समयानुकुल वृद्धि गर्न नसक्नु,विद्यार्थि परामर्श कार्यक्रम आवश्यक भए पनि सोसम्बन्धी योजनाबद्ध कार्यक्रम नहुनु,विद्यालय अनुगमन, सुपरिवेक्षण तथा शिक्षक पेसागत सहयोग व्यवस्थित नहुनु,,शिक्षामा स्थानीय तहबाट पर्याप्त बजेट विनियोजन नहुनु,विद्यार्थी प्रतिभा पहिचान तथा शिक्षक दरबन्दी मिलान पुर्ण रूपमा हुन नसक्नु, आधारभूत तह (कक्षा १-५) मा सिकाइ मनोविज्ञानअनुसार बालकेन्द्रित कक्षाहरू सञ्चालन, व्यवस्थापन र योजनाबद्ध शिक्षण सिकाइमा ध्यान पुर्याउन नसक्नु जस्ता थुप्रै समस्याहरू रहेका छन् ।

त्यसै गरीविद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पुर्वाधारको विकास गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिबृद्दि गर्नु , विद्यार्थी अनुपातमा शिक्षक दरबन्दि मिलान तथा पुनर्वितरण गर्नु, पालिका भित्र रहेका सम्पुर्ण विद्यालयमा भौतिक पुर्वाधार सहितको आकर्षक वातावरण विकास गर्नु, शिक्षण सिकाई पद्दतिलाई व्यबहारिक, बालमैत्री, समावेसी एवं प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै वालबालिकालाई विद्यालय भर्ना गराउनु,कक्षा छाड्ने र कक्षा दोहोर्याउने दर शुन्यमा झारी अपेक्षित सिकाई उपलब्धी हासिल गर्नु, शिक्षा क्षेत्रमा सुसाशन र उत्तरदायित्व अभिबृद्दि गर्दै शिक्षकको पेशागत क्षमता अभिबृद्दिका लागि तालिम गोष्ठिको व्यवस्था गर्नु, सम्पुर्ण सामुदायिक विद्यालयहरूमा नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नु,स्थानीय विषयका पाठ्य पुस्तकको निर्माण तथा वितरण, सुचना सञ्चार प्रविधीले ल्याएका विविध अवसरको सदुपयोग गर्नु जस्ता यस क्षेत्रका प्रमुख चुनौतिहरूरहेका छन् । यसका अलावा प्रारम्भिक वाल विकास केन्द्रको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार संचालन गर्ने, आवश्यकतानुसार भौगोलिक नक्साङ्कनको आधारमा विद्यालयको स्थापना,समायोजन, तथा पुनर्वितरण, विद्यालयलाई बालमैत्री अपाङ्गमैत्री, लैङ्गिक मैत्री सिकाई वातावरण निर्माण, विजुली ईन्टरनेट तथा सुचना र प्रविधीको पहुच सम्पुर्ण विद्यालयमा पुर्याउने, भौतिक पुर्वाधार

निर्माण मर्मत र शैक्षिक बातावरणको निर्माण, अनिवार्य निशुल्क तथा गुणस्तरिय सिकाईलाई सुनिश्चित गर्ने, व्यबहारकुशल सिपलाई बालविकास देखि माध्यामिक तह सम्म एकिकृत गर्ने र सिकाईलाई जीबनोपयोगी बनाउन, प्राविधिक तथा व्यबसायिक शिक्षाका लागि उपयुक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्ने, सुचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुच विस्तार गरी सिकाईमा प्रभावकारी ढंगले प्रयोग गर्ने, बाल विकास सहयोगी कार्यकर्ता तथा शिक्षकहरूलाई तालिम गोष्ठी सेमिनार को ब्यबस्था गर्ने, अनौपचारिक तथा निरन्तर सिकाईलाई प्रभाबकारी बनाउन सामुदायिक अध्ययन केन्द्र सार्वजनिक पुस्तकालय तथा बाचनालयको स्थापना तथा संचालन, अध्ययनका लागि डिजिटल सामाग्रिको विकास तथा वितरण, कक्षा १ देखी ५ सम्ममा कक्षागत शिक्षक दरबन्दी र कक्षा ६ देखी १२ मा विषयगत शिक्षक दरबन्दीको पूर्ति तथा मिलान गर्ने, अन्य विषयको तुलनामा गणित, विज्ञान तथा अंग्रेजी विषयमा विद्यार्थीको अपेक्षित सिकाइ उपलब्धिमा वृद्धि गर्ने, सामुदायिक विद्यालयमा विद्यार्थी संख्या वृद्धि गर्ने र अभिभावकको सकारात्मक सहभागिता बढाउने, विद्यालय व्यवस्थापन तथा सञ्चालनका लागि आर्थिक स्रोत जुटाउने जस्ता चुनौतीहरू रहेका छन् ।

**१.३ शिक्षा क्षेत्रका मुख्य चुनौतीको SWOTविश्लेषण**

विद्यालय शिक्षाको सर्वसुलभता, समतामूलक पहुँच, गुणस्तर सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण बढाउनु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, उद्यमशील, समालोचनात्मक र अन्वेषणकारी नागरिक तयार गर्नु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा विकासको लागि भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलब्धता र समन्यायिक पहुँच सुनिश्चित गर्न आवश्यक पर्ने स्रोत-साधनको उपलब्धता र व्यवस्थापन गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, क्षमतावान युवालाई स्थानीय तहमै सेवा गर्ने अवसरको सिर्जना गर्नु, जनसाङ्ख्यिक बनोट, आन्तरिक र बाह्य बसाइँ-सराइको

प्रवृत्ति समेतको अध्ययन गरी शैक्षिक संस्थाहरूको नक्साङ्कन गर्नु र सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु विद्यालय शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

- सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण बढाउने र सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु, प्रारम्भिक बाल विकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु, सबै बालबालिकाहरुलाई गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलाप मार्फत उच्च सिकाइ उपलब्धी सुनिश्चित गर्नु,अभिभावकहरुमा सामुदायिक विद्यालयप्रतिको विश्वास तथा चासो बृद्धि गर्नु
- प्रविधिमैत्री शिक्षण सिकाइ मार्फत गुणस्तर सुधारका लागि पूर्वधार व्यवस्थापन तथा जनशक्तिको सक्षमता अभिबृद्धि गर्नु, स्थानीय मातृभाषामा पठनपाठन गराउँदा फरक भाषी विद्यार्थीहरुलाई अन्य कक्षा व्यवस्थापन गर्नु, अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक आर्थिक स्रोतको समुचित प्रवन्ध गर्नु, दक्ष, योग्य, तालिमप्राप्त तथा सक्षम शिक्षकहरुको प्राप्ति, प्रयोग, उत्प्रेरणा एवम् विद्यालयमा टिकाइराख्नु तथा गणित, अंग्रजी र विज्ञान जस्ता विषय शिक्षकहरु पदपूर्ति समयमै गर्नु, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभाक संघ र अभिभावकहरुको भुमीकामा प्रभावकारिता अभिबृद्धि गर्नु, विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्नु, सबै विद्यालयको भौतिक र शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु, शिक्षक र शिक्षा क्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्नु, विद्यालय नेतृत्वको भूमिका सबलीकरण तथा शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु, शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र कार्यकुशलता वृद्धि गर्नु, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु, विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउनु, बालबालिकाको पोषणको अवस्था र स्वास्थ्यमा सुधार गर्न

दिवा खाजा, सरसफाइ, स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा विद्यालयमार्फत प्रदान गर्नु,विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउनु

## १.४ शिक्षा क्षेत्रका अवसरहरु

यस गाउँपालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी विविध कार्यक्रम लागु गरिएको, शिक्षा तीनवटै स्थानीय सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिबृद्दि गर्न सकिने अवस्था देखिनु, विद्यालय शिक्षामा सुधारका लागि गाउँपालिकामा विभिन्न कार्यक्रम लागु हुनु, नयाँ पुस्ताका माथिल्लो योग्यताप्राप्त शिक्षकको सेवाप्रवेश हुनु आदि जस्ता यस क्षेत्रका प्रमुख अवसरका रूपमा देखिन्छन् ।

माथि उल्लेख गरिएका चुनौतीहरू समाधान गरि विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरूले विकास गरेका संरचना र क्षमता विकास पूर्वाधारका रुपमा रहन सक्ने, दीगो विकासको लक्ष्य प्रप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको, सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकारात्मक जनमत रहेको, शैक्षिक अभियन्ताहरूको शैक्षिक सुधारमा चासो रहेको, विभिन्न सरकारी तथा गैरसरकारी संघसस्थाहरूको सहयोग रहेको, प्रविधि लगायत अन्य पूर्वाधार क्रमशःबढदै गएको, आपुरण तथा सिकाइ बृदिका लागि योजना बनेको, यूवाहरूमा शिक्षा प्रतिको चासो बढ्नु जस्ता अवसरहरू रहेकाछन्

# परिच्छेद २ :दूर दृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

नेपालको संविधान, २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ। अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ। शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गरी अगाडि बढ्नु आजको टड्कारो आवश्यकता छ। नेपालको संविधानको मौलिक हक अन्तरगत शिक्षाको हक, बालबालिकाको हक लगायत राज्यका

निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा उल्लिखित प्राप्त अधिकारलाई समेत आधार मानी स्थानीय तहको शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाइ स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति उत्पादनका लागि Scaffolding को भूमिका निर्वाह गर्न सकोस् भन्ने आशयले सबैको राय सुझाव लिई यो १० वर्षे विद्यालय शिक्षा क्षेत्रको योजना (सन् २०२२-२०३२) तयार गरिएको छ।

वि.स.२०१० को "नेपालमा शिक्षा" नामक योजना कार्यान्वयन भए पछि शिक्षामा आम नागरिक र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षा नीति, योजना, कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयन हुँदै आएका छन्। प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, शिक्षक शिक्षा परियोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परियोजना, सहश्राब्दी विकास लक्ष्य, उच्च शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजना जस्ता योजना तथा कार्यक्रमहरू कार्यान्वयनमा आए। विश्वको बदलिदो परिवेशअनुसार नेपालले राष्ट्रिय स्तरमा बनाएका योजनाहरू र गरेका प्रतिवद्धताहरूलाई पूरा गर्नको लागि शिक्षा विकास गुरुयोजनाले महत्त्वपूर्ण मार्ग निर्देश गर्ने भएकोले यो योजनाको गरिएको छ। यो योजना तयार गर्ने क्रममा यस गाउँपालिकाको गाँउ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभवक संघका पदाधिकारीहरू, शिक्षक कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, बाल क्लव लगायत सबैसँग औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रिया गरि महत्त्वपूर्ण राय सुझाव लिइ योजना तर्जुमा गरिएको छ। स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय तहबाट नै विकेन्द्रीकरणको मर्म अनुरुप Bottom up Planning Approach का आधारमा विद्यालय सुधार योजना लगायत अन्य प्रक्रियाका माध्यमबाट शिक्षा विकासको गुरु योजना निर्माण गर्न वाञ्छनीय भएकोले यो योजना तयार पारिएको हो।

शैक्षिक विकेन्द्रीकरणलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न आगामी दिनमा शिक्षामा समेटिनु पर्ने विषयवस्तुलाई फरक ढंगले सम्बोधन गरी संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा अगाडि बढे मात्रै स्थानीय स्रोत र साधनको उच्चतम् प्रयोग हुने साथै समस्या पहिचान र प्राथमिकीकरणमा गुणात्मकता आउने ठहरसहित १० वर्षे शिक्षा क्षेत्रको योजना (सन् २०२६-२०३६) निर्माण गर्नु सान्दर्भिक देखिन्छ।

यस विद्यालय शिक्षा क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि.सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने गरि यस परिच्छेदमा योजनाको दूरदृष्टि, लक्ष्य, उद्देश्यहरू, रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ।

## २.२ दूर दृष्टि (दिर्घकालीन सोच)

सुसंस्कृत तथा समुन्नत समाज रुपान्तरणको सुनिश्चतता, जीवनोपयोगी प्रविधियुक्त र गुणस्तरीय शिक्षामा हाम्रो प्रतिबद्धता ।

## २.३ लक्ष्य

विद्यालय जाने उमेर समुहका सबै बालबालिकाहरुको शिक्षाको पहुँच सुधार गर्दै समावेशी गुणस्तरीय शिक्षाको विकास गरी दक्ष तथा सक्षम, नैतिकवान, प्रतिस्पर्धी,सिपयुक्त जनशक्ती को सुनिश्चित गर्ने ।

## २.४ उद्देश्य

- प्राविधिक व्यवसायिक तथा प्रविधियुक्त शिक्षाको आधार तयार गर्नु ।
- आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि गर्नु ।
- विद्यालय शिक्षाको सिकाइ उपलब्धीमा सुधार गर्नु ।
- प्रारम्भिक कक्षामा सिकाई उपलब्धि बढाउन स्थानीय तहको आर्थिक, भौतिक तथा मानविय लगानीमा वृद्धी गर्नु ।
- विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।
- सिकाइ क्रियाकलाप सञ्चालनको लागि न्युनतम सिकाइ वातावरणको स्थापनामा अभिवृद्दि गर्नु ।
- शिक्षकको पेसागत सहायता र पेसागत विकास गर्नु ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अभिभावकको सहभागिता वृद्धि गर्नु ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूलाई विस्तार गर्नु ।
- अभिभावक लाई विद्यालय शिक्षा प्रति अपनत्व बढाउनु ।
- शैक्षिक गुणस्तर अभिवद्धि गर्न उत्कृष्ट विद्यालय तथा शिक्षक पहिचान गर्नु ।

## २.५रणनीति

- सिकाइ सुधारको लागि प्रविधिमैत्री तथा बालमैत्रि शिक्षणसिकाइ क्रियाकलाप क्रमश लागु गर्ने ।
- स्थानीय तहले प्रत्येक वर्ष एक विद्यालय कम्तिमा एक शिक्षकलाई प्रविधिसम्बन्धि तालिम सञ्चालन गर्ने ।
- सामाजिक सन्जाललाई शिक्षणसिकाइ कार्यमा आवद्द गर्दै लग्ने ।
- विज्ञान र प्राविधिक तथा ब्यावसायिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि प्रोत्साहन स्वरुप छात्रवृत्ति प्रदान गर्ने ।
- सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयहरुको थप व्यवस्थापन गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
- विद्यालयहरूमा थप प्राविधिक धारका विषयको पठनपाठन सञ्चालन गर्नका लागि पहलगर्ने ।
- स्थानीय पाठ्यक्रमको शिक्षणलाई समय सान्दर्भिक स्थानीय परिवेशसँग मेल खानेगरी प्राविधिकमैत्री बनाइदै लग्ने ।
- संकटको बेलामा पनि शिक्षण सिकाइ सञ्चालन गर्न पालिकास्तरमा विपत योजना, विपत्त कोष स्थापना तथा संचालनका लागि कायविधि विकास गरी सो अनुसार सञ्चालन गर्ने ।
- विपदमा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालिन आवश्यकता र परिस्थीति अनुसार वडा वा पालिका मार्फत ReAL plan अनुसार बैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याउने ।
- विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि सबै कक्षाहरूमा स्थानिय सामाग्रीबाट शिक्षक विद्यार्थी तथा अभिभाकको सहभागीतामा'**म बनाउछु मेरो शैक्षणिक सामाग्री**'कार्यक्रम लागु गर्ने ।
- बालबालिकाहरूको सिकाइ सुधारको लागि आमा समुह प्रोत्साहन कार्यक्रम कार्यविधि तयार गरी लागु गर्ने ।
- कक्षाकोठामा सहपाठी सिकाईलाई जोड दिइ '**म सिकाउछु मेरो एक साथी अभियान**' गर्ने ।
- गणित बिज्ञान र अंग्रेजी (MSE) विषयकोसिकाइ उपलब्धि सुधार कार्यक्रम लागु गर्ने ।
- एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा लागु गरी त्यसलाई निरन्तरता दिने।
- पहुँचको सुनिश्चितताको लागि "**एउटा बच्चाको भर्ना : मेरो सामाजिक दायित्व**" कार्यक्रम लागु गर्ने ।
- प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई कार्यान्वयनमा ल्याउने ।

- स्थानीय तहका सबै विद्यालयको PMECs (कक्षाकोठा, न्युनत्तम शिक्षक, निशुल्क एक सेट पाठ्यपुस्तक तथा पाठ्यक्रम, पानी सहितको छात्रा शौचालय र न्यूनतम शैक्षिक सामग्री सहितको बुक कर्नर लाई सुनिश्चित (गर्ने ।
- आवश्यकता अनुसार दरबन्दि मिलान गर्दै शिक्षा ऐन तथा नियमावलीमा तोकिए अनुसार प्रअ ब्यवस्थापन गर्दै लग्ने ।
- सिकाइ सुधारको लागि प्रविधिमैत्री तथा बालमैत्रि शिक्षणसिकाइ क्रियाकलाप क्रमशः लागु गर्ने ।
- विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शिक्षक, विद्यार्थी तथा अभिभावकबाट निर्मित No cost and low cost शैक्षिक सामग्री निर्माण कार्यक्रम लागु गर्ने ।
- बालबालिकाहरूको चौतर्फि विकासको लागि सह क्रियाकलापलाई सिकाइको अभिन्न अङ्ग बनाउने ।
- शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरमा स्थानीय विज्ञ समूहको परिचालन, क्लस्टर तथा विद्यालयस्तरमा विषयगत शिक्षक समूहको निर्माण तथा परिचालन सहित मासिक घुम्ति शिक्षण कार्यक्रम लागु गर्ने ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तर निश्चित कार्यविधि बनाइ लागु गर्ने ।
- सिकाइको लागि निरन्तर मूल्यांकनलाई अनिवार्य गरी कक्षा ५ र ८ मा पालिका स्तरीय परीक्षा सञ्चालन गर्ने ।
- विद्यालयको शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनको लागि सिकाइ वातावरणको सुनिश्चत गर्न आवश्यकता तथा प्रस्ताबनामा आधारित पालिका प्रमुख शैक्षिक सुधार कार्यक्रम लागु गर्ने ।
- सिमान्तकृत वर्गका तथा कार्यगत सिमितता भएका बालबालिकाहरूको पहिचान गरी विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता शैक्षिक सहयोग कार्यक्रम लागु गर्ने ।
- विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, आदि जस्ता कार्यक्रमलाई अझ प्रभावकारी बनाउने ।
- बालबालिकाहरूको सिकाइ सुधारको लागि शिक्षक र अभिभावकहरूको नियमित अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।
- शिक्षकहरूको पेशागत विकासका लागि मागमा आधारित तालिमहरू सञ्चालन गर्ने र निरन्तर तालिम तथा प्रशिक्षण दिने ।
- विद्यालयको नेतृत्व क्षमता विकास गर्न प्रधानाध्यापक, विव्यस, शिअस र लेखा कर्मचारीहरूको लागि तालिम सञ्चालन गर्ने ।

- प्रारम्भिक बाल विकास केन्द्रका लागि छुट्टै भवन, बालमैत्री कक्षाकोठा व्यवस्थापन, विभिन्न खेल सामग्रीसहितको बालउद्यान आदिको क्रमश विकास गर्ने ।
- प्रारम्भिक बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताका लागि पेसागत तथा पुनर्ताजगी तालिमको व्यवस्था गर्ने ।
- सम्पूर्ण विद्यालयहरूमा कक्षागत र विषयगत शिक्षक दरबन्दी सुनिश्चितता गर्ने ।
- बन्द वा समायोजनमा परेका विद्यालयमा अध्ययनरत बालबालिकाको सुविधाका लागि आवाशीय प्रवन्ध र यातायातको प्रवन्ध गर्ने । विद्यार्थी सङ्ख्या धेरै भएका विद्यालयहरूलाइ क्रमश आवश्यकताका आधारमा विद्यालय बस उपलब्ध गराउने ।
- भौतिक सुधार गर्न सबै सामुदायिक विद्यालयलाई आवश्यकताका आधारमा प्राथमिकता दिने ।
- पुस्तकालय, विज्ञान प्रयोगशाला, सुचना तथा सञ्चार प्रयोगशाला, वाचनालय आदीको क्रमशः विकास गरिदै लग्ने ।
- मनोवैज्ञानिक वातावरण तयार गर्ने, कक्षाकोठालाई सिकारुमैत्री बनाउने ।
- पिउनेपानी, शौचालय, चमेनागृह, खेलमैदान, घेराबार जस्ता सिकाइका लागिआधारभूत पक्षको व्यवस्थापनमा ध्यान दिने,
- सिकारुका लागि उपयुक्त फर्निचरको व्यवस्थापन र उपयोग गर्ने,
- सूचना प्रविधिलाई सिकाइसँग जोड्न सक्ने गरी भौतिक व्यवस्थापन गर्ने,
- शिक्षक संख्या कम भएका विद्यालय, लामो विदामा बसेका शिक्षकको सट्टामा तथा प्रस्तावित माध्यमिक विद्यालयहरूमा स्यमसेवक शिक्षक वा करार शिक्षकको व्यवस्था गरी विद्यालयलाई आवश्यक शिक्षकको व्यवस्था क्रमश गर्दै लग्ने ।
- नतिजा र नवप्रवर्तनका आधारमा शिक्षक, विद्यार्थी र विद्यालयलाई प्रोत्साहित गर्न पुरस्कारको व्यवस्था गर्ने।
- निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रको थप सुद्दढीकरण तथा एक वडा एक सिकाइ केन्द्रलाई विस्तार गरी निरन्तर सिकाइ तथा जीवनउपयोगी सिपका कार्यक्रम सञ्चालनको पुर्ण जिम्मेवारी प्रदान गर्दै लग्ने ।

## २.६कार्यनीति

- सबै विद्यालयमा प्रविधिमैत्रि शिक्षणको लागि चाहिने न्युनत्तम सामग्रीको सहयोग गर्दै प्रविधिमैत्री शिक्षण लागु गरीने छ ।
- सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयहरुको विद्यमान अवस्थाको मूल्याङ्कन गरी शैक्षिक गुणस्तर सुधार गरीने छ।
- विद्यालयमा अध्यापनरत जनशक्तिलाई अनिवार्य प्रविधिमैत्री बन्न र बनाउनका लागि कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

- जनसंख्या, माग र आवश्यकताको आधारमा उपयुक्त स्थानको पहिचान गरी थप प्राविधिक विद्यालय स्थापना गर्न पहल गरीने छ।
- समय सान्दर्भिक र व्यहारिक हुने गरी स्थानीय परिवेशसँग मेलखाने प्राविधिक विषयबस्तु स्थानीय पाठ्यक्रममा समावेश गरी स्थानीय कला संस्कृतिको संरक्षण एवम् जगेर्ना गरीने छ।
- संकटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न पालिका स्तरमा वैकल्पिक सिकाइ सहजीकरणको कार्यक्रमका लागि भर्चुअल सिकाइ सहजीकरणको ब्यवस्था मिलाइने छ ।
- अभिभावक तथा समुदाय सचेतिकरणको लागि विद्यालय परिवार तथा माध्यमिक तहका विद्यार्थीहरुलाई परिचालन गरीने छ ।
- सुरक्षित भौतिक पुर्वाधार (भवन, खेलमैदान, घेराबार, स्वच्छ पिउने पानी, शौचालय, फर्निचर आदी) विकास गरिनेछ ।
- सरकारी स्रोत तथा विद्यालयको आन्तरिक स्रोतबाट पर्खाल वा तार घेराबार निर्माण गरी विद्यालयलाई सिकाइका लागि शान्तिपूर्ण क्षेत्र बनाइने छ,
- सुरक्षित, बालमैत्री तथा मनोवैज्ञानिक रूपमा उपयुक्त सिकाई वातावरणयुक्त विद्यालयको विकास गरीने छ,
- मनोपरामर्श तथा नियमित स्वस्थ्य परीक्षणका लागि घुम्ती सेवा सञ्चालनग गरीने छ ।
- स्वच्छ र बालस्वास्थ्यमैत्री धारा तथा पिउने पानीको विद्यालय क्षेत्रभित्र नै प्रबन्ध गरिने छ,
- विद्यार्थी सङ्ख्याको आधारमा शौचालय तथा छात्रा मैत्री शौचालयले सुविधायुक्त बनाइनेछ,
- प्रत्येक विद्यालयलाई विद्यार्थीका मागका आधारमा कम्प्युटर ल्याव र विद्यालय शिक्षकलाई समय सापेक्ष सूचना प्रविधिको ज्ञान, सिप र अभिवृत्तिका लागि सेवाकालीन तालिमको व्यवस्थापन गरिने छ,
- पढाइ, लेखाइका सहज र प्रचुर अभ्यासकालागि उमेर अनुसारका बालमैत्री फर्निचरको प्रबन्ध गरीने छ,
- स्थानीय स्रोतमा आधारित कम मुल्य तथा विना मुल्यका शैक्षणिक सामग्रीको प्रयोगका लागि प्रोत्साहीत गरीने छ,
- सबै सामुदायिक विद्यालय भौतिक पूर्वाधारमा सुविधायुक्त भएको नीति कार्यान्वयन गरीने छ ।
- शिक्षक दरबन्दी मिलान र व्यवस्थापन प्राथमिकतामा राखिने छ ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि पालिका तहमा निश्चित कार्यविधि बनाई लागु गरिनेछ ।

- विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शैक्षिक सामग्री सहितको शिक्षण, शिक्षकको पेशागत विकास र सहयोगमा प्राथमिकता दिदै सिकाइको लागि मुल्यांकनका साथै पालिका स्तरीय स्तरीकृत परीक्षा तथा परीक्षण लागु गरिनेछ ।
- नतिजा र नवप्रवर्तनका आधारमा शिक्षक, विद्यार्थी र विद्यालयलाई प्रोत्साहित गर्न पुरस्कारको व्यवस्था गरिनेछ।
- आधारभुत तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरी लागु गरिनेछ ।
- विद्यालयको शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालनको लागि न्युनतम सिकाइ वातावरणको सुनिश्चत गर्न विद्यालय स्तरीय प्रस्तावनामा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ ।
- अभिभावक तथा समुदाय सचेतिकरणको लागि विद्यालय परिवार तथा माध्यमिक तहका विद्यार्थीहरूलाई परिचालन गरिनेछ ।
- विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिँदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूलाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सृजना गरिनेछ ।
- वि.व्य.स. रशि.अ. संघको सक्रियतामा हरेक विद्यालयस्तरीय अभिभावक शिक्षा सञ्चालन कार्यक्रमलाई नियमित र व्यवस्थित गरिनेछ।
- विद्यालय तहका सबै बालबालिकाहरूको पुहँचमा सुधारको लागि भर्ना अभियान लाई शैक्षिक सत्रको शुरुमा सम्बन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा एक समिति तयार गरी भर्ना अभियानलाई घरदैलो अभियान सहित विद्यार्थी विवरण सहितको सशक्त र प्रभावकारी बनाइनुका साथै अभियान कार्यक्रम विद्यालय वडा तथा पालिकास्तरीय सञ्चालन गरिनेछ ।
- विद्यालय जान नसक्ने बालबालिकाहरूको भर्ना अभियानबाट पहिचान गरी जोखिममा परेका बालबालिकाको शैक्षिक सहयोगका लागि बालबालिकासँग पालिका प्रमुख कार्यक्रम लागु गर्ने र बालबालिकाको अभिभावकत्व ग्रहण कार्यक्रम लागु गरिनेछ ।
- हरेक वडा सहित पालिकामा विद्यालय बाहिर बालबालिका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गताभएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा

सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाएको हुनेछ ।

- निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रको थप सुदृढीकरण गरी निरन्तर सिकाइ कार्यक्रम सामुदायिक सिकाइ केन्द्रबाट गरिनेछ ।
- विद्यालय प्र अ को छनोट र नियुक्ति प्रक्रियालाई पारदर्शी, विस्वासनीय गर्न निश्चित कार्यविधि तयार गरी नेतृत्व परीक्षणलागु गरिनेछ साथै प्रधानाध्यापकहरूका लागि समयसापेक्ष रुपमा भत्ताको व्यवस्था गरिनेछ ।
- विद्यालयको सुशासन, जवाफदेहिता तथा ब्यवस्थापनमा प्रभावकारीता ल्याउन विभिन्न रणनीतिहरू कार्यान्वयनमा ल्याइनेछ । त्यस्ता रणनीतिहरूमा विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम, विद्यालय आचारसिंहता निर्माण र कार्यान्वयन, कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्ड, बाह्य परीक्षकबाट हरेक बर्ष विद्यालयको कार्यसम्पादन मुल्यांकन, सामाजिक परीक्षण, लेखापरीक्षण र बार्षिक हुने विद्यालयको कार्यसम्पादन मुल्यांकनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाइने तथा विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरूको जानकारीको प्रतिवेदन मासिक रुपमा सुचना प्रविधि मार्फत लिने प्रबन्ध मिलाइने छ ।
- सार्वजनिक पदधारण गरेका पदाधिकारी, सरकारी वेतनधारी कर्मचारी, शिक्षकहरूका सन्ततिहरूलाई सरकारी विद्यालयमा पढाउने नीतिलाई प्रोत्साहीत गरिने छ ।
- विद्यालय नक्साङ्कनका आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।
- निजी विद्यालयका रूपमा सञ्चालित शिक्षण संस्थाको सञ्चालन, व्यवस्थापन, शैक्षिक गुणस्तर कायम तथा शुल्क व्यवस्थापन सम्बन्धी कार्यविधि र मापदण्ड निर्धारण गरी लागू गरीने छ ।
- प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई कार्यान्वयनमा ल्याइने ।
- प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि सिक्नको लागि पढ्ने धारणा सहित क्रमिक सिकाइ सहजीकरण रणनीति निरन्तरता दिइने छ ।
- बालबालिकाहरूको सिकाइ सुधारको लागि आमा समूह प्रोत्साहन कार्यक्रम कार्यविधि तयार गरी लागु गरिने छ ।
- प्र.अ.लाई एक विद्यालय एक शैक्षणिक नेतृत्वकर्ताको रूपमा जिम्मेवार र जवाफदेही बनाइने ।

- विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिँदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिने छ।
- विद्यालय तहको शिक्षणसिकाइ सुधारका लागि शिक्षण सामग्री सहितको शिक्षण, शिक्षकको पेशागत विकास, प्रविधिमैत्री शिक्षण, र पालिका स्तरीय मूल्यांकन लागू गरिने छ।
- शिक्षकको मागमा आधारित तालिम तथा नियमित पेशागत विकासका कार्यक्रम सञ्चालन गरिने छ।
- सिमान्तकृत वर्गका तथा कार्यगत सिमितता भएका बालबालिकाहरूको पहिचान गरी विद्यालय पोसाक तथा शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गरिने छ।
- सङ्घीय सरकारबाट छात्रवृत्ति, दिवा खाजा आदि जस्ता शीर्षकमा प्राप्त हुने बजेटमा थप बजेट स्रोत पहिचान तथा विनियोजन गरी ती कार्यक्रमलाई अझ प्रभावकारी बनाइने छ।
- बालबालिकाहरूको सिकाइ सुधारको लागि शिक्षक र अभिभावकहरूको अन्तरक्रिया कार्यक्रम कम्तीमा हरेक तीन तीन महिनामा सञ्चालन गरिने व्यवस्था मिलाइने छ।
- प्रारम्भिक बाल विकास केन्द्रका लागि छुट्टै भवन, बालमैत्री कक्षाकोठा व्यवस्थापन, विभिन्न खेल सामग्रीसहितको बालउद्यान आदिको क्रमश विकास गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ।
- प्रारम्भिक बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताका लागि पेसागत तथा पुनर्ताजगी तालिमको व्यवस्था गरिने छ।
- विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शैक्षिक सामग्री सहितको शिक्षण, शिक्षकको पेशागत विकास र सहयोगमा प्राथमिकता दिदै सिकाइको लागि मुल्यांकनका साथै पालिका स्तरीय स्तरीकृत परीक्षा तथा परीक्षण लागु गरिनेछ।
- सबै विद्यालयमा प्रविधिमैत्रि शिक्षणको लागि चाहिने न्यूनतम सामग्रीको सहयोग गर्दै प्रविधिमैत्री शिक्षण लागु गरिनेछ।
- गणित विज्ञान र अङ्ग्रेजी (MSE) विषयको सिकाइ उपलब्धि सुधार एक कार्यविधि तयार गरी परिचालन गरिनेछ।
- स्थानिय सामाग्रीबाट शैक्षणिक सामग्री निर्माण विषयगत रुपमा पालिका स्तरमा कार्यशाला र तालिम सञ्चालन गरिनेछ।
- सिकाइ सुधारको लागि प्रविधिमैत्री तथा बालमैत्रि शिक्षणसिकाइ क्रियाकलाप क्रमश कक्षाकोठामा गरिनेछ।

## २.७अपेक्षित उपलब्धि

सास्पासिलिछो गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्रको योजना २०८३-२०९३ कार्यान्वयन भई सकेपछि पालिकाको शिक्षा क्षेत्रमा तपशिल बमोजिमको उपलब्धि भएको देखिने प्रक्षेपण गर्न सकिन्छ ।

- प्राविधिक व्यवसायिक तथा प्रविधियुक्त शिक्षाको आधार तयार भएको हुने ।
- आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि भएको हुने ।
- विद्यालय शिक्षाको सिकाइ उपलब्धीमा सुधार भएको हुने ।
- प्रारम्भिक कक्षामा सिकाई उपलब्धि बढाउन स्थानीय तहको आर्थिक, भौतिक तथा मानविय लगानीमा वृद्धी भएको हुने ।
- विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार भएको हुने ।
- सिकाइ क्रियाकलाप सञ्चालनको लागि न्युनतम सिकाइ वातावरणको स्थापनामा अभिवृद्दि भएको हुने ।
- शिक्षकको पेसागत सहायता र पेसागत विकास भएको हुने ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अभिभावकको सहभागिता वृद्धि भएको हुने ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूलाई विस्तार भएको हुने ।

## २.८ मुख्य कार्यसम्पादन सुचकहरु तथा लक्ष्य निर्धारण

| मुख्यकार्यसम्पादन सुचक | प्रमुख कार्य सम्पादन सूचक | | लक्ष्य | | | सूचक को |
|---|---|---|---|---|---|---|
| क्रस | तह | सुचांक | आधार वर्ष | २०८१ | २०८२ | |
| १.१ | प्रारम्भिकबाल विकास र शिक्षा | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (%) | ६७.७ | ७३ | ८६ | |
| १.२ | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर (%) | ५७.१ | ६९ | ८० | वि |
| १.३ | | न्युनतम योग्यता पुरा भएका सहजकर्ताको प्रतिशत | ९० | १०० | १०० | |
| १.४ | | आधारभूत तालिम प्राप्त सहजकर्ताको प्रतिशत | ८० | ९० | १०० | |
| १.५ | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँभर्नाभएका बालबालिका (%) | ९२.७ | ९५ | १०० | इमि |
| २.१ | आधारभुततह | कक्षा १ मा नयाँ भर्ना भएका | ६१.१ | ६९ | ७७ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बालबालिकाको खुद प्रवेशदर (%) | | | | |
| २.२ | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | ५५.१ | ६४ | ७९ | |
| २.३ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | ७२.४३ | ७५.६५ | ७८.४ | |
| २.४ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (%) | ५५.१ | ६१ | ७२ | |
| २.५ | | आधारभूत तह (कक्षा १-५) को कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०० | १ | १ | |
| २.६ | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (%) | 95.5 | 97 | 99 | |
| २.७ | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | 107.4 | 109 | 111.4 | |
| २.८ | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | 86.23 | 89.2 | 92.95 | |
| २.९ | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | 96 | 98 | 100 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.१० | | आधारभूततह(कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १ | १ | १ | |
| २.११ | | आधारभूततहको कक्षा ८ सम्मको टिकाउ दर (%) | ८६ | ९१ | ९८ | |
| २.१२ | | विद्यालयवाहिर रहेका बालबालिका (%)कक्षा १-५ | २.९ | १ | ० | |
| २.१३ | | विद्यालयवाहिर रहेका बालबालिका (%)कक्षा १-८ | ७.७ | ४ | ० | |
| २.१४ | | कक्षा ३ को सिकाइ उपलब्धी दर (नेपाली) | १.७९ | २.०० | २.५० | |
| २.१५ | | कक्षा ३ को सिकाइ उपलब्धी दर (गणित) | १.७६ | १.९५ | २.४० | |
| २.१६ | | कक्षा ३ को सिकाइ उपलब्धी दर (विज्ञान तथा प्रविधि) | | | | |
| २.१७ | | कक्षा ५ को सिकाइ उपलब्धी दर (नेपाली) | १.८६ | १.९८ | २.३३ | |
| २.१८ | | कक्षा ५ को सिकाइ उपलब्धी दर (गणित) | १.८२ | १.९५ | २.२८ | |
| २.१९ | | कक्षा ५ को सिकाइ उपलब्धी दर (विज्ञान तथा प्रविधि) | १.८५ | १.९७ | २.३२ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.२० | | कक्षा ८ को सिकाइ उपलब्धी दर (नेपाली) | २.७० | २.८५ | २.९२ | |
| २.२१ | | कक्षा ८ को सिकाइ उपलब्धी दर (गणित) | २.५१ | २.६५ | २.७७ | |
| २.२२ | | कक्षा ८ को सिकाइ उपलब्धी दर (विज्ञान तथा प्रविधि) | २.४८ | २.५६ | २.६५ | |
| २.२३ | | महिला शिक्षक प्रतिशत आधारभूत तथा माध्यमिक तह (कक्षा१-१२) | ४८.०७ | ५३ | ६० | |
| ३.१ | **माध्यमिक तह** | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ७८ | ८२ | ८६ | |
| ३.२ | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | ६०.७ | ६५.७ | ७२ | |
| ३.३ | | कक्षा १-१२ को कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०१ | १ | १ | |
| ३.६ | | माध्यमिक तह (कक्षा९-१२) को महिला शिक्षककोप्रतिशत | ११.४२ | १५ | २० | |
| ३.७ | | माध्यमिक तह (कक्षा ९–१२)मा अध्ययनरत विद्यार्थीमध्येविज्ञान र प्राविधिक तथा | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या (%) | | | | |
| ३.८ | | कक्षा १० को सिकाइ उपलब्धी दर | | | | |
| ४.१ | **जीवनपर्यन्तशिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | साक्षरता दर (१५ बर्षमाथि) | ६२ | ८६ | ९० | जन |
| ४.२ | | साक्षरता दर (५ बर्षमाथि) | ७९.३५ | ८५ | ९२ | |
| ४.३ | | साक्षरता दर (१५ बाट २४बर्ष उमेर समुह) | ९३.०९ | ९५ | ९८ | |
| ५.१ | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम** | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिकरूपले सक्रिय जनशक्ति (%) | ० | | | हाल |
| ५.२ | | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९–१२ वा डिप्लोमा वाप्रि–डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति (वार्षिक सङ्ख्या) | ० | | | |
| ५.१ | **सुशासन तथा व्यवस्थापन** | आधारभूत तह (कक्षा १–५)मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिक विद्यालय) | १० | १२ | १५ | शि |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.२ | | आधारभूत तह (कक्षा ६–८)मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिकविद्यालय) | २० | २२ | २५ | |
| ५.३ | | आधारभूत तह (कक्षा १–८)मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिकविद्यालय) | १२ | १५ | १८ | |
| ५.४ | | माध्यमिक तह (कक्षा ९–१०)मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिकविद्यालय) | १८ | २० | २३ | |
| ५.५ | | माध्यमिक तह (कक्षा ११–१२)मा विद्यार्थी–शिक्षक अनुपात (सामुदायिकविद्यालय) | 38 | 35 | 30 | |
| ६.१ | **PMEC पुरा गरेका विद्यालयको प्रतिशत** | बालविकास | १५ | २० | २५ | वि |
| ६.२ | | आधारभुत | २ | ४ | ६ | |
| ६.३ | | माध्यमिक | ४ | ५ | ६ | |
| ७ | **बजेट प्रतिशत** | स्थानीय तहले विनियोजन गरेको कूल बजेटको शिक्षा क्षेत्रमाविनियोजित बजेट(%) | १७ | १९ | २० | स्थान |
| ७.१ | **प्रति विद्यार्थी लागत** | कुल शर्सत तथा स्थानीय तहको खर्च | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | रकम/जम्मा विद्यार्थी संख्या | | | | |
| 8. 1 | **छोड्नेदर** | आधारभूत तह (कक्षा१-५) | १.५७ | १ | ० | |
| | | आधारभूत तह (कक्षा६-८) | १.६२ | १ | 0 | |
| 8.2 | | माध्यमिकतह (कक्षा ९-१२) | 0.४ | 0 | 0 | |
| 9.1 | **दोर्याउनेदर** | आधारभूत तह (कक्षा १-८) | २.७ | २ | १ | |
| 9.2 | | माध्यमिकतह (कक्षा ९-१०) | २ | १ | 0 | |
| | | | | | | |
| Source: Census 2078, Flash Report 2082, CEHRD and IEMIS 2082 | | | | | | |

# परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा

### ३.१.१ वर्तमान अवस्था

साल्पासिलिछो पालिकामा जम्मा ३८ वटा बालविकास केन्द्र रहेका छन् भने ३८ जना बालविकास सहजकर्ता रहेको अवस्था छन् । यस गाउँपालिकामा अधिकांश बालविकास केन्द्रहरू सरकारले तोकेका मापदण्ड पुरा गर्न प्रयासरत रहेको, बालविकास शिक्षामा सबै बालबालिकाहरूको पहुँचमा अझै पनि नआएको देखिन्छ भने इसीडिको अनुभव सहित कक्षामा १ मा भर्ना हुनेको प्रतिशत 88.51 मात्र भएको पाइन्छ। त्यसैगरी बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्नेमा सो नभई कुनै स्थानमा २ वा सो भन्दा बढीको दुरिमा हिडेर विद्यालय जानुपर्ने बाध्यता रहेको छ । भूगोल, जनसंख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवं नयाँ स्थापना गर्नुपर्ने जरुरी हुन आउँछ । यसै गरी स्थापना भएका

बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ भने नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको स्थापना लगायत क्षमता अभिवृद्धि गर्दै जानु जरुरी हुन आउँछ ।। नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५तथा राष्ट्रिय शिक्षा नीति तथा सोह्रौ योजनामा चार वर्ष उमेर पुगका बालवालिकाका लागि १ वर्षे प्रारम्भिक बालविकास शिक्षा सञ्चालन गर्नुपर्ने कानुनी व्यवस्था गरेको

| क्षेत्रहरू | आव०८२/०८३ |
| --- | --- |
| **सामुदायिक विद्यालय को संख्या** | 37 |
| **संस्थागत विद्यालयको संख्या** | 1 |
| **धार्मिक विद्यालयको संख्या** | 1 |
| ECD **को विद्यार्थी संख्या** ( **सामुदायिक**) | 239 |
| ECD **कोविद्यार्थी संख्या** ( **संस्थागत**) | 23 |
| **प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर*** (%) | 96.12 |
| **प्रारम्भिकबालविकास र शिक्षामा खुद भर्ना दर*** (%) | 46.77 |
| **प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १मा नयाँ भर्ना भएका बालबालिका*** (%) | 87.51 |

*(तथ्यांक स्रोत CEHRD Flash Reports : २०८१and IMIS 2082)*

### ३.१.२उदेश्यहरु

- सबै बालबालिकाहरु लाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु,
- प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँचमा ल्याउनु ।
- बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउनु ।
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु ।
- प्रारम्भिक बाल विकास केन्द्रको न्यूनतम मापदण्ड पुरा गर्दै बालबालिकाहरूको सर्वाङ्गिण विकास गर्नु ।

- बालबालिकाको मानसिक संवेगात्मक सामाजिक विकास गरि पढाईका लागि तयार गर्नु ।
- बालविकास सहजकर्तालाई तालिम तथा क्षमता अभिवृद्धि गर्नु ।
- स्थानीय स्तरको शैक्षिक सामग्रीहरु निर्माण गरी कार्यान्वयन गर्नु ।
- प्रत्येक विद्यालयको बालबालिकाई प्रविधि मैत्री सिकाइका लागि स्मार्ट बोर्डको व्यवस्था गर्ने ।
- मनोरन्जनात्मक रुपमा खेल्दै सिक्दै वातावरण निर्माण गर्ने ।

### ३.१.३ रणनीतिहरु

यस साल्पासिलिछो गाउँपालिकाले तय गरेका प्रारम्भिक बालविकास शिक्षाको उदेश्यहरु हासिल गर्न निम्नलखित रणनीतिहरु अवलम्वन गरीनेछ ।

- कम्तिमा १ विद्यालय १ बालविकास केन्द्रको अभियान सञ्चालन गरिने छ ।
- अभिभावक सचेतना तथा परिचालन कार्यक्रमलाई जोड दिइने छ ।
- बालविकासका सहजकर्ताहरूको क्षमता विकाससँगै प्रोत्साहनका गतिविधिहरू सञ्चालन गरिने छ ।
- बालविकास केन्द्रलाई व्यवस्थित बनाउनका लागि अभिभावक तथा समुदायलाई समेत परिचालन गरिनेछ ।
- प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरूप बसाइ व्यवस्था र सरसफाइलाई ध्यान दिई खेलसामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्रीसहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ ।
- प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकको क्षमता विकासमा ध्यान दिँदै तालिमप्राप्त योग्य शिक्षकबाट सेवा प्रवाह हुने व्यवस्था गरिनेछ ।
- प्रत्येक वडा वा टोलमा बालबालिकाहरू लाई स्थानीय स्तरका तथा कम लागतका खेल्ने र मनोरञ्जन गर्ने सामग्रीहरू सहितको क्रमशः बाल उद्यान निर्माण गरिनेछ।
- बालविकास केन्द्रमा संघले तयार गरेको पाठ्यक्रम मार्फत सिकाइ सहजीकरण अनिवार्य गरिने छ ।
- नियमित अनुगमन तथा समीक्षा बैठक सञ्चालन गरिने छ ।

- बालविकास सहजकर्तासँग कार्यसम्पादन करार सम्झौता गरी निश्चित सुचकका आधारमा पुरस्कार तथा दण्डको कार्यक्रम लागु गरिने छ ।
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई प्रविधिमैत्री, बालमैत्री एवं गुणस्तरीय बनाउँदै सबै बालबालिकाहरुको पहुँचमा विस्तार गरिने छ, ।
- वाल विकास केन्द्र का सहजकर्ताहरुका लागी वालमैत्री तथा मन्टेश्वरी तालिम कार्यक्रम संचालन गरिने छन ।
- वाल विकास केन्द्र को भर्ना दर वृद्धि गर्न सघन भर्ना अभियान कार्यक्रम संचालन गरिने छ ।
- वाल विकासकेन्द्र का लागी पाठ्यक्रम आधारित रहि स्थानीय शैक्षिक सामाग्री निर्माणमा जोड दिइने छ ।
- कक्षाकोठाको सिकाइ प्रभावकारी बनाउन सिकाइ कुना स्थापना गरी शैक्षिक सामाग्री तथा सन्दर्भ सामाग्री को व्यवस्था मिलाईनेछ ।
- अभिभावकको क्षमता अभिवृद्धि गरी बालवालिकाको सर्वाङ्गीण विकास गर्न सहभागीता बढाईनेछ ।
- आवश्यकताको आधारमा बालमैत्री खेल सामग्री तथा पार्क निर्माण गरिनेछ ।

### ३.१.४प्रमुख उपलब्धि तथा नतिजा

## उपलब्धि

सबै सेवा क्षेत्र भित्रका बालबालिकाहरु लाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

- सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुने छन् ।
- सबै बालबालिका लाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ ।

***नतिजा तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं. | सूचक | आधार वर्ष (२०८2/८3) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | ३५० | ३६० | ३७८ | ३८३ | ३६७ | ३९२ |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | 38 | सबै | सबै | सबै | सबै | सबै |

यस योजनाको अन्त्य सम्ममा निम्नानुसार नतिजा प्राप्त हुने अपेक्षा गरीएको छ ।

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुने ।
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरु लाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने ।
- प्रारम्भिक बालविकास केन्द्रहरुका सबै शिक्षकहरुले न्युनतम योग्यता र तालिम हासील गरेका हुने ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी संघसंस्था, विद्यालय र स्थानीय सरकार जिम्मेवार हुने ।सबै प्रारम्भिक बालविकास केन्द्रहरुले न्युनतम मापदण्ड पुरा गरेका हुने ।
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुने
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुने
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने ।

३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रश | कार्यक्रम/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य ( 10 वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | | ५ | |
| २ | अभिभावक सचेतना शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | | ५ | |
| ३ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरूको लागि शैक्षिक सामग्रीहरूको सहयोग गर्ने । | पटक | | १ | १ | | १ | | २ | |
| ४ | प्रस्तावनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकासको सुनिश्चतताका लागि सहयोग कार्यक्रम सञ्चालन गर्ने । | केन्द्र | १ | १ | १ | १ | १ | | ५ | |
| ५ | बाल शिक्षालाई थप गुणस्तर को लागि बालबालिकाहरूकोसंख्या अनुसार थप शिक्षकको व्यवस्था गर्ने । | जना | | १ | १ | | | | २ | |
| ६ | बालविकास सहजकर्ताको क्षमता विकासको लागि क्षमताविकास कार्यक्रम सञ्चालन गर्ने । | जना | १ | १ | १ | १ | १ | | ५ | |
| ७ | समुदायको वस्ती, बालबालिकाको संख्या र बालविकास केन्द्रको दूरीलाई | पटक | | १ | १ | | | | २ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारमानी बालविकास केन्द्र संख्या समायोजन गर्ने । | | | | | | | | | | |
| ८ | नमुना बालविकास केन्द्रको स्थापना कार्यक्रम गर्ने । | वडा | १ | १ | १ | १ | १ | | ७ | | |
| ९ | वडा स्तरीय बाल उद्यान निर्माण गर्ने । | वडा | | | १ | | १ | | २ | | |
| १० | प्रारम्भिक बाल शिक्षाको पाठ्यक्रम मार्फत अनिवार्य रुपमा शिक्षण गर्ने । | केन्द्र | ३८ | | | | | | | | |
| ११ | वि.व्य.स वा रोस्टरबाट निश्चित सुचकको आधारमा मासिक अनुगमन गरी समीक्षा बैठक सञ्चालन गर्ने । | केन्द्र | ४० | १ | १ | १ | १ | १ | | ५ | |
| १२ | सहजकर्ताहरू सँग समीक्षा तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । | जना | ३८ | | | | | | | | |
| १३ | निश्चित सूचकको आधारमा बार्षिकउत्कृष्ट बालविकास सहजकर्ता लाई सम्मान | जना | १ | १ | १ | १ | १ | | ५ | ५ | |
| १४ | बर्षको २ पटक बाबालिकाहरुको स्वास्थ्य नजिकको स्वास्थ्य चौकिबाट स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | | ५ | ५ | |
| १५ | बालबालिकाहरुको अपाङ्गता तथा कार्यरत सिमितता पहिचानको लागि तालिम प्रदान गरी प्रारम्भिक पहिचान | पटक | १ | १ | १ | १ | १ | | ५ | ५ | |
| १६ | **बालविकास केन्द्रको नक्साङ्कन तथा पुनर्वितरण** | केन्द्र | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **१७** | **बालविकास केन्द्रको सबलीकरण** | केन्द्र | | | | | | | | |
| **१८** | **शिक्षक/सहयोगी कार्यकर्ताको क्षमता विकास** | जना | | | | | | | | |
| | | | | | | | | | | |

## *कार्यान्वयन तालिका*

| *क्र. स .* | *क्रियाकलाप* | *जिम्मेवार निकाय* | *कार्यविधि* | *अनुमानित लागत* | *स्रोत व्यावस्थापन* | *समय अवधी* |
|---|---|---|---|---|---|---|
| *१* | *भर्ना अभियान सञ्चालन* | *वालबिकास केन्द्र, संघसंस्था, सम्बन्धित वडा र गाउँपालिका* | *बैठक, प्रचार प्रसार र घरदैलो भेटघाट* | *४ लाख* | *गाउँपालिका र संघसंस्था* | *प्रत्येक शैक्षिक सत्रको पहिलो महिना* |
| *२* | *अभिभावका शिक्षा कार्यक्रम* | *वालबिकास केन्द्र, संघसंस्था, सम्बन्धित वडा र गाउँपालिका* | *तलिम गोष्ठी रेडियो शिक्षा* | *५ लाख* | *गाउँपालिका र संघसंस्था* | *प्रत्येक शैक्षिक सत्रमा २ पटक* |
| *३* | *व्यवस्थित वालबिकास केन्द्र संञ्चालनको लागि न्यूनतम मापदण्ड पुरा भए नभएको अनुगमन गरि नियमनका लागि प्रकृया अघि बढाउने ।* | *सम्बन्धित वडा र गाउँपालिका* | *अनुगमन सूचकका साथ एकल तथा संयुक्त सघन अनुगमन* | | | *निरन्तर* |
| *४* | *वालबिकास केन्द्रका सहजकार्ताहरुको लागि क्षमता अभिवृद्धि सम्बन्धी तलिम* | *गाउँपालिका , सहजकर्ता र संघसंस्था* | *तालिम, बैठक, अन्तरकृया छलफल, भ्रमण र सहयोग* | *४ लाख* | *गाउँपालिका संघसंस्था* | *हरेक वर्ष* |
| *५* | *स्वास्थ्य परिक्षण शिविर* | *गाउँपालिका, वडा, समुदाय, संघसस्था* | *स्वास्थ्य चौकिसंग समन्वय गरि विद्यालयमा* | *३ लाख* | *गाउँपालिका र स्वास्थ्य चौकि* | *प्रत्येक वर्ष* |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | *शिविर सञ्चालन गर्ने ।,* | | | |
| ६ | *नमुना वालबिकास केन्द्र निर्माणका लागि व्यवस्थापन गर्ने* | *गाउँपालिका, वडा, समुदाय, संघसस्था* | *माग संकलन तथा विवरण* | *२ लाख* | *गाउँपालिका, वडा, समुदाय, संघसस्था* | *प्रत्येक वर्ष १ वालबिकास केन्द्र* |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ वर्तमान अवस्था

नेपालले आधारभुत शिक्षामा उल्लेखनिय उपलब्धी हासिल गरेको छ । सबै बालबालिकालाई समतामुलक शिक्षा प्रदान गर्ने अवसर सिर्जना गरिएको हुदा धेरै आधारभुत तहमा बालबालिकाको पहुच भएको देखिन्छ । यस साल्पासिलिछो गाउँपालिका अन्तर्गत जम्मा ३९ वटा विद्यालयहरु संचालनमा रहेका छन ।३७ वटा सामुदायिक विद्यालय र १ वटा संस्थागत ECD to कक्षा ५ सम्म विद्यालय र १ वटा धार्मिक विद्यालय रहेको छ । यसमा पनि ६ वटा माध्यमिक विद्यालय जसमध्ये ३ वटामा वालविकास देखि १२ सम्म र ३ वटामा वालविकास देखि १० कक्षा सम्म पठन पाठन भई रहेको छ । ३३ वटा आधारभूत विद्यालय जस मध्ये वालविकास देखि ३ चलेको १३ वटा र वालविकास देखि ५ कक्षा सम्म संचालनमा रहेको १४ वटा र वालविकास देखि ८ कक्षा सम्म संञ्चालनमा रहेको ६ वटा रहेको छ ।

आधारभुत शिक्षाको गुणस्तर सुधारका लागि विगतमा भएका धेरै प्रयासका कारण आधारभुत तहमा केही मात्रामा राम्रो उपलब्धी हासिल गर्न सकिएको छ । कक्षा १ को खुद प्रवेशदर ९६.७९ कुल प्रवेशदर ११२.३९ रहेको छ । यसैगरी कक्षा १ देखि ५ सम्मको खुद र कुलभनार्दर क्रमसः ९६.४ र १०७.१ रहेको छ । कक्षा १देखि ८ सम्मको खुद भर्नादर र कुल भर्नादर क्रमसः ९३.५९ र १०७.२ रहेको छ .

यस पालिकामा रहेका सामुदायिक तथा संस्थागत विद्यालयका आधारभूत तहमा विद्यार्थी निम्न अनुसार छन् ।

| कक्षा (आधारभूत तह तह) | लिङ्ग | सामुदायिकविद्यालय | संस्थागत विद्यालय | जम्मा |
|---|---|---|---|---|
| १ | छात्रा | १३५ | १० | १४५ |
| | छात्र | १३८ | १३ | १५१ |
| | अन्य | ० | ० | |
| | जम्मा | २७३ | २३ | २९६ |
| २ | छात्रा | १०१ | २ | १०३ |
| | छात्र | १२२ | ८ | १३० |
| | अन्य | ० | ० | |
| | जम्मा | २२३ | १० | २३३ |
| ३ | छात्रा | १०२ | ४ | १०६ |
| | छात्र | १२४ | ३ | १२७ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | २२६ | ७ | २३३ |
| कक्षा १ देखी ३ जम्मा | छात्रा | ३३८ | १६ | ३५४ |
| | छात्र | ३८४ | २४ | ४०८ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | ७२२ | ४० | ७६२ |
| ४ | छात्रा | १२८ | ३ | १३१ |
| | छात्र | १२२ | ४ | १२६ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | २५० | ७ | २५७ |
| ५ | छात्रा | १२२ | ७ | १२९ |
| | छात्र | १५३ | १२ | १६५ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | २७५ | १९ | २९४ |
| कक्षा १ देखी ५ जम्मा | छात्रा | ५८८ | २६ | ६१४ |
| | छात्र | ६५९ | ४० | ६९९ |
| | अन्य | ० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | १२४७ | ६६ | १३१३ |
| ६ | छात्रा | ११८ | २ | १२० |
| | छात्र | १४२ | १ | १४६ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | २६० | ३ | २६६ |
| ७ | छात्रा | १३५ | ३ | १३८ |
| | छात्र | ११५ | ५ | १२० |
| | अन्य | ० | ० | ० |
| | जम्मा | २५० | ८ | २५८ |
| ८ | छात्रा | १४८ | ० | १४८ |
| | छात्र | ११६ | ० | ११६ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | २६४ | ० | २६४ |
| **कक्षा ६ देखी ८ जम्मा** | छात्रा | ४०१ | ५ | ४०६ |
| | छात्र | ३७३ | ६ | ३७९ |
| | अन्य | 0 | ० | 0 |
| | जम्मा | ७७४ | ११ | ७८५ |
| **कक्षा १ देखी ८ जम्मा** | छात्रा | ९८९ | ३१ | १०२० |
| | छात्र | १०३२ | ४६ | १०७८ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | २०२१ | ७७ | २०९८ |

*(स्रोतःसाल्पासिलिछो गाउँपालिका,भोजपुरको EMIS २०८२)*

## आधारभूत तहको शैक्षिक सूचकहरूः

| क्र.स. | सूचकहरू | २०८० को अवस्था |
|---|---|---|
| **१. आधारभुत शिक्षा** | | 0 |

| | | |
|---|---|---|
| **१.१** | कक्षा १ मा कुल प्रवेशदर | ८३.७४ |
| **१.२** | कक्षा १ मा खुद प्रवेशदर | ७५.१५ |
| **१.३** | कक्षा १-५ मा कुल भर्ना दर | 75.72 |
| **१.४** | कक्षा १-५ मा खुद भर्ना दर | 88.18 |
| **१.५** | कक्षा १-८मा कुल भर्ना दर | १०४.९ |
| **१.६** | कक्षा १-८मा खुद भर्ना दर | ९४.० |
| **१.७** | कक्षा १-८खुद भर्नादरमा लैङ्गिक समता सूचकांक | |
| **१.८** | कक्षा ८ मा टिकाउ दर | ८६.० |
| **१.९** | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | |
| **१.१०** | कक्षा१ देखी ३ सम्मको औषत सिकाई उपलब्धि | १.३६ |
| **१.११** | कक्षा४ देखी ५ सम्मको औषत सिकाई उपलब्धि | १.७१ |
| **१.१२** | कक्षा६ देखी ८ सम्मको औषत सिकाई उपलब्धि | १.१३ |
| **१.१३** | कक्षा१बाट५सम्मकोउत्तिर्णदर | ८७.८ |
| **१.१४** | कक्षा१बाट५सम्मकोदोर्हाउनेदर | ६.५ |
| **१.१५** | कक्षा१बाट५सम्मकोछोड्नेदर | ३.६ |
| **१.१६** | कक्षा६बाट८सम्मकोउत्तिर्णदर | ८९.२ |
| **१.१७** | कक्षा६बाट८सम्मकोदोर्हाउनेदर | ५.६ |
| **१.१८** | कक्षा६बाट८सम्मकोछोड्नेदर | २.५ |
| **१.१९** | आधारभुत तहतथा मावि तहका महिला शिक्षक प्रतिशत | ३५.७१ |

*(तथ्यांक स्रोत CEHRD Flash Reports : २०८१,साल्पासिलिछो गाउँपालिका शिक्षा शाखा, EMIS २०८१)*

### ३.२.२ उद्देश्य

साल्पासिलिछो गाउँपालिकाको १०बर्षे शिक्षा योजनाको आधारभूत तह शिक्षाका उदेश्यहरु निम्न अनुसार रहेका छन् ।

- ५ देखि १२ वर्ष उमेर समुहका सबै बालबालिकाहरू लाई आधारभूत शिक्षाको सुनिश्चितता गर्नु ।
- आधारभूत तहको सिकाइ उपलब्धिमा वृद्धि गर्नु ।
- कक्षा १ मा भर्ना भएका सबै बालबालिकालाई कक्षा ८ सम्मको शिक्षा अनिवार्य रूपमा पूरा गराउनु ।
- निर्धारित सिकाइ सक्षमता हासिल गरेका विद्यार्थीहरूलाई माध्यमिक शिक्षामा प्रवेशका लागि तयारी गराउनु ।
- विद्यालय शिक्षाको व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउनु ।
- विद्यालय शिक्षा पद्धतिलाई विविधता अनुकुल उत्थानशील र जवाफदेही बनाउनु ।
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको सिकाइ सिप अभिवृद्धि गराउनु ।
- आधारभूत तहको विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, समावेशी र सुरक्षित बनाउनु
- Based on PMECs विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने
- निरन्तर सिकाई मुल्यांकन प्रमाणमा आधारित मुल्यांकनCAS, Evidence based Evaluation for instruction improvement plan
- CAS-Continue Assesment System, Evidence based Evaluation for instruction improvement plan
- Develop capacity of HT, SMC, PTA and engagement of parents विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने
- Through Contingency plan , ReAL plan विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउने ।
- पालिका स्तरिय नतिजाको आधारमा उत्कृष्ट शिक्षक र विद्यार्थीलाई प्रोत्साहित गर्ने ।

### ३.२.३ रणनीति

- ५ देखि १२ वर्ष समूहका सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षाको पहुँच पुर्याइने छ ।
- आधारभूत तहमा आन्तरिक सक्षमतामा सुधार ल्याइने छ ।
- सिकाइका लागि न्यूनतम आधारभूत पूर्वाधारमा सुधार गरिने छ ।
- शिक्षणसिकाइ क्रियाकलापमा सुधार गरिने छ ।
- विद्यार्थी मुल्यांकन प्रणालीलाइ व्यवस्थित गरिने छ ।
- शिक्षक पेशागत सहयोग प्रणालीलाइ व्यवस्थित र नियमित गरिने छ ।
- प्रारम्भिक कक्षा सिकाइ सीपको अभिवृद्धि गरिने छ ।
- आधारभूत तहको परीक्षा प्रणालीमा सुधार ल्याइने छ ।
- अभिभावक तथा समुदायको जिम्मेवारितालाई वृद्धि गरिने छ ।
- अभिभाबक सचेतना कार्यक्रम मार्फत अभिभाबक परिचालन गरिने छ ।
- कक्षा १ देखी ३ सम्मका बालबालिकाहरूका लागी बालमैत्री सिकाई वातावरण निर्माण गर्दै आधारभुत साक्षरता सिप विकासको लागी पढाइ तथा गणितिय साथै अन्य अन्तरविषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइकार्यलाई सुनिश्चित गर्न पठन तथा गणितिय सीप केन्द्रीत क्रियाकलापलाइ निरन्तरतादिइने छ ।
- छापामय कक्षा कोठा ब्यबस्थापन नभएका कक्षा १ देखी ३ सम्मका बाँकी विद्यालयहरूलाई आगामी ५ बर्षभित्र कक्षा कोठा ब्यबस्थापनका लागि आबश्यक वजेट ब्यबस्थापन गरीपुर्ण गरिने छ ।
- स्थापना भएका कक्षा, पुस्तकालाय तथा बुक कर्नर नियमित पढाइ तथा स्वः सिकाइ एवं गणितीय सिपविकास गर्ने सामाग्रीहरूलाई उचित ब्यबस्थापन तथा प्रयोग अनिबार्यता गरी सो को अभिलेख गरिने छ ।
- कक्षा १ देखी ३ सम्मका बालबालिकाहरूका लागि क्रमिक सिकाइ रणनीतिका आधारमा र कक्षा ४ र ५ का बालबालिका लागि निरन्तर विद्यार्थी मुल्यांकन सहित पठनसिपका आधारमा एवं कक्षा ६ देखी ८ सम्मका बालबालिकाका लागि प्रविधिमैत्री सिकाइ सञ्चालन गरिने छ ।
- विद्यार्थी सिकाइ स्तरको पहिचानका लागि पालिका स्तरीय CBEGRA संचालन र उत्कृष्ठ विद्यार्थी र विद्यालय सम्मान कार्यक्रम गरिनेछ ।
- प्रारम्भिक कक्षाका सबै बालबालिकाहरूको प्रारम्भिक पहिचान गरी सोही अनूसारको सिकाइ सहयोग सहजीकरणको प्रणाली कार्यान्वयन गरिने छ ।

- आधारभूत तहमा अङ्ग्रेजी माध्यममा पठनपाठनका लागि विद्यालयहरूलाई प्रोत्साहित गरिने छ ।
- गणित, विज्ञान र अङ्ग्रेजी विषयमा विद्यार्थीहरूको सिकाइ उपलब्धि सुधारमा जोड दिइने छ ।
- जनसहभागिता सहितको भर्ना अभियानलाई प्रभावकारी बनाउदै विद्यालय बाहिर बालबालिकाहरु नरहेको घोषणा कार्यक्रम सञ्चालन गरिने छ ।
- विद्यालय वाहिर रहेका वालवालिकालाई विद्यालयमा पहुँच पुर्याउने छ ।
- जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्याथीहरू तथा सीमान्तीकृत समूहका विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधन गर्न त्यस्ता विद्यार्थीको पहिचान गरी सिकाइ समग्री लगायत को सहयोग कार्यक्रम सञ्चालन गरिने छ ।
- विद्यार्थी लाई टिकाइ राख्न दिवा पोषिलो mid day meal खाजा कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।
- छात्रवृति कार्यक्रमलाई बर्षको १ पटक छात्रबृति वितरण दिवसका रुपमा मनाउदै थप प्रभावकारी बनाइने छ ।
- उपचारात्मक शिक्षणको माध्यमबाट कक्षा दोर्याउने र अनुत्तीर्ण हुने विद्यार्थीहरुको सङ्ख्यालाई क्रमशः न्यूनिकरण गर्दै लगिनेछ । Learning recovery and accelerate through remedial approaches, home schooling , peer learning
- भौतिका निर्माणको कार्यलाई आफ्नो विद्यालय आँफै बनाउ भन्ने नारा तय गर्दै लागत सहभागितालाई प्राथमिकता दिइने छ ।
- निर्माणात्मक मुल्याकंनको लागि मासिक मुल्यांकन लिदै विद्यार्थीको सिकाइ अवस्थाको विश्लेषण सहितको समीक्षा बैठक सञ्चालन गरिने छ ।
- कक्षा १ देखि ३ सम्मको निरन्तर मुल्यांकन प्रणालीको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- शिक्षक विद्यार्थी मार्फत शैक्षिक सामग्रीको विकास तथा विस्तार गरिने छ ।
- शिक्षकलाई शिक्षण सुधार योजना पाठ नोट अनिवार्य गरिने छ ।
- विद्यार्थी केन्द्रित शिक्षण तथा परियोजना कार्यलाई पहिलो सर्तका रुपमा शिक्षण कार्य अगाडि बढाइने छ ।

- लागत सहभागिताको आधारमा हरेक विद्यालयमा प्रविधि मार्फतको शिक्षण सिकाइ लाई उच्च प्राथामिकता प्रदान गरिने छ ।
- शिक्षकले कक्षाकोठामा विताउने समयकार्याविधि कार्यान्वयनमा ल्याइने छ ।
- सिकाइका लागि मुल्याकन प्रणालिको आधारमा आधारभुत तह कक्षा १-३ को मुल्यकांकन प्रणाली सञ्चालन गरिने छ
- स्तरीकृत परीक्षा सञ्चालन गरिने छ ।
- परीक्षाबाट प्राप्त अंकलाई विद्यालय स्तर तथा पालिका स्तरमा विश्लेषण समिक्षा सहित सुधार योजना तयार गरी लागु गरिने छ ।
- विद्यालयमा अभिभाबकहरुबाट दैनिक भम्रणको ब्यवस्था मिलाइने छ ।
- कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुका लागि बालमैत्री सिकाई वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सिप विकासको लागि पढाइ तथा गणितिय साथै अन्य अन्तरविषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्न पठन तथा गणितिय सीप केन्द्रित क्रियाकलापहरु लाई निरन्तर गरिने छ ।
- कक्षा ४ र ५ सम्मका बालबालिकाहरुका लागि पठन सीपमा आधारीत सिकाइ वातावरणका लागि छापामय कक्षाकोठा ब्यबस्थापन सुनिश्चित गर्दै समयानूकुल जीवनोपयोगी ब्यबहारिक गणितीय सिप सहितको अन्य विषयको शिक्षण सिकाइलाई सीप केन्द्रीत क्रियाकलापहरु लाई निरन्तरता दिइने छ।
- कक्षा ६ देखि ८ सम्मका आधारभूत तह पुरा गर्ने प्रत्येक उमेर समुहका बालबालिकाहरुमा रहेको अन्तर निहित प्रतिभा समेतको अबसरलाई सुनिश्चित गर्दै भाषागत पठन सिपका आधारमा माध्यमिक शिक्षा प्रबेशको लागि गुणस्तरीय ब्यबहारिक तथा गणीतीय सिप विकासको जीवन उपयोगी पक्षको सिकाइलाई सुनिश्चितताका लागि समयानुकुल विविध प्रविधि मैत्री क्रियाकलापहरुलाई निरन्तरता दिँदै अनिबार्य आधार शिक्षा प्रदान गरी माध्यमिक शिक्षामा प्रबेश गर्ने अबसर प्रदान गरीने छ
- स्थापना भएका कक्षा पुस्तकालय तथा बुक कर्नरमा नियमित पढाइ तथा स्वँयम सिकाइ एवम गणितीय सिप विकास गर्ने सामाग्रीहरुलाई उचित ब्यबस्थापन तथा प्रयोगमा अनिबार्यता सो को अभिलेखिकरण गरीने
- प्रविधि मैत्री कक्षा कोठा ब्यबस्थापनका लागि प्रत्येक आधारभुत विद्यालयमा इन्टरनेट कम्प्युटर लगायतको सुविधा तथा अभिबृद्धिका लागि वजेट ब्यबस्थापन गरीने ।

- कक्षा १देखि ५ सम्मका बालबालिकाहरुको सिकाइ सहजीकरणका लागि आबश्यकताका आधारमा शैक्षिक सामाग्री ब्यबस्थापन शिर्षकमा अनुदानको ब्यबस्था गरीने
- कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुकालागि क्रमिक सिकाइ रणनीतिका आधारमा र कक्षा ४ र ५का बालबालिका लागि निरन्तर विद्यार्थी मूल्याँकन सहित पठन सिपमा आधारित एवम कक्षा ६ देखि ८ सम्मका बालबालिकाका लागि प्रविधि मैत्री सिकाइ सञ्चालन गरीने
- पठन सिप सम्बन्धि अभिभावकहरुको जागरुक तथा सहयोग गर्नै आधारमा पालिका तथा विद्यालय स्तरीय अभिभावक सम्मान कार्यक्रम सञ्चालन गरीने
- प्रारम्भिक कक्षाका सबै बालबालिकाहरुको प्रारम्भिक पहिचान गरी सोही अनूसारको सिकाइ सहयोग सहजीकरणको प्रणाली कार्यान्वयन गर्ने
- कक्षा ४ देखि ८ सम्मका बालबालिकाहरु बीच उमेर समुहका आधारमा लेखन सिप सम्बन्धी पालिका स्तरीय प्रतियोगिता सञ्चालन गरीने
- कक्षा ४ देखि ८ सम्मका बालबालिकाहरुमा रहेको प्रतिभा पहिचान सम्बन्धी चित्र तथा हस्तकला एवम विज्ञान गणित तथा सामाजिक विषय बस्तुमा आधारित निर्देशनात्मक तथा स्वतन्त्र सामाग्री निर्माण सम्बन्धी पालिका स्तरीय प्रतियोगिता सञ्चालन गर्ने
- यस पालिका भित्रका आधारभुत तहमा उच्चतम सिकाइ उपलब्धि हासिल गराउन आबधिक रुपमा सिकाइको

मूल्याङकन गरी विद्यार्थीको थप सिकाइकालागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई पालिका प्रति जवाफदेही बनाइने छ

- सबै आधारभूत विद्यालयमा विशुद्ध खानेपानी शौचालय भौतिक सुविधा बालमैत्री समाबेशी सुरक्षीत सिकाइ बातावरण तयार गरीने
- सबै आधाभूत तहमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता)PMEC पूरा गराउन( आबशयक लगानीको प्रबन्ध गरीनेछ ।
- विद्यालय ब्यबस्थापन समिति,शिक्षक अभिभभावक सँघ पदाधिकारीहरुको क्षमता विकास एवम अभिभावक अभिमूखिकरण गरीनेछ ।
- विद्यार्थीको पोषण तथा स्वास्थ्य सुधार गर्न विद्यालय दिवा खाजा कार्यक्रमको गुणस्तरीय निरन्तरता स्थानीय स्वास्थ्य इकाइको समन्वयमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सँचालन गरीने

- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थ्यकर दिवाखाजाको ब्यबस्थापनमा थप ब्यबस्थित गर्न विद्यालय अभिभावक स्थानीय सरकार समेतको सहकार्यमा विद्यालय दिवाखाजा कार्यक्रम थप ब्यबस्थित गरीने ।
- निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थी सिकाइ स्तर परीक्षण गरी जवाफ देहिता सुनिश्चित गरी सुधारका क्षेत्रहरु पहिचान गरीने ।
- आधारभुत तहमा शिक्षक तयारी विकास एवम सहायता प्रणालीको ब्यबस्था गरीने छ ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

#### (क) उपलब्धि

- अनिवार्य तथा आधारभूत शिक्षाको सबैमा पहुँच तथा सहभागिता सुनिश्चितता गरी गुणस्तरमा वृद्धि हुने ।
- आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुने छ ।
- सबै बालबालिकाहरूको आधारभूत शिक्षामा पहुँच सुनिश्चितता भएको हुने ।
- ५ देखि १२ वर्ष समूहका सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षाको पहुँचमा पुर्याउने तथा खुद भर्नादर र टिकाउदरमा वृद्धिभएको हुने ।
- आधारभूत शिक्षा प्राप्त गर्ने बालबालिकाहरूले न्यूनतम सिकाइउपलब्धि हासिल गरेको हुने ।
- सिकाइका न्यूनतम आधारभूत पूर्वाधारमा सुधार गरी बालबालिकाहरूको सिकाइ स्तरमा अभिवृद्धि भएको हुने ।
- आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासान कायम भएको हुने ।
- आधारभूत तहका विद्यालयहरूको न्यूनतम मापदण्ड पुरा गरेको हुने ।
- गणित, विज्ञान र अङ्ग्रेजी विषयमा विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार भएको हुने ।

#### (ख) नतिजा

| क्र.सं. | सूचक (उदाहरण) | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | २५ | २० | १२ | ८ | ४ | ० |
| २ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सङ्ख्या | ८७ | ९२ | ९९ | १०५ | ११० | १२० |
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | ६ | ८ | ९ | १० | ११ | १२ |

### ३.२.५ प्रमुख क्रियापलाप तथा परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | बाँकी ५ बर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विषयगत तथा व्यवस्थापन तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| २ | बालमैत्री शिक्षण क्रियाकलाप सञ्चालन | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ३ | आधारभूत तहको परीक्षा ,नतिजा सार्वजनिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४ | सिमान्तकृत तथा विद्यालय बाहिर रहेका बालबालबालिकाको लागि शैक्षिकसहयोग कार्यक्रम सञ्चालन | पटक | | १ | | १ | | २ | १ |
| ६ | आवश्यकताको आधारमा भौतिक पुर्वधारकाकार्यक्रम सञ्चालन गर्ने (भवन तथा कक्षाकोठा, फर्निचर, | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर) | | | | | | | | |
| ७ | विद्यालयलाई शैक्षिक सामग्री सहयोग कार्यक्रम | पटक | | १ | | १ | | २ | २ |
| ८ | कक्षा १ देखि ३ सम्मको पठन सीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरू सहितको छापायुक्त कक्षाकोठा ब्यवस्थापन सञ्चालन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ९ | प्रारम्भिक कक्षाको शिक्षणका क्रमिक सिकाइ रणनीतिको निरन्तरता सहित प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्री सहयोग कार्यक्रम | विद्यालय | | | १ | | १ | २ | २ |
| १० | कक्षा १-३ मा कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठाइ तथा गणितिय सीप परिक्षण सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ |
| ११ | आवधिक रुपमा विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **१३** | सिकाई उपलब्धिका आधारमा उत्कृष्ट शिक्षक (कक्षा १-५ र ६-८) छनोट गरी सम्मान कार्यक्रम | जना | २ | २ | २ | २ | २ | १० | १० |
| **१४** | शैक्षिक सुशासन कायम गर्नका लागि शिक्षा सरोकारवालाहरू संग छलफल तथा अन्तर क्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| **१५** | शैक्षिक सामग्री निर्माण कार्यशाला गोष्ठी कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| **१६** | शिक्षकले कक्षाकोठामा विताउने समयको पुर्ण कार्यान्वयनमा सहयोग | विद्यालय | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| **१७** | शिक्षकको क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | पटक | | | १ | | १ | २ | २ |
| **१८** | शैक्षिक तथ्यांक विश्लेषण तथा व्यवस्थापन साथै भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| **१९** | सबै विद्यालयका कक्षा १ देखी ३ सम्मका कक्षाकोठालाइ छापामय, बालमैत्री, लैङ्गिक मैत्री, अपांगमैत्री ब्यबस्थापनका लागि आबश्यक बजेट | विद्यालय | ० | ३ | ३ | ३ | ३ | १२ | १५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ब्यबस्थापन गरि पुर्ण गरिने, | | | | | | | | |
| २० | एकीकृत पाठ्यक्रम कार्यान्वयन सम्बन्धी शिक्षक तालीम । | शिक्षक | १ | १ | १ | १ | १ | ५ | ५ |
| २१ | प्रकृतिक प्रकोप तथा महामारीबाट उत्पन सिकाइ क्षति न्युनीकरणको लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) लाई कार्यान्वयन गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २२ | प्रारम्भिक कक्षामा शिक्षणसिकाइ तथा सन्दर्भ पढाइ तथा गणितीय सामग्री सहितको बुक कर्नर स्थापना गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २३ | अभिभावक सचेतना तथा सहभागितामा अभिवृध्दी । | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| २४ | उपचारात्मक सिकाइ तथा सिकाइ निरन्तरताका लागि क्रियाकलाप । | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| २५ | कक्षा १ देखि ३ सम्मका बालबालिकाहरूका लागि क्रमिक सिकाइ रणनीतिका आधारमा र कक्षा ४ र ५का बालबालिकाका लागि | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | निरन्तर बिद्यार्थी मूल्याँकन सहित पठनसिपमा आधारित एवम कक्षा ६ देखि ८ सम्मका बालबालिकाका लागि प्रबिधि मैत्री सिकाइ सञ्चालन | | | | | | | | |
| **२६** | प्रारम्भिक कक्षाका सबै बालबालिकाहरूको प्रारम्भिक पहिचान गरि सोही अनूसारको सिकाइ सहयोग सहजीकरणको प्रणाली कार्यान्वयन गर्ने | पटक | | १ | १ | १ | १ | ५ | ५ |
| **३७** | पालिकास्तरीय परीक्षामा सामुदायिक विद्यालयबाट उत्कृष्ट नतिजा हासिल गर्ने छात्र छात्रालाई पुरस्कृत गर्ने । | जना | ४ | ४ | ४ | ४ | ४ | २० | २० |
| **३२** | नतिजाका आधारमा उत्कृष्ट सामुदायिक विद्यालय पुरस्कृत गर्ने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ |
| **३३** | गणित, विज्ञान र अङ्ग्रेजी विषय शिक्षकहरूको अन्तरक्रिया तथा सिकाइ आदानप्रदान कार्यक्रम गर्ने | पटक | | १ | १ | १ | १ | ४ | ५ |
| **३४** | अन्तरविद्यालय अतिरिक्त क्रियाकलाप तथा खेलकूद प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |

*कार्यान्वयन तालिका*

| क्र. स. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्याविधि | अनुमानित लागत | स्रोत व्यावस्थापन | समय अवधि |
|---|---|---|---|---|---|---|
| १ | विषयगत तथा व्यवस्थापन तालिम | गाउँपालिका | आवश्यक्ताका आधारमा तालिम | ३ लाख | संघ, प्रदेश र स्थानीय तह | प्रत्येक वर्ष |
| २ | वालमैत्री शिक्षण क्रियाकलाप | विद्यालय तथा शिक्षक | शिक्षण क्रियाकलाप गर्दा कुनै किसिमको सजाय नगर्न नगराउन विद्यालय प्रशासन वाट सजग गराउने | | | नियमित |
| ३ | विद्यार्थी नियमितका अभिभावकहरु संग छलफल तथा अन्तरक्रिया | वडा, विद्यालय, गाउँपालिका र संघसस्था | बैठक, छलफल, अन्तरक्रिया र भेटघाट | | | नियमित |
| ४ | कक्षा १-३ मा प्रारम्भिक पठन सीप विकास | विद्यालय, वडा, गाउँपालिका र संघसस्था | शिक्षक तालिम, सामग्री निर्माण तथा वितरण | ५ लाख | | निरन्तर |
| ५ | उपचारात्मक सिकाइ तथा निरन्तर विद्यार्थी मुल्याङ्कनका लागि क्रियाकलाप । | गाउँपालिका, विद्यालय, शिक्षक विद्यार्थी | छलफल,अन्तरकृया अवलोकन | | | निरन्तर |
| ६ | पालिकास्तरीय परीक्षामा सामुदायिक विद्यालयबाट उत्कृष्ट नतिजा हासिल गर्ने छात्र छात्रालाई पुरस्कृत गर्ने । | गाउँपालिका र विद्यालय | गाउँपालिकाको मापदण्ड अनुसार | ४५ हजार | गाउँपालिका | निरन्तर |
| ७ | नतिजाका आधारमा उत्कृष्ट सामुदायिक विद्यालय पुरस्कृत गर्ने | गाउँपालिका र विद्यालय | गाउँपालिकाको मापदण्डको आधारमा | ३० हजार | गाउँपालिका | निरन्तर |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

संघीय संरचना अनुरुप संघ, प्रदेश र स्थानीय तहबाट शिक्षाको व्यवस्थापन गर्ने कार्य भए पनि निम्नमाद्यमिक शिक्षा मुलत स्थाणीय अधिकार क्षेत्रभित्र राखिएको छ । प्रत्येको स्थानीय तहमा शिक्षा व्यवस्थापनका लागि शिक्षा शाखा स्थापना गरी सोहि शाखाबाट शिक्षासंग समबन्धित सेवा प्रवाह गरी आएको छ । गुणस्तरिय शिक्षाको सुनिश्चितता अभिवृद्धिका लागि विद्यालय शिक्षामा इन्टरनेटको पहुँचमा प्रगति सूचना तथा सञ्चार प्रवृधिको सुविधामा विस्तार कम्प्युटर तथा विज्ञान प्रयोगशालाको स्थापनामा जोड दिइरहेको अवस्था छ ।

साल्पासिलिछो गाउँपालिकाको माध्यमिक तहको शैक्षिक झलक-:

| क्र.स. | विद्यालय | सञ्चालित कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|
| १ | माध्यमिक | ECD - १० | ३ | | ३ |
| २ | माध्यमिक | ECD - १२ | ३ | ० | ३ |
| ३ | प्राविधिक | ९-१२ | ० | ० | ० |
| ४ | नमुना विद्यालय | ECD - १२ | १ | ० | १ |

## तहगत तथा कक्षागत विद्यार्थी विवरण

| कक्षा (माध्यमिकतह) | लिङ्ग | सामुदायिकविद्यालय | संस्थागत विद्यालय | जम्मा |
|---|---|---|---|---|
| ९ | छात्रा | १४५ | | १४५ |
| | छात्र | ११८ | | ११८ |
| | अन्य | 0 | | 0 |
| | जम्मा | २६३ | | २६३ |
| १० | छात्रा | १३३ | | १३३ |
| | छात्र | ११८ | | ११८ |

| | | | | |
|---|---|---|---|---|
| | अन्य | 0 | | 0 |
| | जम्मा | २५१ | | २५१ |
| **११** | छात्रा | ४७ | | ४७ |
| | छात्र | ४२ | | ४२ |
| | अन्य | 0 | | 0 |
| | जम्मा | ८९ | | ८९ |
| **१२** | छात्रा | ७५ | | ७५ |
| | छात्र | ५४ | | ५४ |
| | अन्य | 0 | | 0 |
| | जम्मा | १२९ | | १२९ |
| **कक्षा ९ देखी १२ जम्मा** | छात्रा | ४०० | | ४०० |
| | छात्र | ३३२ | | ३३२ |
| | अन्य | 0 | | 0 |
| | जम्मा | **७३२** | | ७३२ |

*( स्रोत:साल्पासिलिछो गाउँपलिका शिक्षा शाखा इमिस २०८२)*

***माध्यमिक तहका विभिन्न शैक्षिक सुचकहरू:***

| क्र.स. | सूचकहरू | आधार बर्ष २०८१ को अवस्था |
|---|---|---|
| **१. माध्यमिक शिक्षा** | | |
| **१.१** | कुल भर्नादर कक्षा ९-१० | ८९.१ |
| **१.२** | खुद भर्ना दर कक्षा ९-१० | ७५.७ |

| | | |
|---|---|---|
| **१.३** | कुल भर्नादर कक्षा ९-१२ | ६०.६ |
| **१.४** | खुद भर्नादर कक्षा ९-१२ | ७८ |
| **१.५** | कुल भर्नादर कक्षा ११ -१२ | ६६.८ |
| **१.६** | खुद भर्नादर कक्षा ११ -१२ | ४५.६ |
| **१.७** | कक्षा १० सम्म को टिकाउ दर | ९३.४ |
| **१.८** | कक्षा १२ सम्म को टिकाउ दर | ९२.६ |
| **१.९** | कक्षा १-१२मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकांक | |
| **१.१०** | कक्षा९ देखी १० सम्मको औषत सिकाई उपलब्धि | |
| **१.११** | कक्षा११ देखी १२ सम्मको औषत सिकाई उपलब्धि | १.६५ |
| **१.१२** | कक्षा९बाट१०सम्मकोउत्तिर्णदर | ८९.१ |
| **१.१३** | कक्षा९बाट१०सम्मकोदोर्हाउनेदर | १.१ |
| **१.१४** | कक्षा९बाट१०सम्मकोछोड्नेदर | ५.३ |
| **१.१५** | महिलाशिक्षकप्रतिशत (माध्यमिकतह) | १३.८ |
| **१.१६** | २०८२मा कक्षा SEE २.८ तलको ग्रेड ल्याउने % | ९.८ |
| **१.१७** | २०८२मा कक्षा SEE २.८ बाट ३.२ ग्रेड ल्याउने % | ११.६ |
| **१.१८** | २०८२मा कक्षा SEE ३.२ बाट ३.६ ग्रेड ल्याउने % | १.३३ |
| **१.१९** | २०८२मा कक्षा SEE ३.६ बाट ४.० ग्रेड ल्याउने % | ० |
| | | |

*(तथ्यांक स्रोत CEHRD Flash Reports : २०८२,साल्पासिलिछो गाउँपालिकाशिक्षा शाखा, EMIS २०८२)*

### ३.३.२ उदेश्यहरू

१) साल्पासिलिछो गाउँपालिकाको माध्यमिक तहको शिक्षाको विद्यमान अवस्थामा सुधार गर्नु ।
२) माध्यमिक तहको सिकाइ उपलब्धि र गुणस्तर अभिवृद्धि गर्नु ।
३) लक्षित वर्गका विद्यार्थीहरूको पहुँच अभिवृद्धि गरी नैतिकवान, व्यावहारिक, सिपयुक्त र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नु ।
४) विद्यालय वाहिर रहेका बालबालिकालाई विद्यालयमा भित्राउने, टिकाउने र सिकाउने राष्ट्रिय लक्ष्यलाई सहयोग गर्नु।
५) सिकाइ सुधारका लागि शैक्षिक तथा भौतिक वातावरणलाई बालमैत्री बनाउनु ।
६) उच्च शिक्षाको प्रवेशको लागि आधार तयार गर्नु ।
७) माध्यमिक तहमा प्राविधिक तथा व्यवसायिक शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउँदै थप विस्तार गर्नु ।
८) गणित, विज्ञान र अङ्ग्रेजी विषयको सिकाइ उपलब्धि सुधार गर्नु ।

### ३.३.३रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरिनेछः

१) संघीय मापदण्ड अनुसार स्थानीय तहले समन्वय गरी विद्यालय नक्साङ्कन मार्फत सवै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण, समायोजन तथा स्थापना गरिने ।
२) माध्यमिक तहमा खुद भर्ना दर र टिकाउ दर वढाउन वैकल्पिक माध्यमको प्रयोग तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने ।
३) सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रुपमा एकीकृत गरी प्रविधिमैत्री, व्यवहारिक र नतिजामुलक वनाइने ।
४) शिक्षक निरन्तर अध्यावधिक हुन र उत्प्रेरणा वढाउने कार्यक्रम सञ्चालन गरी दक्ष विषय शिक्षकको व्यवस्थालाई वढावा दिइने ।
५) सवै विद्यालयहरूमा विद्यालयहरूको न्यूनतम भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई बालमैत्री विद्यालय वनाइने ।
६) विद्यालय शिक्षामा स्थानीय सरकारको लगानी वृद्धि गरिने ।
७) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण संस्थाहरूको निरन्तर अनुगमन, निरीक्षण तथा मूल्याङ्कनको व्यवस्था गरिने साथै माध्यमिक विद्यालयहरूलाई पुरस्कृत गर्न तथा नियमन गर्न उत्तरदायित्व र कार्यसम्पादन परीक्षण पद्धति लागु गरिने ।

८) माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्र.अ.को व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापन प्रति प्र.अ.लाई उत्तरदायी वनाउने ।
९) शिक्षक तयारी, विकास र सहायता प्रणालीलाई पुनःसंरचित गरिने ।
१०) गणित, विज्ञान र अङ्ग्रेजी विषयको सिकाइ उपलब्धि सुधार गर्न विशेष कार्यक्रम सञ्चालन गरिने ।

### ३.३.४ उपलब्धि तथा प्रमुख नतिजाहरू

**(क) उपलब्धि(Outcomes)**

माध्यमिक शिक्षामा सवैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

**(ख) नतिजा(Results) तथा परिमाणात्मक लक्ष्य**

१) शिक्षण सिकाइ तथा विद्यार्थी सिकाइ उपलब्धिमा लैङ्गिक, सामाजिक तथा आर्थिक लगायतका सूचकहरूमा सुधार भएको हुने ।
२) सवै बालबालिकाहरू लाई नि:शुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुदभर्ना दर तथा टिकाउ दरमा वृद्धि भएको हुने ।
३) सवै माध्यमिक विद्यालयहरूले आधारभूत मापदण्ड पुरा गरेको हुने ।
४) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइ सहजिकरणलाई सहयोग भएको हुने ।
५) शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने ।
६) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामाग्रीको उचित व्यवस्थापन, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र सिकाइ वातावरणको निर्माण भएको हुने ।
७) माध्यमिक विद्यालयहरूमा अध्यापन गरिने विभिन्न विधाका विषयहरूमा उपलब्धि सुद्दढ भएको हुने ।
८) प्राविधिक तथा व्यावसायिक विषयको विस्तार तथा आकर्षणमा वृद्धि भई नतिजामा सुधार भएको हुने ।
९) गणित, विज्ञान र अङ्ग्रेजी विषयका सिकाइ उपलब्धिमा उल्लेख्य सुधार भएको हुने ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ५१४ | 580 | 600 | 618 | 634 | 640 |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | २१८ | 230 | 242 | 258 | 274 | 300 |
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(MEC)पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | ६ | सबै | सबै | सबै | सबै | सबै |

## ३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| **क्रस** | **प्रमुख क्रियाकलापहरू** | **इकाइ** | **भौतिकलक्ष्य** | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** |
| १ | शिक्षकको क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | पटक | | | १ | | १ |
| 2 | सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा शिक्षकको क्षमता विकासता लिम | पटक | | १ | | १ | |
| ३ | सरोका रसम्बद्ध पक्षहरूका बिचमा समन्वय, छलफल र अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ |
| ४ | आवश्यकताको आधारमा लागत सहभागिताको आधारमा भौतिक पुर्वधारका कार्यक्रम सञ्चालन गर्ने) भवनतथाकक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजाघर( | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | विद्यालयलाईशैक्षिकसामग्रीसहयोगकार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | विद्यालय शिक्षाको गुणस्त रसुधारका लागि अनुगमन, सुपरिवेक्षण तथा प्र.अ तथा शिक्षकलाई सहयोग | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्रीसहयोग कार्यक्रम | विद्यालय | | | १ | | १ |
| ८ | उत्कृष्ट शिक्षक विद्यार्थी पुरस्कार कार्यक्रम | जना | १ | १ | १ | १ | १ |
| ९ | शिक्षकले कक्षा कोठामा विताउने समयको पुर्ण कार्यान्वयनमा सहयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै |
| १० | कक्षा कोठामा आधारि तमूल्याङ्कन लाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | नियमित | १ | १ | १ | १ | १ |
| ११ | गणित, विज्ञान र अङ्ग्रेजी विषयका शिक्षकहरू बिचको अन्तरक्रिया तथा अनुभव आदानप्रदान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ |
| १२ | अन्तरविद्यालय अतिरिक्त क्रियाकलाप तथा खेलकूद प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ |

## *कार्यान्वयन तालिका*

| क्र.स. | कार्यक्रम | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत | स्रोत व्यावस्थापन | समय अवधी |
|---|---|---|---|---|---|---|
| १ | शिक्षकको क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | संघ, प्रदेश, र स्थानीय तह | माग र आवश्यक्ताका आधारमा विषयगत तालिम संञ्चालन | ३ लाख | गाउँपालिका | प्रत्येक वर्ष |
| २ | विषयगत सामग्री निर्माण | विद्यालय, विषयगत शिक्षक र विद्यार्थीहरु | विद्यालयको समन्वयमा शिक्षक र विद्यार्थी | | विद्यालय | निरन्तर |
| ३ | सुझाव पेटिका स्थापना तथा प्रभावकारी कार्यान्वियन | गाउँपालिका तथा विद्यालय | प्रत्येक विद्यार्थीहरुको पहुचमा सुझाव पेटिका राख्ने र ७/७ दिनमा पेटिका हेर्ने र सो अनुसार आवश्यक कारवाही गर्ने । | | विदयालय | निरन्तर |
| ४ | विद्यालयले श्वेयत पत्र तयार गरी जारि गर्ने | विद्यालय | विद्यालयमा छलफल श्वेयत पत्र तयारी तथा जारी | | | शैक्षिक सत्रको सुरुमा |
| ५ | प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्रीसहयोग कार्यक्रम | संघ,प्रदेश, स्थानीय तह | माग र आवश्कताको आधारमा संघ,प्रदेश र स्थानीय तह संग समन्वय गरी | | संघ,प्रदेश र स्थानीय तह | प्रत्येक वर्ष |
| ६ | पढ्दै कमाउदै कार्यक्रम | प्रदेश, स्थानीय तह, विद्यालय, शिक्षक र विद्यार्थी | प्रदेश र स्थानीय तहको मापदण्ड अनुसार | १० लाख | प्रदेश र स्थानीय तह | निरन्तर |
| ७ | स्काउट व्यावस्थापन | गाउँपालिका | गाउँपालिकाको मापदण्ड अनुसार | ६ लाख | गाउँपालिका | निरन्तर |

## ३.४ प्राविधिक तथा व्यवसायिक तालिम

### ३.४.१ वर्तमान अवस्था

साधारण शिक्षा विकासको ढोका हो भने, प्राविधिक तथा व्यवसायिक शिक्षा विकासको मुल ढोका हो । हरेक देशमा दक्ष जनशक्तिको आवश्यकता पर्दछ ।मूलुकको भौतिक, शैक्षिक राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा औद्योगिक विकासका लागि योग्य र दक्ष जनशक्तिको जरुरी पर्दछ । तसर्थ यस गाउँपालिका अन्तर्गत रहेको हालसम्म यस गाउँपालिकाभित्र कुनै पनि विद्यालयमा प्राविधिक तथा व्यवसायिक धारका कक्षाहरु सञ्चालन गर्न सकिएको छैन । प्राविधिक दक्ष जनशक्तिको अभाव तथा व्यवस्थित र सुविधाजनक भौतिक व्यवस्थापनको समस्या रहेको देखिन्छ । विद्यार्थीहरुमा पेसा, व्यवसाय र प्रविधिप्रति रुचि जगाएर व्यवहारकुशल सिपको विकासमा जोड दिनुपर्ने कुराप्रति भने विद्यालयहरु त्यति सहज भएको देखिदैन । यस्तो अवस्थामा प्राविधिक शिक्षा अध्ययन गरी कक्षा १२ उत्तीर्ण गरेका र माथिल्लो तहको शिक्षामा जान आर्थिक र बौद्धिक क्षमता तथा रुची र चाहनाका कारण पनि अलमलमा पर्ने गरेको देखिन्छ । त्यस्तै आवश्यकताको आधारमा व्यक्तिहरुका लागि गाउँपालिकाले रोजगारमूलक सिप सिक्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यताका साथ विश्ववजारको माग र प्रतिस्पर्धात्मक युग भएको हुदाँ हरेक माध्यमिक विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा उपलव्ध गराउन अपरिहार्य रहेको छ ।

### ३.४.२ उद्देश्यः

- थप प्राविधिक तथा व्यवसायिक विद्यालय स्थापना, संस्थागत विकास तथा सुदृढिकरण गर्नु ।
- प्राविधिक तथा व्यवसायिक धार सञ्चालित विद्यालयहरुको संस्थागत तथा पूर्वाधार विकास गरि दक्ष जनशक्तिको उत्पादन गर्नु ।
- प्राविधिक तथा रोजगारमुलक शिक्षा प्रदान गरि व्यवसायीक तथा आत्मनिर्भर जनशक्ति निर्माण गर्नु ।
- प्रयोगात्मक कार्यका लागि आवश्यक प्रयोगशाला तथा फिल्डको दिगो व्यवस्थापन गर्नु ।

### ३.४.३ रणनीतिहरु

- यस पालिका भित्र स्नात्तक तहसम्म प्राविधिक तथा व्यवसायिक धारको पठनपाठनको व्यवस्था गर्न सम्वन्धित निकायमा पहल गरिने छ।
- अन्य इच्छुक माध्यमिक विद्यालयहरुलाई प्राविधिक धार सम्वन्धन प्राप्त गर्न सम्वन्धित निकायमा पहल गरिने छ।

- स्थानीय तह मार्फत प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालनार्थ आवश्यक राय सल्लाह गरि आवश्यक आर्थिक पहल गरिने छ।
- प्राविधीक धारको पढाइका लागि अभिप्रेरित गरि पढ्दै कमाउदै कार्यक्रम थप व्यवस्थापन गरी सन्चालन गरिने छ ।
- स्थानीय आवश्यकताको आधारमा व्यक्तिहरुका लागि गाउँपालिकाले रोजगारमूलक छोटो अवधिका तालिम सञ्चालन गरिने छ ।
- प्राविधिक धार सञ्चालित विद्यालयमा प्रयोगात्मक कार्यका लागि आवश्यक प्रयोगशाला तथा फिल्डको दिगो व्यवस्थापन गरिने छ ।

### ३.४.४प्रमुख उपलब्धि तथा नतिजा

- विद्यार्थीहरूले सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गर्नै अवसर पाएको हुने ।
- दक्ष तथा रोजगारउन्मुख जनशक्ति तयार भएको हुने ।
- आत्मनिर्भर जनशक्ति उत्पादन भएको हुने ।
- सुरक्षित र सुचना प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यवसायिक शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने ।
- यस गाउँपालिकामा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन स्थायित्व तथा सुदृढिकरण भएको हुने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षाकोअवसर लाभग्राहिहरुले आफनै स्थानिय तहमा सहज र सरल रुपमा प्राप्त गरेका हुने ।
- स्वावलम्बी तथा आमानिर्भर जनशक्ति उत्पादनभएको हुने ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | | | १ | | १ | |
| २ | प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय संख्या | | | १ | | | १ |
| ३ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | | १ | | १ | १ | १ |

३.४.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य.

## प्राविधिक तथा व्यवसायिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्यदोस्रो ५ वर्ष | भौतिक लक्ष्य(१ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्राविधिक तथा व्यवसायिक | पटक | | | | १ | | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्वन्धन र अनुमति | | | | | | | | |
| २ | सुरक्षित किसिमको पूर्वाधार विकास तथा निर्माण | संख्या | | | १ | | १ | २ | २ |
| ३ | प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि विद्यालय सञ्चालन | संख्या | | | | १ | १ | २ | २ |
| ४ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको स्थायित्व तथा सुदृढिकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | प्राविधिक धारको विधालयलाई स्तरोन्नति गर्न | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६ | रोजगारकूलक छोटा अवधिका तालिम सञ्चालन | पटक | | १ | १ | १ | १ | ४ | ५ |
| ७ | प्राविधिक धार सञ्चालित विद्यालयको प्रयोगात्मक फिल्डको दिगो व्यवस्थापन | पटक | | | १ | | | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन | १ | १ | १ | १ | १ | ५ | |
| ९ | विद्यार्थीका लागि छात्रवृत्तिका अवसर | १ | १ | १ | १ | १ | ५ | ५ |

## कार्यान्वयन तालिका

| क्र.स. | कार्यक्रम | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत | स्रोत व्यावस्थापन | समय अवधी |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक विद्यालयको प्रयोगात्मक फिल्डको दिगो व्यवस्थापन | गाउँपालिका र विद्यालय | गाउँपालिका र विद्यालय विच समन्वय गरी प्रयोगात्मक कार्य सम्पन्न गर्ने | ३० हजार | गाउँपालिका | प्रत्येक वर्ष |
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन | गाउँपालिका | स्थानीय आवश्यकता अनुसार रोजगारमुलक कार्यक्रम संञ्चालन गर्ने | ५० हजार | गाउँपालिका | प्रत्येक वर्ष |
| ३ | विद्यार्थीका लागि छात्रवृत्तिका अवसर | गाउँपालिका, वडा, संघसस्था र विद्यालय | आर्थिक रुपमा विपन्न र जेहेन्दार विद्यार्थीलाई छात्रावृत्ती प्रदान गर्ने | २ लाख | गाउँपालिका, वडा, संघसस्था र विद्यालय | प्रत्येक वर्ष |
| ४ | प्राविधिक तथा व्यवसायिक सम्वन्धन र अनुमति र भवन निर्माण | संघ,प्रदेश र स्थानीय निकाय | सम्बन्धित निकायहरुको समन्वय बाट सम्पन्न गर्ने | | संघ,प्रदेश र स्थानीय निकाय | ३ वर्ष भित्र |

## ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ life long learning

### ३.५.१ वर्तमान अवस्था-

साल्पासिलिछो गाउँपालिका भित्र १ वटा सामुदायिक अध्ययन केन्द्र संचालनमा रहेका छन् जसले अनौपचारिक शिक्षा निरन्तर सिकाईका बारेमा कार्य गर्दै आएका छन्।

**सामुदायिक सिकाइ केन्द्रको विवरण**

| सि. नं. | सामुदायिक सिकाइकेन्द्रको नाम | ठेगाना | परिचालिका | सम्पर्क नं. | अध्यक्ष | स्थापना |
|---|---|---|---|---|---|---|
| सालपासिलिछो गाउँपालिका अन्तर्गतका सामुदायिक सिकाइ केन्द्रहरूको विवरण : | | | | | | |
| १ | चौकिडाँडा सामुदायिक सिकाइ केन्द्र | सा.सि ३ | मनिसा राई | 9819015586 | नवराज गुरुङ | 2069-01-30 |

**गाउँपालिकाको साक्षरताको अवस्था**

साल्पसिलिछो गाउँपालिकाको जनगणना २०७८ अनुसारसाक्षरताको अवस्थालाई विश्लेषण गर्दा समग्र स्थानीय तहको साक्षरता प्रतिशत ७९.३५ रहेको छ भने अझै पनि २०.६५ प्रतिशत जनसंख्या निरक्षर रहेको छ । तर हाल यसमा ब्यापक सुधार आएको गाउँपालिकाको ठहर छ । यसको विस्तृत विवरण तलको तालिका तथा ग्राफमा प्रस्तुत गरिएको छ ।

| विशेषताहरु | साल्पासिलिछो गाउँपालिका | | |
|---|---|---|---|
| **साक्षरताको अबस्था ५ बर्ष माथिको आधारमा** | | | |
| **आधार** | **पुरुष** | **महिला** | **जम्मा** |
| जम्मा पाँचवर्ष माथि | ५४७७ | ५८३८ | ११३१५ |
| पढ्न लेख्न सक्नेसाक्षर | ४६६९ | ४३१० | ८९७९ |
| **साक्षरता प्रतिशत** | **८५.२३** | **७३.५६** | **७९.३५** |
| | | | |
| पढ्न लेख्न नसक्ने | १२७६ | २२८५ | ३५६१ |
| उल्लेख नभएको | | | |

स्रोत : राष्ट्रिय तथ्याङ कार्यालय, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन https://censusnepal.cbs.gov.np/results/np/downloads/

### ३.५.२उद्देश्य

- सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक सूचना केन्द्रको रुपमा विकास गर्नु,
- निरक्षर व्यक्तिहरूलाई साक्षर बनाउनु,

- अनौपचारिक तथा निरन्तर शिक्षालाई जीवनोपयोगी सिपसँग आबद्ध गराउनु,
- निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, खुल्ला शिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रमहरू सञ्चालन गरी व्यक्तिका दैनिक जीवनसँग सम्बन्धित आवश्यकताहरूको परिपूर्ति गर्नमा सहयोग गर्नु,
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरूलाई जीवनोपयोगी सीपको विकास गरी सिकाइमा निरन्तर सहयोग पुर्याउनु,
- विभिन्न कारणले विद्यालयको पहुँच नपुगेका बालबालिकाहरू तथा प्राथमिक तह पूरा गरी अध्ययन गर्ने मौका नपाएका किशोरकिशोरीलाई वैकल्पिक कक्षा मार्फत् सिकाइका लागिखुल्ला विद्यालयमा समाहित गर्न,
- सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गरी सो केन्द्रमार्फत् जीवनोपयोगी सीप, आयमूलक कार्यक्रम र सीपमूलक कार्यक्रम सञ्चालन गर्नु गराउनु,
- सामुदायिक सिकाइ केन्द्रलाई विद्यालय तहको शिक्षा प्रभावकारी बनाउने सहयोगी संस्थाको रुपमा विकास गर्नु ।

### ३.५.३रणनीति

- सबैका लागि अनौपचारिक तथा निरन्तर शिक्षाको अवसर सुनिश्चित गराइने छ,
- सामुदायिक सिकाइ केन्द्रलाई कार्य सम्पादन गर्न सहजताका लागि प्रत्येक वडाको घरधूरी सर्वेक्षण गरिने छ,
- गाउँपालिकालाई साक्षर गाउँपालिकाका रुपमा विकसित गरिने छ,
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरूलाई जीवनोपयोगी सीपको विकास गरी सिकाइमा निरन्तर सहयोग पुर्याइने छ,
- विभिन्न कारणले विद्यालयको पहुँच नपुगेका बालबालिकाहरू तथा प्राथमिक तह पूरा गरी अध्ययन गर्ने मौका नपाएका किशोरकिशोरीलाई वैकल्पिक कक्षा मार्फत् सिकाइका लागिखुल्ला विद्यालयमा समाहित गरिने छ,
- सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गरी सो केन्द्रमार्फत् जीवनोपयोगी सीप, आयमूलक कार्यक्रम र सीपमूलक कार्यक्रम सञ्चालन गरिने छ,
- सामुदायिक सिकाइ केन्द्रलाई विद्यालय तहको शिक्षा प्रभावकारी बनाउने सहयोगी संस्थाको रुपमा विकास गरिने छ

- सबैका लागि शिक्षा, समावेशी शिक्षा, महिला शिक्षा, प्रौढ शिक्षा , कार्यमूलक साक्षरता, शिक्षामा समता र समानता जस्ता शिक्षासम्बन्धी नवीन अवधारणालाई साकार रूप दिइने छ ।

### ३.५.४ प्रमखउपलब्धी र नतिजा

### क.उपलब्धी

अनौपचारिक तथा निरन्तर शिक्षाका माध्यमबाट जीवनोपयोगी सीप तथा शिक्षाको अवसर सुनिश्चित हुने।

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन् ।

### ख. नतिजा

| क्र.सं. | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथि) * (%) | 76.38 | 78.32 | 81 | 83.55 | 86 | 89.95 |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्ष भन्दा माथिका महिला)(%) | 73.56 | 76.22 | 79.12 | 83.14 | 85 | 87.56 |
| ३ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | 1 | 1 | 0 | 1 | 0 | 3 |
| ४ | सामुदायिक पुस्तकालयको सङ्ख्या | 0 | 0 | १ | 0 | १ | 2 |
| ५ | | | | | | | |

### ३.५.५प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिकलक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा |
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अभिमुखीकरण | केन्द्र | | १ | | | १ | २ |
| २ | साक्षरता र निरन्तर शिक्षासम्बन्धी कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३ | विद्यालय शिक्षा भन्दा बाहिर रहेको समूहलाई वैकल्पिक शिक्षाको व्यवस्थापन | | | | | १ | | १ |
| ४ | सामुदायिक सिकाई केन्द्र सञ्चालन तथा व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | जीवन पर्यन्त सिकाइका लागि सामग्री विकास र प्रयोग | पटक | | | १ | | १ | २ |
| ६ | परिचालकको क्षमता विकास | पटक | | १ | | | १ | २ |
| ७ | सामुदायिक अध्ययन केन्द्रहरूमा सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल सामग्रीव्य वस्थापन | केन्द्र | | १ | १ | १ | १ | ४ |
| ९ | सामुदायिक पुस्तकालयहरू व्यवस्थापन तथा विस्तार गर्ने। | पटक | | १ | | १ | | २ |
| १० | मा.वि तहका विद्यार्थीहरूलाई निरन्तर सिकाइका लागि परिचालन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |

## *कार्यान्वयन तालिका*

| क्र.स. | कार्यक्रम | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत | स्रोत व्यवस्थापन | समय अवधी |
|---|---|---|---|---|---|---|
| १ | साक्षरता र निरन्तर शिक्षासम्बन्धी कार्यक्रम | सामुदायिक सिकाइ केन्द्र गाउँपालिका | गाउँपालिका र सामुदायिक सिकाइ केन्द्रको सम्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने | ५० हजार | गाउँपालिका | प्रत्येक वर्ष |
| २ | विद्यालय शिक्षा भन्दा बाहिर रहेको समूहलाई वैकल्पिक शिक्षाको व्यवस्थापन | सम्वन्धित निकाय र स्थानीय तह | गाउँपालिका | २५ हजार | गाउँपालिका | प्रत्येक वर्ष |
| ३ | सामुदायिक सिकाई केन्द्र सञ्चालन तथा व्यवस्थापन | गाउँपालिका र सामुदायिक सिकाइ केन्द्र | गाउँपालिका | २५ हजार | गाउँपालिका | प्रत्येक वर्ष |
| ४ | मा.वि तहका विद्यार्थीहरूलाई निरन्तर सिकाइका लागि परिचालन कार्यक्रम | स्थानीय तह र विद्यालय | गाउँपालिका र विद्यालयको समन्वयमा विद्यार्थीहरुको परिचालन गर्ने | | गाउँपलिका र विद्यालय | प्रत्येक वर्ष |

# परिच्छेद ४ : अन्तरसम्बन्धित क्षेत्रहरु

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मुल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

साल्पासिलिछो गाउँपालिकामा जम्मा ३७ सामुदायिक विद्यालयहरु रहेका छन् भने १ वटा संस्थागत, १ वटा धार्मिक विद्यालयहरु रहेका छन् । त्यस्तै ४० वटा बालविकास केन्द्रहरु रहेका छन् । ती विद्यालयहरु मध्ये एउटा नमुना विद्यालय रहेको छ । यस पालिकाभित्र सामुदायिक र संस्थागत विद्यालयहरुमा जम्मा ३२११ विद्यार्थीहरु अध्ययनरत छन् । (स्रोत: साल्पासिलिछो गाउँपालिकाको इमिस २०८२ )यस गाउँपालिकाभित्रका १ वटा संस्थागत विद्यालयले आफ्नै तरिकाले निजी क्षेत्रबाट प्रकाशित पाठ्यपुस्तकहरुको प्रयोग छन् भने सामुदायिक

विद्यालयहरुमा पाठ्यक्रम विकास केन्द्रले तय गरेको पाठ्यपुस्तक पठनपाठन भईरहेको छ । यस पालिका भित्र वर्तमान परिस्थितिमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयनमा रहेको छ जस अन्तर्गत शैक्षिक वर्ष २०७७ देखि १ र ११ मा नयाँ पाठ्यक्रम अनुरुप अध्ययन अध्यापन कार्य शुरु गरी शैक्षिक वर्ष २०८० सम्म कक्षा १२ सम्म सबै कक्षामा कार्यान्वयन भएको छ । केहि सामुदायिक विद्यालयहरुले केहि तल्लो कक्षा र सम्म अंग्रेजी माध्यममा अध्ययन अध्यापन गराईरहेका छन । सामुदायिक विद्यालयहरुको आधारभूत तहतर्फ स्थानीय पाठ्यक्रम लागू गर्नुपर्ने कार्यविधि अनुसार यस पालिकाले पनि कक्षा १ देखी ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा रहेको छ ।

यस पालिका भित्रका आधारभूत तह कक्षा ६-८ सञ्चालित आधारभुत विद्यालय र माध्यमिक तहका सामुदायिक विद्यालयहरुमा गाउँपालिका द्वारा डिजिटल हाजिरी वितरण गरिएको तथा प्रदेशको सामाजिक विकास मन्त्रालय र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमद्वारा विज्ञान प्रयोगशाला र ICT LAB, Library, E-Library वितरणका कार्यक्रमहरु हुँदै आएका छन् । जस अन्तर्गत यस पालिका भित्रका विभिन्न सामुदायिक विद्यालयहरुमा Interactive board र Smart TVजडान गर्ने कार्य भएका छन् । यसै गरेर शिक्षा तालिम केन्द्र, पालिका र शिक्षा विकास तथा समन्वय ईकाइ द्वारा पनि बेला बेलामा सामुदायिक विद्यालयका शिक्षकहरुलाई पेशागत क्षमता विकास सम्बन्धी विभिन्न गोष्ठी र तालिमहरु गराई शिक्षण सिकाइमा सुधारको प्रयास गरिएको छ तापनि परिवर्तित समय र परिस्थिती अनुरुप शिक्षण सिकाइ कार्यको प्रभावकारिता र शिक्षकको तयारी, विकास, कार्यकुशलता र उत्प्रेरणा, सिकेको कुरा कक्षाकोठामा प्रयोग, पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका पक्षमा सुधारको जरुरी देखिन्छ ।

पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तक तथा सन्दर्भ सामाग्रीहरुको विद्युतीय प्रति तयार गरी वेवसाइटमा राखेको छ । साथै प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अन्तर्गत पनि यस पालिकाका सबै सामुदायिक विद्यालयहरूमा १८० विभिन्न शिर्षकका सन्दर्भ पढाइ सामग्रीका पुस्तकहरू वितरण भएका छन । सहज अवस्थामा मुद्रित पाठ्यपुस्तक तथा पाठ्यसामाग्रीको पहुँचमा खासै समस्या नदेखिए तापनि विभिन्न किसिमको महामारी र विपदको वेलामा विभिन्न विधि र माध्यममा पाठ्यसामाग्रीको पहुँचमा वृद्धि गर्नुपर्ने अवस्था देखाएको छ । सधैँ आमनेसामने विधिमा मात्र भर नपरी शिक्षण तथा मूल्याङ्कनका क्रममा पनि वैकल्पिक विधि र माध्यमको आवश्यकता जरुरी देखिन आउँछ ।

### ४.१.२ उद्देश्य

यस योजनाले पालिका भित्र पाठ्यक्रम र मूल्याङ्कनसम्बन्धी निम्न लिखित उद्देश्यहरु राखेको छः

- पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तर प्राप्तिका लागि प्रभावकारी ढंगले कार्यान्वयन गर्नु ।
- स्थानिय परिवेश बमोजिम निर्मित स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु ।
- सिकाइलाई दैनिक जीवनसंग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार बालबालिकाहरुमा ज्ञान, सिप र व्यवहारकुशल सीपको विकासमा सहजीकरण गर्नु ।
- पाठ्यक्रमलाई जीवन्त अनुभवमा आधारित सिप सँग जोडी विकास र कार्यान्वयन गर्नु ।
- शिक्षकहरूलाई पाठ्यक्रम सम्बन्धि अभिमुखीकरण तथा मुल्याङ्कन प्रणाली सम्बन्धि तालीमको व्यवस्था गर्नु।
- पाठ्यक्रमलाई प्रविधिसंग सम्वन्धित गराई प्रविधमैत्री सिपयुक्त सक्षम जनशक्ति तयार गर्नु ।

### ४.१.३ रणनीति

उल्लेखित उद्देश्यहरु हासिल गर्नका लागि निम्न रणनितिहरु अवलम्बन गरीनेछः

- पाठ्यक्रमको उद्देश्य प्राप्तिका लागि पालिका भित्रका विद्यायलयहरुमा यसको मूल्याङ्कन र कार्यान्वयनपक्षको सुनिश्चित गरिने छ ।
- सिकाइलाई दैनिक जीवनसंग जोड्न स्थानीय परिवेश र भौगिलिक अवस्था अनुकुलको विषयवस्तुलाई सिकाइ क्रियाकलापमा समावेश गरिने छ ।
- बालबालिकाहरुमा स्थानीय र आधुनिक परिवेश अनुसारको शिक्षण सिकाइ सहजिकरण गरी ज्ञान, सिप, र व्यवहार विकासमा टेवा पुर्याईनेछ ।
- स्थानीय परिवेश र भौगोलिक अवस्थाका आधारमा बालबालिकाहरुमा विभिन्न सिपसँग सम्बन्धित चरणबद्घरुपमा तालिम र परियोजना कार्यहरु सञ्चालन गरिने छ ।
- पालिका भित्रका आधारभूत र माध्यमिक विद्यालयहरुमा क्रमशः सञ्चार र प्रविधिको पहुँचको सुनिश्चित गरिँदै लगिनेछ ।
- प्रत्येक आधारभूत तथा माध्यमिक तहका सामुदायिक विद्यालयका प्रधानाध्यपकहरुलाई प्रविधिसँग जोड्न क्रमशः ल्यापटपको व्यवस्था गरीदै लगिनेछ ।

- पालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयहरु विच आ-आफ्ना शैक्षिक प्रणाली र सिकाइ प्रक्रियाका आ- आफ्ना विचार आदान प्रदान गर्न प्रोत्साहन गरिनेछ ।
- पालिका भित्रका सामुदायिक विद्यालयहरु मध्ये कार्यसम्पादनका आधारमा उत्कृष्ट विद्यालयलाई क्रमशः उचित मुल्याङ्क गरी पुरस्कृत गरिनेछ ।
- तहगत सबै शिक्षकहरूलाई पाठ्यक्रमसम्बन्धि अभिमुखीकरण तथा तालिम सञ्चालन गरिने छ।
- प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका लागि बालमैत्री शैक्षिक सामग्रीको व्यवस्थापन गरिने छ ।
- अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने छ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र आन्तरिक मूल्याङ्कनलाई प्रभावकारिताका साथ कार्यान्वयन गरिने छ।
- राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्दिष्ट गरेअनुसार स्थानीय सरकारलाई विद्यालय तहमा पाठ्यक्रम कार्यान्वयन पक्षमा सक्षम बनाईनेछ ।
- महामारी, विपद तथा संकटको वेला सिकाइलाई निरन्तरता दिन वैकल्पिक सिकाइका आधारहरु पहिचान गरी सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत सक्षमता विकास गरिने छ । उक्त प्रयोजनकालागि स्थानीय अनलाईन पत्रपत्रिका साथै रेडियोहरुको साझेदारी भूमिकामा सिकाइ समाग्रीहरु उत्पादन गरी छपाई तथा प्रसारण गरिनेछ ।
- प्रत्येक सामुदायिक विद्यालयहरुमा सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याई सिकाइ उपलब्धी सुधार गरिने छ ।
- अतिरिक्त क्रियाकलापलाई प्रथमिकतामा राख्दै पालिकामा कोषको खडा गरी शैक्षिक भ्रमण, तथा पालिका स्तरीय शैक्षिक प्रदशनीको आयोजनाको प्रबन्ध मिलाईनेछ ।
- सबै कक्षा र तहका परीक्षाहरुलाई पालिका स्तरबाट सञ्चालन गरी मूल्याङ्कनलाई व्यवस्थित गरिने छ ।
- आधारभूत तथा माध्यमिक तहको परीक्षालाई स्तरीय र मर्यादित बनाई सुधार गरिने छ ।

- समुदायीक विद्यालयमा तहगत संयोजकको व्यवस्था गरिने छ भने प्रत्येक विद्यालयका शिक्षकहरुले वार्षिक सिकाइ योजना बनाई विद्यालय प्रशासन र वि.व्य. स. संग सम्झौता गरी सिकाइ उपलब्धि प्रति शिक्षकहरुलाई जिम्मेवार तथा जवाफदेही बनाईनेछ ।
- गाउँपालिकाद्वारा निर्मित स्थानीय पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरू विकास गरिने छ ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि बुँदागत रूपमा उल्लेख गरिएको छ ।*

पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ ।

१. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुने छ ।
२. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

*योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा तलको तालिकामा उल्लेख गरिएको छ ।*

| क्र.सं. | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ३८ | सबै | सबै | सबै | सबै | सबै |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | | | | | | |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | 12 | 16 | 20 | 24 | 28 | 32 |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ३८ | सबै | सबै | सबै | सबै | सबै |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | 12 | 15 | 18 | 21 | 24 | 27 |
| ६ | | | | | | | |
| ७ | | | | | | | |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिकलक्ष्य | बाँकी ५ बर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका,सन्दर्भ सामग्रीकोविकास र प्रवोधिकण सम्बन्धी कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | पाठ्यक्रम, पाठ्यपुस्तक, र शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारी कार्यान्वयन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ३ | नयाँ पाठ्यक्रममा आधारित शिक्षक तालिम तथा सहायता प्रणाली मार्फत् शिक्षकको क्षमता विकास गर्ने | पटक | | १ | | १ | | २ | २ | |
| ४ | आवश्यकताका आधारमा विषयगत प्रयोगशाला, | विद्यालय | | १ | १ | १ | १ | ४ | ४ | |
| ५ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण,विकास र कार्यान्वयन | पटक | कक्षा १-८ | | | | | | | |
| ६ | सूचना तथा सञ्चा र प्रविधिमा आधारित डिजिटल सामग्री प्रयोग | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | कक्षा १ देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा ब्यवस्थापन सञ्चालन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ८ | निरन्तर विद्यार्थी मुल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ११ | एकीकृत पाठ्यक्रमको प्रवोधिकरण र प्रयोग | पटक | १ | | १ | | | २ | २ | |
| ९ | मुल्याङ्कन प्रणालिमा सुधार ल्याउन कक्षा ५ र ८ को पालिका स्तरीय वार्षिक परीक्षासञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | कक्षाकोठामा आधारित कक्षापठाइ तथा सीप परिक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ११ | विद्यालय तहको मुल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजिकरण | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि अनुकूल पाठ्यपुस्तक/पाठ्यसामग्री नि:शुल्क उपलब्धता | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| १३ | सिकारुको सिकाइ उपलब्धि प्रति जवाफदेही बनाई गुणस्तर सुधारका लागि प्रअ र शिक्षकसंग कार्य सम्पादनमा आधारित करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १४ | अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि शैक्षिक सामग्रीहरूको विकास गर्ने । | पटक | | १ | | १ | | २ | | |
| १५ | मूल्याङ्कन तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाइ व्यवहारमुखी बनाउन तालिम सञ्चालन गर्ने । | पटक | | १ | १ | १ | | ३ | ३ | |

## कार्यान्वयन तालिका

| *क्र.स.* | *कार्यक्रम* | *जिम्मेवार निकाय* | *कार्यविधि* | *अनुमान लागत* | *स्रोत व्यावस्थापन* | *समय अवधी* |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका,सन्दर्भ सामग्रीकोविकास र प्रवोधिकण सम्बन्धी कार्यशाला | गाउँपालिका, विद्यालय | प्रशिक्षकद्धवारा छलफल अन्तरकृया | ३ लाख | गाउँपालिका | प्रत्येक वर्ष |
| २ | कक्षा १ देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा ब्यवस्थापन सञ्चालन | गाउँपालिका र विद्यालय | गाउँपालिका र विद्यालय विच समन्वय गरी काम सञ्चालन गर्ने | १ लाख | गाउँपालिका | प्रत्येक वर्ष |
| ३ | एकीकृत पाठ्यक्रमको प्रवोधिकरण र प्रयोग | संघ , प्रदेश र स्थानीय तह | कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्ने | | | प्रत्येक वर्ष |
| ४ | मुल्याङ्कन प्रणालिमा सुधार ल्याउन कक्षा ५ र ८ को पालिका स्तरीय वार्षिक परीक्षासञ्चालन | स्थानीय तह | परिक्षा सञ्चालक समिति गठन गरी परिक्षा सञ्चालन गर्ने | २ लाख | गाउँपालिका | प्रत्येक वर्ष |
| ५ | विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि अनुकूल पाठ्यपुस्तक/पाठ्यसामग्री निःशुल्क उपलब्धता | संघ, प्रदेश स्थानीय तह, विद्यालय | आवश्यक नीति नियमको आधारमा सामग्रीहरुको खरिद गरि वितरण गर्ने | ५० हजार | गाउँपालिका | प्रत्येक वर्ष |
| 6 | कक्षाकोठामा आधारित कक्षापठाइ तथा सीप परिक्षण सञ्चालन | विद्यालय | विद्यालको अनुकुल हेरि कार्यक्रम संञ्चालन गर्न सक्ने | | विद्यालय | आवश्यक्ता अनुसार |

## ४.२ शिक्षक ब्यवस्थापन तथा विकास

### *४.२.१ वर्तमान अवस्था*

नेपालको संविधानले सबै नागरिकहरूलाई आधारभूत शिक्षा (प्रारम्भिक बाल विकासदेखि कक्षा ८ सम्म) लाई अनिवार्य र निःशुल्क तथा माध्यमिक तह (कक्षा ९–१२) सम्मको शिक्षा निःशुल्क

पाउने मौलिक हकको रुपमा व्यवस्था गरेको छ । त्यस्तै गरी अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हकको व्यवस्था गरेको छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक तथा व्यवसायिक सीपमूलक, रोजगारमूलक तथा जनमुखी बनाउने विषय संविधानमा उल्लेख गरिएको छ । नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था नेपालको संविधानले गरेको छ ।

विद्यालयमा विद्यार्थी ल्याउने, टिकाउने, सिकाउने र राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा उपलब्ध अवसर हरूलाई सजिलोसँग लिन सक्ने (बिक्न सक्ने) बनाउने हाम्रो शिक्षा पद्धतिको उद्देश्य रहेको पाइन्छ । मूलरुपमा शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षण पेशामा सक्षम शिक्षक भित्र्याउने, टिकाउने, क्रियाशील तुल्याउने र आफ्नो पेशा र कामको जिम्मेवारीप्रति जवाफदेही बनाउने योजनाका साथ विद्यालयहरूमा शिक्षक दरबन्दी कायम हुनु आजको आवश्यकता हो । साल्पासोलिछो गाउँपालिकाको तहगत रुपले वर्तमान अवस्थाको स्वीकृत शिक्षक दरबन्दीको अवस्था निम्न अनुसार रहेको छ ।

### साल्पासिलिछो गाउँपालिकाको तहगत शिक्षक दरबन्दी विवरण २०८२

| क्र.स | तह | स्थायी | राहत | अस्थायी/अनुदान | करार | निजी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूततह (१–५) | ८४ | १९ | २ | १६ | ३ | १२४ | |
| २ | आधरभूततह (६–८) | ८ | १० | १४ | ४ | १ | ३७ | |
| ३ | माध्यमिकतह (९–१०) | ९ | ७ | ७ | ५ | १ | २९ | |
| | माध्यमिकतह (११–१२) | ० | २ | २ | २ | ० | ६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **५** | पूर्वप्राथमिकशिक्षक (बालविकास केन्द्र सहजकर्ता) | ० | ० | १३ | २८ | ० | ४१ |
| | जम्मा | १०१ | ३८ | ३८ | ५५ | ५ | २३७ |

*(साल्पासिलोछो गाउँपालिका शिक्षा शाखा २०८२)*

यस योजनामा शिक्षाको गुणस्तर अभिबृद्धिका साथै कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइ प्रति शिक्षकलाई जीम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिनेछ। यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतिहरूको पहिचान गरीएको छ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरीएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस कार्यक्रमका उद्देश्य, उद्देश्य प्राप्तिका लागि अपनाउने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतीजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरीएको छ ।

## क. शिक्षण पेशा प्रति आकर्षण र नियुक्ति

राष्ट्रियरूपमा शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नका लागि नेपालको चालु सोह्रौं योजना(२०८१/०८२-२०८६/०८७) ले यस पेसामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने कुरा उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली, २०५९ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमतिपत्र अनिवार्य हुनुपर्ने, स्थायी शिक्षकको हुनकालागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तिर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पुरा गर्नुपर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ। नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको छ । शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यसैबाट ती शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ । आगामी दिनहरूमा निरन्तर शिक्षक पेशागत विकास र सहयोग, पूर्वानुमान

योग्य सरुवा र बढुवा प्रणाली कार्यसम्पादनमा आधारित दण्ड र पुरस्कार सम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली अवलम्वन गर्नु वाञ्छनीय रहन्छ ।

स्थानीय स्तरमा हेर्दा समेत साल्पासिलिछो गाउँपालिकाबाट करार तथा राहत अनुदान कोटाको लागि गरीएको शिक्षक पदका विज्ञापनमा आबेदन पेस गर्नेहरूको उल्लेख्य सङ्ख्याले शिक्षक पेसा प्रतिको आकर्षणलाई थप पुष्टि गर्दछ । अस्थायी करार तथा राहत अनुदान कोटामा शिक्षक नियुक्तिका लागि आवश्यक प्रवन्ध गरी नियुक्ति प्रकृयालाई व्यवस्थित गर्ने प्रयास गरीएको छ ।तथापि यसरी नियुक्त भएका शिक्षकहरूलाई नेपाल सरकार तथा प्रदेश सरकारका तर्फबाट पेसागत विकासका कार्यक्रममा सहभागी नगराइएको तथा यस प्रणालीबाट नियुक्त शिक्षकको कार्य सम्पादन मूल्याङ्कन समेत नहुने व्यवस्था भएका कारण शिक्षक सेवा आयोगबाट सिफारिस भइ नियुक्त भएका स्थायी शिक्षक भन्दा बाहेकका शिक्षकको पेसागत विकास र कार्य सम्पादन मूल्याङ्कनको सन्दर्भमा स्थानीय तहबाट उपयुक्त विधि निर्माण गर्न आवश्यक रहेको देखिन्छ । यसका अलवा गाउँपालीकाले आफ्नो भूगोल भित्र रहेका मेघावी प्रतिभालाई शिक्षक पेसामा आकर्षित गर्ने (Talent Hunt) नीति निर्माण गर्न आवश्यक देखिन्छ ।

## ख.शिक्षक तयारी

नेपालमा विश्वविद्यालयले सञ्चालन गर्दै आएका शिक्षाशास्त्र संकाय अन्तरगतका स्नातक तथा स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमलाई नै शिक्षक तयारी कार्यक्रम/प्राज्ञिक योग्यता र व्यवसायिक योग्यता दुवै मानिने गरीएको छ । यस प्रकारका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने प्रमुख विश्वविद्यालयको रूपमा त्रिभुवन विश्वविद्यालय रहेको कुरा विभिन्न शैक्षिक तथ्याङ्ले देखाएका छन । यसका अलवा कक्षा ११ र १२ सञ्चालन रहेका विद्यालयहरूले समेत शिक्षक तयारीको कार्य गर्दै आइरहेकोमा परिवर्तित पाठ्यक्रम संरचना अनुसार भविष्यमा कक्षा १२ उत्तिर्ण गरे पश्चात थप शैक्षिक तालिम प्राप्त गरे पछि मात्र शिक्षक बन्ने योग्यता पुरा हुने अवस्थाआउने छ ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वि.एड. वा एम.एड.गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । विश्वका विभिन्न मुलुकको अभ्यासलाई हेर्दा मुलुकमा मूल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारीका छुट्टै कार्यक्रममा सहभागी भई सो पूरा गरेपछि

मात्र शिक्षकका लागि योग्य मान्ने प्रचलन पनि रहेका छन् ।शिक्षा ऐन २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली, २०५९र शिक्षक सेवा नियमावली २०५७मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्न माध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२वा अन्य बाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १०महिने शिक्षक तालिम लिइअध्यापन अनुमतिपत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षाशास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्य बाट स्नातक तह उत्तीर्ण गरी एकवर्षे वि.एड. गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ । त्यसैगरी माध्यमिक तह कक्षा ११ र १२मा अध्यापन गर्नको लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ । शिक्षकअध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन भने शिक्षकसेवा आयोगले गर्दै आएको छ ।

सोह्रौँ योजनाले शिक्षकको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रूपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरीने उल्लेख गरेको भएपनि यो कार्य हाल सम्म हुन सकेको छैन । राष्ट्रिय शिक्षा नीति २०७६बमोजिम सबै प्रकारका विद्यालयमा अध्ययन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेशागत विकास कार्य सञ्चालन गरीने उल्लेख गरेको छ । यही मापदण्डका आधारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरू बीचको सहकार्यबाट विश्वविद्यालयहरूले शिक्षक तयारी कोर्स विकास गरी कार्यक्रम सञ्चालन आवश्यक देखिएको छ । यसैगरी विद्यालय तहको पाठ्यक्रम र विषयहरू हेरेर प्रवेश परीक्षा सञ्चालन गरी छनौट भएका विद्यार्थीलाई मात्र विश्वविद्यालयमा शिक्षक शिक्षा कार्यक्रम भर्ना लिने व्यवस्था गर्नु उपयुक्त हुन्छ। विश्वविद्यालयका शिक्षक तथा शिक्षा कार्यक्रम एकातिर अनुसन्धान र अभ्यास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षणसम्बन्धी व्यावहारिक कुशलताको कमी रहेको देखिएको छ भने अर्कोतिर सीमित अवधिमा विषयवस्तु र शिक्षण सम्बन्धी विषय अध्ययन गर्न पर्ने भएकाले दुबै पक्षमा पर्याप्त सिकाइ हुन सक्ने अवस्था छ। देश संघीय प्रणाली गए सँगै विद्यालय तहको शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा समावेश गरीको छ । यस परिप्रेक्ष्यमा अव स्थानीय तहले शिक्षक तयारीमा योजनाबद्ध कार्यक्रम लागु गर्नु आवश्यक देखिन्छ ।

### ग. शिक्षण सिकाइ क्रियाकलाप

बालबालिकाको सिकाइ उपलब्धी मुलतः कक्षाकोठामा सञ्चालन गरीने शिक्षण सिकाइ क्रियाकलापमा भर पर्छ । विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री परियोजनामा आधारित, समूह कार्यमा आधारित तथा सामुदायिक

क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६सूचना तथा प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकीकृत गर्दै प्रविधिमैत्री, व्यवहारिक र नतिजा मूलक बनाउने उल्लेख गरेको अवस्था छ । नेपालमा विगतदेखि हालसम्म संचालित विभिन्न शिक्षा योजना र परियोजना तथा कार्यक्रमले कक्षाकोठाको शिक्षण सिकाइमा सुधारलाई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरूप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधि प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता प्रयासहरूभएका छन् ।यसै गरी चालु सोह्रौँ योजनाले शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहूकक्षा शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्धति मार्फत पढाइ सीप प्रवर्द्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भसामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगाएको व्यवस्थामा जोड दिएको छ ।

राष्ट्रिय परिवेशमा हेर्दा आ.ब. २०७७/०७८ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत ५ अर्ब ६ करोड रुपैया विनियोजन भएको थियो । यस कार्यक्रमबाट ४ हजार २ सय ५० विद्यालयहरूमा विविध परियोजना सञ्चालनमा आएका थिए । यस कार्यक्रमबाट शिक्षण सिकाई क्रियाकलापका लागि भौतिक अवस्थाको सुधार, प्रविधीको जडान, शैक्षिक सामग्रीको उपलव्धता भएबाट आगामी दिनमा विद्यार्थीको सिकाइ उपलव्धीमा सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

स्थानीय स्तरमा इन्टरनेटजन्य प्रविधीको कमजोर पूर्वाधारका कारण भर्चुअल माध्यमबाट हुने कक्षा समेत सञ्चालन हुन नसकेका कारण बालवालिकाहरूको सिक्न पाउने अधिकार समेत सङ्कुचित हुन पुगेको छ । यस परिस्थितिमा स्थानीय स्तरमा सिकाइको उपयुक्त वैकल्पिक माध्यमलाई अवलम्बन गरी शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिनु अपरिहार्य देखिन्छ ।

## घ. शिक्षक पेशागत सहयोग पद्धति

विश्वमा शिक्षक पेशागत सहयोगका विभिन्न तरिकाहरूको प्रचलन छ कक्षा अवलोकन र छलफल,मेन्टरिङ, नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान, शिक्षकहरूको सिकाइ सञ्जाल, शिक्षक सम्मेलन, सहकर्मीहरूबीचमा अन्तरक्रिया, प्रतिविम्बित शिक्षण अभ्यासआदि ।नेपालमा विगतमा सञ्चालित विभिन्न परियोजनाहरू मार्फत शिक्षक पेसागत सहयोगका लागि विद्यालय निरीक्षक तथा स्रोतकेन्द्र जस्ता संस्थागत प्रवन्धहरू गरीएका थिए । यस प्रकारका संस्थाबाट शिक्षकका लागि विविध तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छन् ।

राष्ट्रिय शिक्षा नीति २०७६अनुसार स्थानीय तहमा सेवा निवृत्त शिक्षक लाई अध्ययन-अनुसन्धान शिक्षक सहायता, अनुगमन जस्ता प्रकृयामा प्रयोग गर्ने कुरा उल्लेख भएतापनि यस प्रकारका अनुभव हस्तान्तरणका लागि आवश्यक कानूनी व्यवस्था मिलाउन सकिएको छैन। दिगो विकास लक्ष्य (२०१६-२०३०) अनुसार सिकाइ आदान प्रदान क्षमता विकास, प्रविधि हस्तान्तरण ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरू बीच  सञ्जाल विकास गर्न अति कम विकसित मुलुकका लागि दिएको सुविधाको उपयोग हुन सकेको छैन।

वर्तमान समयमा  शिक्षकको पेसागत सहयोगका लागि स्थानीय तह नै सवै भन्दा जिम्मेवार र तालुक निकायको रूपमा रहने गरी नीतिगत परिवर्तन भइ सकेको छ । विगतमा भएका संयन्त्रको खारेजी गरीए पश्चातको संक्रमणकालिन वर्तमान अवस्थामा स्थानीय तहले नीतिगत परिपक्कता समेत हासिल गरीसकेका छैनन। यस परिप्रेक्ष्यमा स्थानीय तहले शिक्षकको पेसागत सहयोगका लागि थप नीतिगत र कार्यक्रमगत क्रियाशिलता देखाउन जरूरी छ।
प्रधानाध्यापकको कुशल नेतृत्वबाट नै विद्यालयले आफ्ना लक्ष्य र उद्देश्य प्राप्त गर्न सक्दछ । यसका लागि प्रधानाध्यापकलाई थप जिम्मेवारी र अधिकार प्रदान गर्न जरूरी छ।विज्ञान प्रविधी तथा सूचना प्रविधीमा आएको व्यापक विस्तारीकरण संगै शिक्षक सहायता प्रणालीले थप अवसर प्राप्त गरेको छ । यस प्रकारका प्रविधीबाट शिक्षकले अधिकतम लाभ लिनका लागि विद्यालयलाई थप स्रोतपूर्ण वनाउन समेत आवश्यक छ।

## ङ. शिक्षक क्षमता विकास कार्यक्रम

गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय शिक्षक अनिवार्य शर्तको रूपमा रहेको हुन्छ। पेशागत रूपमा सक्षम दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउन सकिन्छ। यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ। शिक्षकको पेशागत विकासका विभिन्न तौरतरिका छन्। शिक्षक तालिम कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकको सिकाई सञ्जाल, अवलोकन भ्रमण,मनिटरीङ जस्ता विधिहरू विश्वमा प्रचलनमा रहेका छन।
नेपालमा शिक्षकको क्षमता विकासका लागि विगतमा विभिन्न परियोजना र कार्यक्रम संचालन भए।  शिक्षकको क्षमता वृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले विक्रमसंवत् २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापनासँगै सो अन्तर्गत ९ वटा प्राथमिक शिक्षक तालिम केन्द्र स्थापना भए। ती तालीम केन्द्रहरूबाट सेवाकालिन प्राथमिक शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन गरीए। शैक्षिक जनशक्ति विकास केन्द्रमा माध्यमिक शिक्षा विकास केन्द्र गाभिएपछि शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत शिक्षक तालिम दिन

केन्द्रहरू(३५वटा), अगुवा स्रोतकेन्द्रहरू र स्रोत केन्द्र मार्फत लामो छोटो अवधिका शिक्षक तालिम कार्यक्रम सञ्चालन हुँदै आए । विद्यालय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत पनि शैक्षिक जनशक्ति विकास केन्द्रले तिनै तालिम केन्द्रहरू, अगुवास्रोतकेन्द्र र स्रोत केन्द्रहरू मार्फत शिक्षक विकास तालिम (टिपिडि तालिम) सञ्चालन गर्दै आएको थियो । तर संघीय संरचनाको कार्यान्वयनसँगै शिक्षक तालिम तथा विकासका लागि प्रदेशमा एक/एक गरी जम्मा ७तालिम केन्द्रहरू मात्र रहने गरी अन्य सबै संरचना हटेका छन् ।

सोह्रौ योजनाले विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षकको पेसागत विकास कार्यक्रम सञ्चालन गरीने र सार्वजनिक माध्यमिक विद्यालयमा क्रमशःअलग्गै प्रधानाध्यापकको व्यवस्था गरी सबै प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवं नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरीने उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६अनुसार सबै प्रकारका विद्यालयमा अध्ययन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा निरन्तर पेशागत विकास कार्य सञ्चालन गर्ने कुरा उल्लेख छ । यसैगरी आधारभूत तहका शिक्षकले विषयगत शिक्षण, बहुकक्षा शिक्षण, कक्षा शिक्षण पद्धति सम्बन्धी ज्ञान हासिल गरी पठनपाठनमा सोको प्रभावकारी प्रयोग गर्नसक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरीने व्यवस्था गरेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ले स्थानीय तहले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेशा विकासकार्यक्रमहरू जस्तै कम्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, शिक्षक नेटवर्क, प्रतिविम्बन शिक्षक,सहकार्यात्मक रूपमा गरीने अनुसन्धान, मेन्टरिङ, कोचिङ आदि सञ्चालन गर्ने व्यवस्था गरेको छ । साथै सो नीतिमा सूचना तथा सञ्चार प्रविधिको विकासकोमा भएको तीव्र विकाससँगै तालिम दिने पद्धतिमा समेत परिवारजन गरी आमने सामने, विद्यालयमा आधारित, मिश्रित अनलाइन तथा भर्चुअल पद्धतिबाट तालिम सञ्चालन गरीने कुरा उल्लेख छ ।

मुलुक संघीय संरचनामा गरेसँगै साविकको शैक्षिक जनशक्ति विकास केन्द्र साविकको शिक्षा विभागमा गाभिन गई शिक्षाविभाग शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा रुपान्तरण हुन पुग्यो । शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालनका लागि मापदण्ड बनाउने, प्रारूप बनाउने, तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने कार्य यस केन्द्रबाट हुँदै आएको छ। शिक्षकको पेशागत विकासका लागि सातवटा प्रदेश स्तरीय शिक्षा तालिम केन्द्रहरूले अनलाइन तथा अफलाइन प्रविधिबाट दुई चरणमा एकमहिने प्रमाणीकरण शिक्षक तालिम र

कष्टमाइज शिक्षक तालिम सञ्चालन गर्दै आएको अवस्था छ ।हाल सञ्चालनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमले पनि शिक्षकको पेशागत विकासलाई जोड दिएको अवस्था छ ।

विद्यालय क्षेत्र विकास योजना अवधिमा आधारभूत र माध्यमिक तहमा अध्यापन गर्ने विज्ञान, गणित र अंग्रेजी विषयका शिक्षकहरूको शिक्षण क्षमता विकासका लागि तालिम सञ्चालकलाई प्राथमिकता राख्ने कार्य भइरहेको छ । तापनि विद्यमान सातवटा शिक्षा तालिम केन्द्रबाट मात्र ठूलो संख्याका शिक्षकलाई प्रमाणीकरण तालिम प्रदान गर्न कठिन भएको छ । यस परिवेशमा शिक्षकको क्षमता विकासका लागि स्थानीय तहहरूले आफ्नो इलाका भित्र रहेका शिक्षकहरूको क्षमता विकासका लागि आवश्यक नीतिगत र कार्यक्रमगत कदम चाल्न अपरिहार्य रहेको छ ।

### च. शिक्षक उत्तरदायित्व

आफ्नो कार्य सम्पादन प्रति आफू स्वयम् जवाफदेही हुनु भनेको उत्तरदायी हुनु हो । यस प्रकारको उत्तरदायित्व कानूनी र नैतिक दुवै हुन सक्छ । शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक/प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्छ ।शिक्षकविद्यार्थी प्रति उत्तरदायी हुनु भनेको आफुले अध्यापन गराउने विद्यार्थीहरूको शिक्षण सिकाइ तथा कार्यसम्पादन प्रति जवाफदेही हुनु, पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफ दिँनु भन्ने बुझिन्छ । यसैगरी शिक्षकले विद्यार्थीको सिकाइ तथा विकासका बारेमा अभिभावकलाई समेत प्रतिवेदन गर्नुपर्दछ । विद्यालयको आचारसंहिता पालन गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने,त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेश गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्दछ।

शिक्षक सेवा आयोग नियमावली २०५७ले शिक्षकको बढुवालाई अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धि सँग जोड्ने काम गरेर शिक्षकलाई उत्तरदायी बनाउने प्रयास गरेको छ । यसका अलवा शिक्षा ऐन २०२८ शिक्षा नियमावली २०५९ ले समेत शिक्षकले पालना गर्नुपर्ने विविध आचारसंहिता र कानुनी उपबन्धहरूको निर्धारण गरीएको छ जसबाट शिक्षक उत्तरदायी वन्नु पर्ने कानूनी आधार तयार भएको छ ।तथापि यी उपबन्धहरूको कार्यान्यनको सन्दर्भमा भने बाराम्बार प्रश्न उठ्ने गरेका छन ।

सोह्रौँ योजनाले शिक्षकले कक्षा कोठा विताउने समयलाई नियमित पठनपाठन सँग आबद्ध गर्दै शिक्षकलाई पेशा प्रति समर्पित बनाई शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहमा उत्प्रेरणा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ। शिक्षा नीति २०७६ अनुसार शिक्षकलाई प्रशासनिक

रूपमा प्रधानाध्यापक प्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावक प्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ विद्यालय व्यवस्थापनका लागि विद्यार्थी अभिभावक स्थानीय तह प्रति जवाफदेही बनाउने कुरा उल्लेख गरेको छ । विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षाका जिम्मेवार र जवाफदेही बनाउने व्यवस्था उक्त नीतिले गरेको छ ।

## छ. शिक्षकको आपूर्ति र वितरण

शिक्षा नियमावली २०५९को अनुसूची १२ मा व्यवस्था भए अनुसार पूर्वप्राथमिक विद्यालयमा एकजना, प्राथमिक विद्यालयमा ५० जना सम्म विद्यार्थी भएमा कम्तिमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा तीन जना कक्षा ६-८ का लागि कम्तीमा चार जना माध्यमिक तह ९-१२ लागि ८ जना शिक्षकको रहने व्यवस्था छ। शिक्षा नियमावली २०५९ का अतिरिक्त शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले हिमाल, पहाड तथा तराईको लागि शिक्षक विद्यार्थी अनुपात क्रमशः चालीस, पैंतालीस र पचासलाई आधार मानी शिक्षक दरवन्दी पुनर्वितरण गर्ने प्रावधान भए अनुसार हाल मुलुकभर शिक्षक दरवन्दी मिलानको प्रकृया अन्तिम चरणमा पुगी सकेको छ ।

साल्पासिलिछछो गाउँपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा भएको शिक्षक वितरण र आपुर्तिलाई हेर्दा ३७ वटा सामूदायिक विद्यालयमा बालविकास सहयोगी कार्यकर्ता सहित गरी जम्मा २३७ जना शिक्षक दरबन्दी कायम रहेका छन । यसका अतिरिक्त उपरोक्त सामूदायिक विद्यालयमा ३९ जना विद्यालय कर्मचारीहरू र १ जना विद्यालय नर्स समेत कार्यरत रहेका छन । तहगत रूपमा हेर्दा EMIS २०८२ अनुसार साल्पासिलिछो गाउँपालिका क्षेत्र भित्र ३४४ जना बालबालिका बालविकास सामुदायिक विद्यालय तहमा अध्ययनरत रहेका छन भने ४१ जना बालविकास सहयोगी कार्यकर्ताहरू कार्यरत छन । जस अनुसार बालविकास तहमा शिक्षक विद्यार्थी अनुपात १: ८.३९ रहेको छ । एवम् प्रकारले आधारभूत तह (कक्षा १-८) मा जम्मा २०२१ जना विद्यार्थी अध्ययनरत रहेका छन भने सोही तहमा कार्यरत शिक्षकको सङ्ख्या १६२ रहेकोछ । जस अनुसार कक्षा १-८ को शिक्षक विद्यार्थी अनुपात १:१२.४७ रहेको छ । । माध्यमिक तह (कक्षा ९ र १२) मा जम्मा ७३२ विद्यार्थी अध्ययनरत रहेकोमा सोही तहमा कार्यरत शिक्षकहरूको सङ्ख्या ३५ रहेको छ ।जस अनुसार माध्यमिक तह (कक्षा ९ र १२) मा शिक्षक विद्यार्थी अनुपात १:२०.९ रहेको छ ।

| क्रम | तह | विद्यार्थी | शिक्षक | अनुपात |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| **१** | बालविकास | ३४४ | ४१ | १:८.३९ |
| **२** | कक्षा १ देखि ८ | २०२१ | १६२ | १:१२.४७ |
| **३** | कक्षा ९ देखि १२ | ७३२ | ३५ | १:२०.९ |
| **४** | कक्षा १ देखि १२ | २७५३ | १९७ | १:१३.९७ |

उपरोक्त तथ्याङ्कमा विद्यालयबाट नियुक्त गरीएका निजी स्रोतका शिक्षकको विवरण समाबेश भएको छैन । निजी स्रोतका शिक्षकहरू समेत तथ्याङ्कमा समाबेश गर्ने हो भने शिक्षक विद्यार्थी अनुपातमा केही फरक जान्छ ।माथि प्रस्तुत गरीएको शिक्षक विद्यार्थी अनुपातलाई मनन गर्ने हो भने माध्यमिक तह कक्षा ९ -१२ मा विद्यार्थीको अनुपातमा शिक्षकको सङ्ख्या ज्यादै न्यून रहेको देखिन्छ । तसर्थ नि मा वि मा नियुक्त शिक्षकहरु समेतले पनि माध्यमिक तहको पठनपाठनमा साथ र सहयोग गर्दै गर्नु भएको छ । यसका पछाडिको कारण भनेको विद्यालय सञ्चालनको अनुमति प्रदान गरीएका अनुमति प्रदान गरे अनुसारको शिक्षक दरवन्दी वितरण नगर्नु हो । आगामि दिनमा कक्षा सञ्चालनको अनुमति प्रदान गरे पश्चात शिक्षक दरवन्दी पनि प्रदान गर्नु वाञ्छनीय छ ।

साल्पासिलिछो गाउँपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा भएको शिक्षक वितरण र आपुर्तिलाई हेर्दा ४० वटा सामूदायिक विद्यालयमा बालविकास सहयोगी कार्यकर्ता ४१ र १ देखि १२ सम्म जम्मा १९६ जना शिक्षक दरबन्दी कायम रहेका छन । दुवै मिलाएमा २३७ जना शिक्षक रहेको छ ।

यस गाउँपालिकामा सामुदायिक तर्फ कुल २३७ जना शिक्षक कक्षा ECD-१२ मा कार्यरत हुनुहुन्छ । जसमा स्थायी-१०१, राहत ३८,अनुदान ३८, करार ५५ निजी ५ जना शिक्षक कार्यरत रहेका छन् । त्यसैगरी यस गाउँपालिकामा जम्मा ३९ जना कार्यालय सहयोगी रहेका छन् । लेखापाल/कार्यालय सहायकमा ६ जना समेत गरि जम्मा २८२ जना शिक्षाको जनशक्ति संलग्न रहेको छ । यसको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ भने विद्यालयगत विस्तृत खण्डगत रुपमा राखिएको छ । समग्रमा हेर्दा आधारभूत तथा माध्यमिक तहमा ८२.७० प्रतिशत शिक्षक स्थायी छन् भने १६.०३ प्रतिशत राहत, करार १०.१२ प्रतिशत, निजी २.१० प्रतिशत र अन्य अनुदान गरी ११.७६ प्रतिशत शिक्षक कार्यरत रहनु भएको छ ।

## साल्पासिलिछो गाउँपालिकाको तहगत शिक्षक दरबन्दी विवरण २०८२

| क्र.स | तह | स्थायी | राहत | अस्थायी/अनुदान | करार | निजी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूततह (१–५) | ८४ | १९ | २ | १६ | ३ | १२४ | |
| २ | आधरभूततह (६–८) | ८ | १० | १४ | ४ | १ | ३७ | |
| ३ | माध्यमिकतह (९–१०) | ९ | ७ | ७ | ५ | १ | २९ | |
| | माध्यमिकतह (११–१२) | ० | २ | २ | २ | ० | ६ | |
| ५ | पूर्वप्राथमिकशिक्षक (बालविकास केन्द्र सहजकर्ता) | ० | ० | १३ | २८ | ० | ४१ | |
| ६ | कार्यालय सहयोगी | ३९ | ० | ० | ० | ० | ३९ | |
| ७ | लेखा सहायक | ० | ० | ६ | ० | ० | ६ | |
| ८ | जम्मा | १४० | ३८ | ४४ | ५५ | ५ | २८२ | |

*(साल्पासिलोछो गाउँपालिका शिक्षा शाखा २०८२)*

### ४.२.२ उद्देश्य

- शिक्षक पेसागत विकासलाई आवश्यकतामा आधारित र नतिजामुखी बनाइ शिक्षकको दक्षता र उत्प्रेरणमा सुधार गर्नु ,
- विद्यालय सुपरिवेक्षण प्रणालीलाई आपूर्तिमा आधारित नभएर मागमा आधारित बनाउनु ।
- कार्यरत शिक्षकको सक्षमता परीक्षण गर्ने व्यवस्था गरी पेसागत सक्षमता , कार्यसम्पादन स्तर र अनुभवलाई वृत्ति विकास सगँ आवद्धता गर्नु ।
- सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्था गर्नु ।
- विद्यालय सुपरिवेक्षण प्रणाली तथा शिक्षक पेसागत सहयोग प्रणालीलाइ मागमा आधारित बनाइ शिक्षकहरूको गुणस्तर तथा सक्षमतामा सुधार गर्नु ।
- विद्यालयको प्रशासनीक , व्यवस्थापकीय तथा शैक्षिक सुधारका लागि सहभागितामूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम राख्ने ।
- प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको समग्र पक्षको अनुगमन र सुपरिवेक्षणमा जिम्मेवार बनाइ स्थानीय तहले समन्वय र सहजीकरण गर्नु ।
- शिक्षकको पेसागत विकास तथा निरन्तर पेसागत सहायोगका लागि प्रणाली स्थापना गर्नु,
- विद्यालय सुपरिवेक्षण, शिक्षक पेशागत सहयोग, कोचिङ, मेन्टोरीङ प्रणालीलाइ व्यवस्थित गर्नु ।
- तहगत, कक्षागत, तथा विषयगत रूपमा शिक्षकको व्यवस्थापन गर्नु
- शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु
- शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु

### ४.२.३ रणनीति

- विद्यालयमा तहगत तथा कक्षा शिक्षकको पहुचमा सुधार गर्ने,
- शिक्षक सक्षमता अभिवृद्धि गरी विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्ने,
- विद्यालय सुपरिवेक्षण प्रक्रियालाई प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समीतिमा आधारित बनाउन जोड दिने,
- विद्यालय सुपरिवेक्षण, शिक्षक पेशागत सहयोग का लागि विषय विज्ञको समुह निर्माण गरी नियमित रूपमा विद्यालयलाइ सहयोग गरिने ।

- कोचिङ मेन्टोरीङ प्रणालीलाइ व्यवस्थित गरी कक्षाकोठामै शिक्षकहरूलाइ सहयोग पुग्ने गरी मेन्टर परिचालन गरिने छ ।
- गणित, विज्ञान र अङ्ग्रेजी विषयका शिक्षकलाई प्राथमिकताका साथ पेसागत सहायता प्रदान गरिने छ ।
- शिक्षकहरूको विषयगत सञ्जाल निर्माण गरी सिकाइ आदानप्रदान गर्न प्रोत्साहन गरिने छ ।
- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गरिनेछ।
- रिक्त दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकको व्यवस्थापन गरिनेछ ।
- शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास लगायतका विषयमा सेवाकालीन तालिम सञ्चालन गरिनेछ ।
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टोरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिनेछ ।
- शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिनेछ ।

### ४.२.४. प्रमुख उपलव्धी तथा नतिजा

### (क) उपलव्धी

- यस योजनाको कार्यान्वयन पश्चात सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुनेछ ।
- दरवन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुने छ ।
- शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुने छ ।

### (ख) नतिजा

- स्थानीय स्तरबाट हुने शिक्षक नियुक्ति प्रक्रिया स्वच्छ र पारदर्शी भएको हुने,
- विद्यार्थी संख्याको आाधारमा शिक्षक वितरणभएको हुने,
- शिक्षक पेसा जिम्मेवार र मर्यादित पेसाका रूपमा रुपान्तरण भएको हुने,
- शिक्षक सहायता प्रणाली व्यवस्थित भएको हुने,
- शिक्षकको पेसागत विकासमा स्थानीय तहको प्रयाप्त सहयोग भएको हुने,

- शिक्षकहरू सूचना तथा सञ्चार प्रविधी प्रति अभ्यस्त भएको हुने र सो को प्रयोग शिक्षण सिकाइ प्रक्रियामा समेत भएको हुने,
- शिक्षकको विषयगत सञ्जालको निर्माण भई अनुभवको आदान प्रदान भएको हुने ।

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ४१ | ४१ | ४१ | ४१ | ४१ | ४१ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | 57.09 | 60 | 63.56 | 67.05 | 71.23 | 75 |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | 12.41 | 16.22 | 20.45 | 24.63 | 28.52 | 30.65 |
| ४ | सूचना तथा प्रविधि सम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | 13.82 | 15.56 | 18.55 | 22.42 | 26.85 | 32.23 |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | | | | | | |
| ६ | | | | | | | |

### ४.२.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिकलक्ष्य | | | | | | बाँकी ५ बर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यकताको आधारमा योग्य, सक्षम, सूचना प्रविधी सँग परिचित शिक्षकतालिम | जना | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | मागमा आधारित छोटो अवधिका पेसागत विकास तालिम तथा | पटक | | १ | १ | १ | १ | ४ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यशाला सञ्चालन | | | | | | | | | |
| ४ | स्थानीय तहमा विज्ञ समूह गठन तथा परिचालन | पटक | १ | | | | | १ | १ | |
| ५ | विद्यालयमा हुने आन्तरिक तथा बाह्य अनुगमन र सुपरीवेक्षण | निरन्य र | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | शिक्षकको आपूर्ति र वितरण, विद्यार्थी संख्याको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | आवश्य कता अनुसार | आवश्य कता अनुसार | आवश्य कता अनुसार | आवश्य कता अनुसार | आवश्य कता अनुसार | आवश्य कता अनुसार | आवश्य कता अनुसार | |
| ७ | बाल विकास सहजकर्ताको लागि ७ कार्यदिने मन्टेश्वरी तालिम | पटक | | | १ | | | १ | १ | |
| ८ | शिक्षकले शिक्षणमा विताउने समयमा प्र.अ. लाई जिम्मेवार बनाउने | सबै विद्या लय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | शिक्षकहरूको विषयगत सञ्जाल निर्माण | पलि कागत | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | शिक्षण सिकाइ नियमित र प्रभावकारी बनाउने | पटक | | १ | | | | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मापदण्ड विकास | | | | | | | | | |
| ११ | पेशागत शैक्षिक अवलोकन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | अन्तर विद्यालय अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १३ | निश्चित कार्यसम्पादन सूचकका आधारमा प्रत्येक वर्ष प्रत्येक तहगत रूपमा उत्कृष्ट शिक्षक पुरस्कारबाट पुरस्कृत गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १७ | पालिका स्तरीय शिक्षक सम्मेलन कार्यक्रम | पटक | | | १ | १ | १ | ३ | ४ | |
| १८ | कोचिङ मेन्टोरीङ प्रणालीलाइ व्यवस्थित गरी कक्षाकोठामै शिक्षकहरूलाइ सहयोग गर्ने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १९ | विद्यार्थी अनुपात र विषयगत आवश्यकताका आधारमा शिक्षक व्यवस्थापन गर्ने । | पटक | | १ | | | १ | २ | २ | |

## कार्यान्वयन तालिका

| क्र. स. | कार्यक्रम | जिम्मेवार निकाय | कार्यविधि | अनुमान लागत | स्रोत व्यावस्थापन | समय अवधी |
|---|---|---|---|---|---|---|
| १ | आवश्यकताको आधारमा योग्य, सक्षम, सूचना प्रविधी सँग परिचित शिक्षकतालिम | संघ,प्रदेश र स्थानीय तह | कार्यक्रम कार्यविधि अनुसार कार्यक्रम संञ्चालन गर्ने | ३ लाख | संघ, प्रदेश र स्थानीय तह | प्रत्येक वर्ष |
| २ | बाल विकास सहजकर्ताको लागि ७ कार्यदिने मन्टेश्वरी तालिम | स्थानीय तह | आवश्यकताको आधारमा कार्यक्रम संञचालन गर्ने | ५ लाख | स्थानीय तह | योजना अवधिमा २ पटक |
| ३ | शिक्षण सिकाइ नियमित र प्रभावकारी बनाउने मापदण्ड विकास | विद्यालयहरु | सम्वन्धित विद्यालहरुको आपसि सहकार्य र समन्वयमा मापदण्ड विकास गरि कार्यान्वयन गर्ने | | विद्यालय | प्रत्येक वर्ष |
| ४ | कोचिङ मेन्टोरीङ प्रणालीलाइ व्यवस्थित गरी कक्षाकोठामै शिक्षकहरूलाइ सहयोग गर्ने । | विषय शिक्षकहरु | आवश्यकताको आधारमा कोचिङ तथा मेन्टरिङ प्रणालि विषय शिक्षकहरुले संञ्चालन गर्ने | | विषय शिक्षकहरु | प्रत्येक वर्ष |
| ५ | विद्यार्थी अनुपात र विषयगत आवश्यकताका आधारमा शिक्षक व्यवस्थापन गर्ने । | स्थानीय तह | प्रचलित कानून अनुसार व्यावस्थापन गर्ने | | स्थानीय तह | प्रत्येक वर्ष |

## ४.३ शैक्षिक समता तथा समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

"विविधतामा एकता नेपाली समाजको वास्तविकता" को मुल नाराका साथ साल्पासिलिछो गाउँपालिका एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, तथा बहुसांस्कृतिक गाउँपालिका हो। यहाँ लिंगको आधारमा महिलाको जनसंख्या पुरुषको भन्दा बढी छ । विद्यालयहरुमा छात्राहरुको सहभागीता उत्साहजनक रहेको छ । साथै अपाङ्गता भएका बालबालिकाहरुका निम्ति शैक्षिक पहुँच र गुणस्तसमा झन जटिल समस्या देखिएको छ । विद्यमान अवस्थामा शिक्षामा समतामुलक पहुँच पुर्याउन यस गाउँपालिकाबाट केही प्रयासहरु भएता पनी पर्याप्त मात्रामा सम्बोधन हुन सकेको छैन । विद्यालय बाहिर रहेका,विचैमा विद्यालय छाडी तह पुरा नगर्ने,अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न नसकेकाहरुलाई सम्बोधन गरी समता र समावेशिता अभिवृद्घि गर्नु आवश्यक देखिएको छ । विविधताको सम्मान गर्दे शिक्षामा सबैको पहुँच पुर्याई सहभागितामुलक सिकाइ सुनिश्चित गर्नका लागि सबै बालबालिकाहरुलाई शिक्षामा समान र समतामा आधारित अवसर कसरी उपलब्ध गराउने भन्ने विषयहरुलाई सम्बोधन गर्नको लागि यो योजना केन्द्रित रहेको छ ।

| जातजाती | साल्पासिलिछो गापा | प्रतिशत |
|---|---|---|
| **जनजाती** | १०५७७ | ८६.१० |
| **ब्राह्मण क्षेत्री** | १२१० | ९.८५ |
| **दलित** | ४२२ | ३.४३ |
| **अन्य** | ७५ | ०.६२ |
| **जम्मा** | १२२८४ | १०० |

क) ४.३.२ उदेश्य

- शिक्षामा पहुँच, सहभागिता तथा सिकाइ उपलब्धीका दृष्टिकोणले पछाडि परेका समुदाय, वर्ग, अपाङ्गता भएका बालबालिबकाहरु विच हुने विभेदलाई न्युनीकरण गरी सबैका लागि समतामूलक गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्नु ।
- अपाङ्ता भएका, जोखिममा परेका, विपन्न वर्ग, द्वन्द्व प्रभावित, जनजाति, दलित, महिला तथा आर्थिक रुपले विपन्न भएका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्याउनु ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइ उपलब्धि वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु ।
- समता एवम समावेशी शिक्षाका मुल्य मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह गर्दै शैक्षिक सुशासन सुनिश्चित गर्नु ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्नु ।

- पहुँचयुक्तताको लेखाजोखा र कार्यगत सीमितताको प्रारम्भिक पहिचान तथा आवश्यकताअनुसार सहायक सामग्रीहरूको व्यवस्था गर्नु ।
- लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक संरचना निर्माण गर्नु(विद्यालय भवन, कक्षाकोठा, पिउने पानी शौचालय, र्याम्प आदि) ।
- समावेशी शिक्षा तथा सिकाइको विश्वव्यापी ढाँचासम्बन्धी शिक्षक तालिम, समावेशी सिकाइ सामग्री निर्माण तथा प्रयोगगर्नु ।
- लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु
- लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु
- विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु
-

क) ४.३.३ रणनीति

- पालिका मार्फत टोलवस्तीका घरधुरी सर्वेक्षण गरी पहुँच र सहभागीताको प्रवन्ध मिलाइने छ ।
- सबै तहका विद्यालयहरूमा लैंगिक तथा अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरणको विकास गरिनेछ ।
- लोप उन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकाहरूलाई आवश्यकतामा आधारीत वैकल्पीक शिक्षा कार्यक्रमको सुनिश्चित गरिनेछ ।
- दिवा खाजा सहित स्वास्थ्य पोषण, सरसफाइ तथा स्वच्छता सम्बन्धी र किशोरी लक्षित सेवा तथा तालिमको व्यवस्था गरिनेछ ।
- आधारभूत तहमा वहु तथा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ ।
- आवश्यकता अनुसार झोला , पोशाक, शैक्षिक सामग्री, सिकाइ सामग्री तथा छात्रवृत्ति उपलब्ध गराइनेछ ।
- विद्यालयमा अभिभावकको संलग्नता तथा उत्तरदायित्व बढाउन यस पालिकाको प्रत्येक विद्यालयलाई अभिभावक उपस्थिति पुस्तिका राख्न लागाइ उत्कृष्ट उपस्थित अभिभावकलाई पुरस्कृत गर्न विद्यालयलाई आग्रह गरिनेछ ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुव्र्यवहार, हेपाइ नहुने वालमैत्री वातावरणको सृजना गरिनेछ ।
- विद्यालयका गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गरिनेछ ।

- पालिका भित्र रहेका सिमान्तकृत बालबालिका, अपाङ्गता भएका बालबालिका र द्वन्द्व प्रभावित बालबालिकाहरूको यकिन गरी विद्यालय शिक्षाको पहुँचमा ल्याउँन प्रयास गरिनेछ ।
- पालिका भित्र सञ्चालित स्रोत कक्षा भएका विद्यालयका स्रोत कक्षा शिक्षण गरीरहेका शिक्षकहरूलाई तालिमको व्यवस्था गरिनेछ ।
- प्रारम्भिक पहिचानका लागि विद्यालयका प्रअ हरूलाइ अभिमुखीकरण गरिने छ।
- प्रारम्भिक पहिचान गरीसकेपछि आवश्यकताअनुसार सहायक सामग्रीहरूको व्यवस्था गरिने छ।
- समावेशी शिक्षा तथा सिकाइको विश्वव्यापी ढाँचासम्बन्धी शिक्षक तालिम दिइने छ ।
- समावेशी सिकाइ सामग्री निर्माण गरी तथा प्रयोगगर्ने वातावरण बनाइने छ ।
- जिल्ला बाल संगठन, वडा स्तरीय बाल संजाल र विद्यालयमा गठित बालक्लबहरू मार्फत बालमैत्री वातावरणको सुनिन्चित तथा किशोरी तालिम संचालन गरिनेछ ।
- प्रत्येक सामुदायिक विद्यालयमा शिक्षालाई आवश्यकताको आधारमा जीवनउपयोगी सीप संग आवद्ध गरी परिवेश सुहाउँदो सीपमुलक तालिमको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडा कार्यालयहरूमा बालबालिकाको क्षेत्रमा आएको रकमलाई स्थानीय विद्यालय तथासरोकारवालाहरूसंग समन्वय गरी बजेटको कार्यान्वयन गरिनेछ ।
- पालिकाबाट सामुदायिक विद्यालयहरूमा चरणवद्ध रुपमा हरित बाल बगैँचाका लागि प्रोत्साहनगरिनेछ ।
- पालिकाबाट पालिका भित्रका विद्यालयमा अध्ययनरत बालबालिकाहरूका अभिभावकलाई आत्मनिर्भरका लागी ससर्त सहयोगको व्यवस्था मिलाइनेछ ।
- न्यूनतम शैक्षिक उपलब्धि हासिल गर्ने बालबालिकाहरूका लागी शिक्षक कर्मचारीलाई विशेष सुविधा प्रदान गरी सुधारात्मक कक्षाको प्रवन्ध मिलाइनेछ ।
- उच्च शिक्षा सम्मका अध्ययनका लागी पालिकामा छात्रवृत्ति कोषको प्रबन्ध मिलाइनेछ ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

### (क) उपलब्धि

- विद्यालय तहको शिक्षामा समतामुलक पहुँच र समावेशी सहभागीता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

पालिका भित्र रहेका दलित, जनजाति, अपाङ्गता भएका बालबालिका र द्वन्द्व प्रभावित, सिमान्तकृत बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् ।

- पालिका भित्रका लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागीता बढ्न गई सिकाइ उपलब्धिको सुधार हुने ।
- समता तथा समावेशी शिक्षाको मूल्य मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह हुने ।
- विद्यालयमा बालमैत्री वतावरणको सिर्जना हुने ।
- शिक्षण सिकाइ प्रक्रिया तथा शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि हुनेछ ।
- विद्यालयहरूमा अपाङ्ग तथा लैंगिकमैत्री वातावरण सृजना हुनेछ ।
- पालिका भित्रका विद्यालयबाट माध्यमिक शिक्षाको अन्त्यमा चरणवद्ध जीवनोपयोगी सीपयुक्त शक्तिको उत्पादन हुनेछ ।
- विद्यालयहरूमा हरित बाल बगैँचा चरणवद्ध रुपमा स्थापना हुनेछ ।

## (ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ६२ | ५५ | ५० | ४० | २८ | १८ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.९५ | ०.९६ | ०.९७ | ०.९८ | ०.९९ | १ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.५ | १.४ | १.३ | १.२ | १.१ | १ |

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| भौतिकलक्ष्य |
|---|

| क्र स | प्रमुख क्रियाकलापहरू | इकाइ | १ | २ | ३ | ४ | ५ | जम्मा | बाँकी ५ बर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थीहरूको प्रारम्भिक पहिचानका विभिन्न क्रियाकलापहरू सञ्चालन गर्ने र प्रारम्भिक पहिचान गरीसकेपछि आवश्यकताअनुसार सहायक सामग्रीहरूको व्यवस्था गर्ने। | पटक | | १ | १ | १ | १ | ४ | ५ | |
| २. | समावेशी शिक्षा तथा सिकाइको विश्वव्यापी ढाँचासम्बन्धी शिक्षक तालिम। | पटक | | | १ | | १ | २ | २ | |
| ३. | समावेशी सिकाइ सामग्री निर्माण गरी प्रयोगगर्ने वातावरण बनाउने | पटक | | १ | | १ | | २ | २ | |
| ४. | समावेशी शिक्षा सम्बन्धि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने। | पटक | | १ | | १ | | २ | २ | |
| ५. | अपांगता भएका विद्यार्थिहरूका लागि छात्रवृती व्यवस्था गर्ने। | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## कार्यान्वयन तालिका

| *क्र.स.* | *कार्यक्रम* | *जिम्मेवार निकाय* | *कार्यविधि* | *लागत अनुमान* | *स्रोत व्यावस्थपन* | *समय अवधी* |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| *१* | *समावेशी शिक्षा तथा सिकाइको विश्वव्यापी ढाँचासम्बन्धी शिक्षक तथा अभिभावक तालिम ।* | *स्थानीय तह* | *आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्ने* | *८० हजार* | *स्थानीय तह तथा अन्य संघसस्था* | *प्रत्येक २ बर्षमा १ पटक* |
| *२* | *अपांगता भएका विद्यार्थिहरूका लागि छात्रवृती व्यवस्था गर्ने ।* | *संघ, प्रदेश, स्थानीय तह र विद्यालय* | *प्रचलित कानुन अनुसार संघ, प्रदेश स्थानीय तह र विद्यालयले छात्रावृद्धि प्रदान गर्ने* | | *संघ, प्रदेश, स्थानीय तह र विद्यालय* | *प्रत्येक वर्ष* |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

साल्पासिलिछो गाउँपालिकामा जम्मा ३७ वटा सामुदायिक विद्यालयहरू रहेका छन् जस मध्ये ६ वटा माध्यमिक र बाँकि आधरभुत तह रहेका छन् । ४० वटा बालविकास केन्द्रहरू संचालनमा रहेका छन् । शैक्षिक सत्र २०८२ मा बालविकास देखि कक्षा ५ सम्म १२४७ विद्यार्थीहरू अध्ययनरत रहेका छन् । यस पालिका भित्रका संस्थागत विद्यालयहरूले आफ्नै मापदण्ड अनुसारको स्वास्थ्य तथा पोषणयुक्त खाजाको व्यवस्थापन गरेको भएतापनि विभिन्न सामुदायिक विद्यालयहरूले भिन्न भिन्न तरिका अपनाएर खाजाको व्यवस्थापन गरीरहेको पाईन्छ । कुनै कुनै विद्यलयहरूले वडा कार्यालयको आर्थिक सहयोगमा खाजालाइ उचित व्यवस्थापन गरीरहेको पनि पाइन्छ । नेपाल सरकारको कार्यक्रम कार्यान्वयन पुस्तिकामा दिवा खाजा सम्बन्धी जम्मा तीन वटा मोडालिटी उल्लेख गरिएको छः (विद्यालय बाट दिवा खाजा व्यवस्थापन, विद्यालयको चमेना गृहबाट दिवा खाजा व्यवस्था गर्ने र घरै वाट तयार गरी पठाउने व्यवस्थापन) जस मध्ये यस क्षेत्रका धेरैजसो विद्यालयहरूले पहिलो विकल्प अवलम्वन गरीरहेको पाईन्छ र त्यसपछि तेस्रो विकल्प अनुसार व्यवस्थापन गरेको पाइन्छ ।

### ४.४.२ उद्देश्य

दिवा खाजा तथा स्वास्थ्य पोषण कार्यक्रमका उद्देश्य देहाय वमोजिमको रहेका छन् ।

- विद्यालय खाजासँग सम्बन्धित सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पोषणयुक्त खाजाको सुनिश्चित गर्नु।
- विद्यालयमा बालबालिकाको सरसफाई तथा स्वच्छतासम्बन्धी व्यबहारलाई प्रोत्साहन गर्नु।

- बालबालिकाको पोषण स्वास्थ्य र ,सिकाइ उपलब्धिमा सुधार गर्न स्थानीय सरकार , सरोकारवालाहरू र अभिभावकहरूसँग समन्वय गर्नु ।
- विद्यालय उमेर समूहका बालबालिकाहरूको विद्यालय भर्ना दर वृद्धि गर्नु ।
- पोषणयुक्त खाद्यान्नको अभाव भएका विशेष क्षेत्रका बालबालिकाहरूलई लक्षित गरी शिक्षामा सुधार ल्याउनु ।
- कक्षा दोहोर्‍याउने र विद्यालय छाड्ने प्रवृत्तिमा कमी ल्याउनु ।
- सामुदायिक विद्यालयमा विद्यार्थीहरूको आकर्षण बढाउनु।

### ४.४.३ रणनीति

यस योजनाका उद्देश्यहरू हासिल गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ ।

- गाउँपालिका भित्रका विद्यालयहरूमा पोषणयुक्त दिवा खाजा व्यवस्थापन कार्यक्रम सञ्चालनार्थ तोकिएको मापदण्ड अनुरुप स्थानीय मापदण्ड र स्तर निर्धारण गरिने छ ।
- बालबालिकाको लागि सम्भव भए सम्म विद्यालयमा नै पोषिलो खाजा तयारीको आवश्यक प्रबन्ध मिलाउन विद्यालयहरूलाई प्रोत्साहनगरिनेछ।
- दिवा खाजा कार्यक्रमलाई विस्तार गर्दै आगामि दिनमा थप व्यवस्थित गरिने छ ।
- विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी साबुन तथा सरसफाई सहितको हातधुने , ,ठाउँस्वच्छ खानेपानी र विद्यालय परिसर सरसफाई प्रबन्ध मिलाइनेछ ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन बालबालिकाको , आवधिक स्वास्थ्य जाँचलाई नियमित र प्रभावकारी बनाईनेछ।
- किशोरिहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा दिन स्थानीय स्वास्थ्य संस्थाको समन्वय र सहयोगमा कार्यक्रम बनाइ कार्यन्वयन गरिने छ।
- दिवा खाजाको लागि चाहिने खाद्य समाग्रीका लागि स्थानीय स्तरमा उत्पादित समाग्रीलाई प्राथमिकता दिन प्रोत्साहन गरिने छ।
- वर्तमान परिप्रेक्षमा उपलब्ध भईरहेको दिवा खाजा रकमलाई बढाइने छ।
- विद्यालयहरूमा गठित आमा समुहहरूलाई पोषण तथा स्वच्छता सम्बन्धी तालिमको व्यवस्था गरिने छ।
- प्रत्येक विद्यालयका सम्पुर्ण बालविकास देखि कक्षा ५ सम्मका बालबलिकाहरूलाई स्थानीय तहको समन्वयमा टिफिन क्यारी उपलब्ध गरिने प्रबन्ध मिलाईने छ।
- जङ्क फुडलाई निरूत्साहित गरिने छ ।

- प्रत्येक विद्यालयमा वडा कार्यालयको एक जना प्रतिनिधि र नजिकैको स्वास्थ्य चौकीको प्रतिनिधि पर्ने गरी एक अनुगमन टोलि गठन गरिने छ।
- आमा समूहको टोली बनाई बेला बेलामा दिवा खाजा तथा सरसफाई अनि स्वच्छताको अवस्थाको अवलोकनको विद्यालयद्वारा व्यवस्था मिलाईने छ ।
- मापदण्डअनुसार विद्यालय ,हरूमा खाजा आपुर्ति भए नभएको अनुगमन गरिने छ ।
- प्रत्येक विद्यालयमा कम्तिमा वर्षको एक पटक विद्यालय अभिवावक सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**(क) उपलब्धी**

- पालिका भित्रका विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार भई मनोसामाजिक कुशलता अभिवृद्धि तथा सिकाइमा सुधार सहित रमाइलो वातावरणमा सिकाइको पहुँच तथा सहभागिता हुने।
- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा  रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ ।

**(ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

- विद्यालयमा दिवा खाजा सहित स्वास्थ्य तथा पोषण र स्वच्छतासम्बन्धी स्पष्ट जिम्मेवारी निर्धारण र कार्यान्वयन भएको हुने।
- विद्यालय दिवा खाजालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न सहयोग मिलेको हुने छ ।
- दिवा खाजा रकम वृद्धि भई वर्तमान परिप्रेक्ष्य सुहाउँदो पोषणयुक्त खानाको विद्यालयमा उचित व्यवस्थापनमा टेवा पुगेको हुने ।
- सामुदायिक विद्यालयका प्राथमिक तह तथा क्रमशःआधारभूत तहमा पौष्टिक तथा स्वस्थकर स्थानीय स्तरमा उत्पादित खाजाको व्यवस्थापनमा सहयोग मिलेको हुने ।
- सामुदायिक विद्यालयहरूमा बालविकास देखि कक्षा ५ सम्मका सम्पुर्ण विद्यार्थीहरूले अभिभावकको सहभागितामा खाजा प्राप्त गरेको हुने ।

- दिवा खाजाको सम्बन्धमा विद्यालय वडा कार्यालय र पालिकाको उचित सहभागिता र , अनुगमन भएको हुने,
- विद्यालयमा आवश्यक मात्रामा पिउने पानी हात धुने साबुन र पर्याप्त ,पानीको व्यवस्थापन भएको हुने,
- विद्यालयमा प्राथमिक उपचार किट वितरण तथा बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँचमा नियमितता भएको हुने,
- विद्यालयहरूमा गठित आमा समूहरूको पोषणयुक्त खाजा सम्बन्धी तालिमको व्यवस्थापनभएको हुने,
- विद्यालयहरूमा विद्यार्थी भर्ना दर बृद्धिनियमितता ,माबृद्धि ,सिकाइ उपलब्धि दरमा सुधार आउने र शिक्षामा दिगोपन भएको हुने ।

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | | | | | | |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | | | | | | |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १-५ | १-५ | १-५ | १-५ | १-५ | १-५ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | | | | | | |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | ३० | ३१ | ३४ | ३५ | ३६ | ३७ |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| ७ | | | | | | | |

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवा खाजा कार्यक्रम कार्यावयन सहजिकरण पुस्तिका विकास र वितरण | दस्तावेज सङ्ख्या | | १ | - | | - | १ | १ | संघीय, प्रादेशिक र स्थानीय सरकार |
| २ | स्थानीय तह र समुदायको साझेदारीमा आधारभुत तहमा दिवा खाजा कार्यक्रम संचालन | तह | १ | १ | १ | १ | १ | ५ | ५ | संघीय, प्रादेशिक र स्थानीय सरकार |
| ३ | खाजा कार्यक्रम तथा स्वास्थ्य कार्यक्रम सम्बन्धि अभिमुखिकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह तथा विद्यालय |
| ४ | स्वास्थ्य पोषण सम्बन्धित सचेतनामुलक कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | प्रदेश र स्थानीय तह |
| ५ | दिवा खाजा वितरण तथा स्वास्थ्य सम्बन्धि कार्यहरूको प्रभावकारिताको लागि विद्यालय स्तरमा अनुगमन संयन्त्रको विकास र परिचालन | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | स्थानीय तह, वडा, अभिभावक, शिअस |
| ६ | एक विद्यालय एक स्वास्थ्य किट व्यवस्थापन | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | | | | | | | | |
| ८ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | | | | | | | | |
| ९ | दिवा खाजाका लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | | | | | | | | |
| १० | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ११ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १३ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | | | | | | | | |

## कार्यन्वयन तालिका

| *क्र.स.* | *कार्यक्रम* | *जिम्मेवार निकाय* | *कार्यविधि* | *अनुमान लागत* | *स्रोत व्यवस्थापन* | *समय अवधी* |
|---|---|---|---|---|---|---|
| *१* | *स्वास्थ्य पोषण सम्बन्धित सचेतनामुलक कार्यक्रम* | *स्थानीय तह* | *स्वास्थ्य शाखासंग समन्वय गरि कार्यक्रम संञ्चालन गर्ने* | *३ लाख* | *स्थानिय तह* | *प्रत्येक वर्ष* |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| *२* | *दिवा खाजा वितरण तथा स्वास्थ्य सम्बन्धि कार्यहरूको प्रभावकारिताको लागि विद्यालय स्तरमा अनुगमन संयन्त्रको विकास र परिचालन* | *स्थानीय तह* | *स्वास्थ्य शाखासंग समन्वय गरि अनुगमन गर्ने* | | | *प्रत्येक वर्ष* |
| *३* | *आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान)* | *स्थानीय तह* | *स्वास्थ्य शाखासंग समन्वय गरि कार्यक्रम संञ्चालन गर्ने* | *१ लाख* | *स्थानीय तह* | *आवश्यक्ता अनुसार* |

## *४.५ विद्यालय सुरक्षा विपत् न्यूनीकरण तथा उत्थानशीलता*

### *४.५.१ वर्तमान अवस्था*

### क) नीतिगत अवस्था

नेपालको संविधानमा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निशुल्क माध्यमिक शिक्षा, सूविधा बिहिनहरूको लागि निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। अनिवार्य तथा निशुल्क शिक्षा ऐन२०७५, अनिवार्य तथा निशुल्क शिक्षा नियमावली २०७७, दिवाखाजा, छात्रवृत्ति, सुबिधाबिहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा, भयरहित शिक्षण सिकाइ निर्देशिका२०६७, विद्यालय शान्ति क्षेत्र निर्देशिका२०६८, बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप२०६७, समावेशी शिक्षा नीति २०७३ को व्यवस्था केन्द्रियस्तरमा भई कार्यान्वयनमा रहनुले यो गाउँपालिका भित्रका विद्यालयहरू समेत समेटिएका छन्। यो बिपत वा संकटपूर्ण अवस्थामा सिकाइ संचालन गर्न नीतिगत अवस्था पर्याप्त रहेको छ। त्यसै गरी बृहत विद्यालय सूरक्षा न्यूनतम प्याकेज २०१८ ले सुरक्षित विद्यालय संचाल मा मार्गदर्शन प्रदान गर्दछ। पन्ध्रौ योजनामा समेत निःशुल्क शिक्षाको मापदण्डको बारेमा उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ मा पनि सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन तथा कार्यान्वयन गर्नु पर्ने कुरा उल्लेख गरेको छ।

### ख) गाउँपालिकामा आईपरेका बिपत्ति र तिनीहरूको सम्बोधन

बालबालिकाहरू प्रत्यक्ष सिकाइ बाट वन्चित विद्यालयतहको पाठ्यक्रमलाई आधारमानी केन्द्रियस्तरमा बिभिन्न बिषयमा अनलाईन तथा अफलाईन सिकाइ सामग्रीहरू तयार गरी वेबसाईमा राखिएको छ। नेपाल सरकारले मिति २०७७ जेठ १८ गते वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरण निर्देशिका जारी गर्यो र २०७७ असार १ गतेबाट वैकल्पिक माध्यमबाट कक्षा संचालनका लागि सार्बजनिक रुपमा आब्हान गरिएकोमा गाउँपालिका स्तरमा प्रभावकारी रुपमा सिकाइ सञ्चालन गरिएको पाईएन। विभिन्न विद्यालयमा फरक-फरक अभ्यास गरेको पाईयो। गाउँपालिकाले यस सम्बन्धमा कुनै ठोस आधार तयार गरी सम्बन्धित पक्ष लाई निर्देशन गर्न सकेन।

उल्लेखित अवस्थाहरूले आगामी दिनहरूका लागि शिक्षाको संरचना, भौतिकपूर्वाधार, सिकाइ वातावरण, सिकाइका लागि आवश्यक पर्ने स्रोतसाधन, आपतकालीन अवस्थामा सिकाइ निरन्तरताका लागि आवश्यक हुने व्यवस्थापकीय तथा पेशागत क्षमता र आपतकालीन अवस्थाको तयारी, प्रति कार्य र पुनरुत्थानको भरपर्दो प्रणाली विकास गर्नुपर्ने आवश्यकता समेत देखिएको छ। कोभिड १९ ले पारेको प्रभावलाइ न्युनीकरण गर्ने उद्देश्यले अहिले पालिकाअन्तर्गतका सबै सामुदायिक विद्यालयमा सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनका लागि आधारभुत सर्वेक्षण सम्पन्न भइसकेको छ र अन्य थप गतिविधि सञ्चालन गर्ने तयारी भइरहेको छ ।

### ४.५.२उद्देश्य

यस पालिकाको विपदको अवस्थामा शिक्षाको उद्देश्य निम्न बमोजिम हुनेछ।

- संकटको संभावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्व साबधानी र तयारीको वातावरण तयार गर्नु।
- संभावित संकटको सामना गर्ने अर्थात उत्थानशिल प्रणालीका लागि भौतिक मानविय र आर्थिक स्रोतको तयारीगर्नु ।
- संकटको प्रति कार्यको संयन्त्र र कार्यढाँचा तयार गर्नु ।
- सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयन गर्नु ।
-

### ४.५.३ रणनीति

योजनाको उद्देश्यहरू हासिल गर्न निम्न अनुसारका रणनीतिहरू अबलम्बन गरिने छ।

- संघिय सरकारले कार्यान्वयनमा ल्याएका बिभिन्न नीति नियम तथा ऐन कानुनहरूको पूर्ण पालना गरिने छ।
- संकटा सन्नताको मूल्यांकन तथा बिश्लेषण गरिने छ।
- संकटासन्नताको मूल्यांकनको आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरूले आ—आफ्ना विद्यालयको योजना तयार पार्नेछन्।
- बिपद प्रतिरोधि भौतिक पूर्वाधारको निर्माण तथा पूनस्थापना गरिने छ।
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण औषधि खाद्यान्न पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिने छ।
- विद्यार्थी,शिक्षक अभिभावक तथा अन्य सरोकारवालाहरूको तयारी,रोकथाम, प्रति कार्य र पुनस्थापनाका लागि क्षमता विकास गरिने छ।
- बिपद व्यवस्थापनका लागि परम्परागत ज्ञान सीपको समेत खोजी तथा संरक्षण सम्बर्धन गरिने छ।
- सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनका लागि विभिन्न क्रियाकलाप अन्तर्गत

  विपत तथा महामारी बाट पुगेको क्षति न्युनीकरणका लागि Diagnostic Tools बाट विद्यार्थीको पुर्व परीक्षा सञ्चालन गर्ने,
- उत्तरपुस्तिका परीक्षण र विद्यार्थीको सही उत्तरलाइ १ र कमजोर तथा गलत उत्तरलाइ ० मा वर्गिकरण गर्ने ।
- तथ्यांक इन्ट्री सिट तयारी गर्ने,
- तथ्यांक इन्ट्री गर्ने,
- तथ्यांक विश्लेषण गर्ने,
- तथ्यांकका आधारमा विद्यार्थीको वर्गिकरण/ तह निर्धारण गर्ने,
- रिमेडियल शिक्षणको लागि विषयवस्तु छनोट तथा उपयक्त रणनीतिको अवलम्वन ।
- Post Test & Endline Data Entry ।
- बिपद व्यवस्थापन तथा संकटकालमा अन्य पालिकाहरूमा भए गरिएका असल अभ्यासहरूको अनुसरण गर्ने संयन्त्र विकास गरिने छ।

- विद्यालय शान्ति क्षेत्रको अवधारणालाई सार्थकता दिन स्थानीय राजनैतिक दल,पेशागत संगठनहरू,विद्यार्थी संगठन तथा क्लबहरू सामाजिक सांस्कृतिक समूह तथा समाजहरू समन्वय र सहकार्य गरी यस प्रति सबैलाई जिम्मेवार बनाईनेछ।
- अभिभावकहरूले आफ्नो बच्चाहरूलाइ सिकाइ सहजीकरण गर्न सकिने सामग्री छपाइ तथा वितरण गरिने छ ।
- विद्यालयमा भएका सन्दर्भ पढाइ सामग्रीहरूलाइ विद्यार्थीहरूलाइ घरमा लगेर पढ्ने वातावरण मिलाउने छ ।
- प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरीत विद्यालय अभियान,जलबायू परिवर्तन शिक्षा तथा दिगो विकासका अवधारणा समेतलाई कार्यान्वयनमा ल्याईनेछ।

### ४.५.४ प्रमुख उपलब्धि तथानतिजा

## (क) उपलब्धी

- आपतकालिन तथा संकट पूर्ण अवस्थामा पनि बालबालिकाहरूको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सूनिश्चित हुने।
- पालिकाका विद्यालयहरूमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्व तयारी, प्रति कार्य तथा पुर्नउत्थानको योजना निर्माण तथा क्षमता विकास भएकोहुने।
- आवश्यकभौतिक,मानविय र आर्थिक स्रोतको व्यवस्थापन सहित विद्यालय सक्षम भएको हुने।
- संकटपूर्ण अवस्थामा समेत विभिन्न माध्यमको प्रयोग गरी शिक्षण सिकाइ निरन्तर संचालन भएकोहुने।

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक | 12 | 16 | 21 | 25 | 29 | 33 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय सङ्ख्या | | | | | | |
| २ | हरितविद्यालय सङ्ख्या | 18 | 22 | 26 | 30 | 34 | सबै |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | 6 | 9 | 13 | 18 | 24 | 31 |
| ४ | | | | | | | |

### ४.५.५प्रमुख क्रियापलाप र परिमाणात्मकलक्ष्य

| क्र.स. | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिकलक्ष्य-५वर्षे | | | | | | भौतिकलक्ष्य-१०वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | मनोसामाजिक परामर्श तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | विपद सम्वन्धी विद्यालय विपद योजना निर्माण तथा परिमार्जन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | पालिकास्तरिय विद्यालय शिक्षा सहयोग विपद कोष कार्यक्रम | पटक | | १ | | | | | १ | |
| ४ | विद्यालयको भौगोलिक अवस्थार परिस्थिति अनुसार वैकल्पिक | विद्यालय | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | | आवश्यकताअनुसार | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सिकाईको व्यवस्थापन कार्यक्रम | | | | | | | | | |
| ५ | उद्दार कार्यक्रममा खटिने संवयंसेवकका लागि तालिम सञ्चालन | पटक | | | १ | | १ | | २ | |
| ६ | प्रति कार्य कार्यदलको गठन र परिचालन | पटक | १ | १ | १ | १ | १ | | ५ | |
| ७ | आपतकालिन तथा संकटपूर्ण सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | | ५ | |
| ८ | सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | | ५ | |
| ९ | अभिभावकहरूले आफ्नो बच्चाहरूलाइ सिकाइ सहजीकरण गर्न सकिने सामग्री छपाइ तथा वितरण, | पटक | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | | आवश्यकताअनुसार | |
| १० | विपदका बेला सिकाइ निरन्तरताका लागि सिकाइ सहजीकरण सम्बन्धी शिक्षक तालिम | पटक | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | आवश्यकताअनुसार | | आवश्यकताअनुसार | |

## कार्यान्वयन तालिका

| क्र.स. | कार्यक्रम | जिम्मेवारि निकाय | कार्यविधि | अनुमान लागत | स्रोत व्यावस्थापन | समय अवधी |
|---|---|---|---|---|---|---|
| १ | मनोसामाजिक परामर्श तालिम सञ्चालन | स्थानीय निकाय | आवश्यकता अनुसार सामाजिक परामर्श शाखाबाट कार्यक्रम संञ्चालन गर्ने | | | प्रत्येक वर्ष |
| २ | आपतकालिन तथा संकटपूर्ण सचेतना कार्यक्रम | स्थानीय निकाय | स्थानीय निकाय र विद्यालयको समन्वयमा कार्यक्रम संञ्चालन गर्ने | १ लाख | स्थानीय तह | प्रत्येक वर्ष |
| ३ | अभिभावकहरूले आफ्नो बच्चाहरूलाइ सिकाइ सहजीकरण गर्न सकिने सामग्री छपाइ तथा वितरण, | स्थानीय तह | आवश्यकताका आधारमा सामग्री खरिद गरि वितरण गर्ने | ५० हजार | स्थानीय तह | प्रत्येक वर्ष |

# ४.६ विद्यालयको भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

साल्पासिलिछो गाउँपालिकामा हाल ३७ सामुदायिक विद्यालय, १ वटा संस्थागत, १ वटा धार्मिक विद्यालय सञ्चालित छन । विद्यालयहरू मध्ये एक नमुना विद्यालय रहेको छ । सामुदायिक

विद्यालयहरूमा पक्की भवनको सुविधा आंशिक रुपमा मात्रै छन् । केही-केही आधारभूत विद्यालयहरू भने अझै पनि ट्रस छानावाट निर्मित पुराना भवनमा नै सञ्चालित छन । कक्षा १-३ सम्मका कक्षाकोठाहरूअझै पनि छापायुक्त कक्षाकोठा व्यवस्थापन गर्न सकिएको छैन । यस गाउँपालिकाका मा.वि. तहका केही विद्यलयहरूले आफ्नै व्यवस्थापनमा सिसिटिभि क्यामेराजडान गरी सकिएको छ । संघिय तथा प्रदेशबाट विभन्न शसर्त बजेटबाट पालिकाका केही विद्यालयमा विज्ञान प्रयोगशाला तथा कम्प्युटर ल्याबहरू निर्माण भएका छन् । अपाङ्गतामैत्री भौतिक संरचनाको अभाव रहेको र यसको लागि पालिकाको आफ्नै स्रोतबाट लगानी गर्न नसकिएको अवस्था देखिन्छ । यस पालिकाको नियमित कार्यक्रम बमोजिम अन्य विविध शैक्षिक तथा भौतिक निर्माणका कार्यक्रमहरू सम्पन्न हुँदै आएका छन् :-

प्रत्येक वर्ष योजना मुताविक भौतिक निर्माणका योजना तथा कार्यक्रम सम्पन्न गरीदै आए पनि विद्यालयहरूमा व्यवस्थित शौचालय, प्रयोगशाला, खानेपानी जस्ता आधारभूत मापदण्डहरूको अभाव भने खड्केकै छ । विद्यालयहरूको भौतिक पुर्वाधार विकासका अन्य सरोकारवाला संस्थाहरूसँग आपसि समन्वय गरीदै कार्यक्रमहरू सम्पन्न भइरहेका छन ।

### ४.६.२ उद्देश्य

१) सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा प्रदानमा सहयोग गर्नु ।
२) विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्डको विकास र कार्यान्वयन गर्नु र स्रोत पहिचान गर्नु ।
३) भौतिक पूर्वाधार विकास एवं विस्तारका लागि पारदर्शी तथा जवाफदेही प्रणालीको विकास गर्नु ।
४) पालिकाका विद्यालयहरूमा निर्माण हुने सबै पुर्वाधारहरूलाई अपाङ्गमैत्री, बालमैत्री र लैङ्गिकमैत्री बनाउनु ।
५) विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु ।
६) सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधारविकास, मर्मत संभार तथा सबलीकरण गर्नु
७) जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate Smart Infrastructureबनाउन परामर्श गर्नु

### ४.६.३ रणनीतिहरू

१) पालिकामा सञ्चालित विद्यालय तह र विद्यार्थी संख्याका आधारमा पूर्वाधारको पुनः वितरण गरिनेछ ।

२) विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरिनेछ ।

३) पूर्वाधार विकासका लागि वार्षिक रुपमा तोकिएका ससर्त अनुदान वापतका योजना तथा कार्यक्रमहरू माग र आवश्यकताका आधारमा वितरण गरिनेछ ।

४) पालिकाका विद्यालयहरूमा निर्माण हुने सबै पुर्वाधारका कार्यहरूलाई अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिकमैत्री र भूकम्प प्रतिरोधी बनाइनेछ ।

५) कक्षा १ देखी ३ सम्मका कक्षाकोठालाइ बालमैत्री तथा छापामय बनाइने छ ।

६) विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न संघ संस्था एवं निकायसँग लागत साझेदारी गरिने छ ।

७) स्थानीय सरकार तथा अन्य सरोकारवाला निकायविच आपसि समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधार एवं जनशक्तिको उपयोग सम्बन्धी नीति तयार गरी कार्यन्वयन गरिने छ ।

८) पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवं वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।

९) रमाइलो वातावरणमा शिक्षण सिकाइ सञ्चालन गर्न प्रशस्त मात्रामा शैक्षिक सामाग्रीका साथै खेल सामाग्रीयुक्त वालउद्यान निर्माणको कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।

१०) कक्षाकोठाहरूलाई प्रयोगशालाको रुपमा परिणत गर्न मापदण्ड अनुसारको आवश्यक सामाग्रीहरूको व्यवस्थापन गर्न प्रोत्साहन गरिने छ ।

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तहविद्यार्थी सङ्ख्याको प्रक्षेपणर भौगोलिक क्षेत् ,रको आधारमा मापदण्ड विकास गर्ने
२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने
३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुननिर्माण एवम् मर्मत सम्भार गर्ने
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने
६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने
७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमानिर्माण कार्य गर्ने

a

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**(क) उपलब्धी**

- सवै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक सुविधा युक्त विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।

**(ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

- भौतिक पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी सहित कार्यन्वयन भएको हुने ।
- पूर्वाधार विकासको आवश्यकता पहिचान र वितरणको मापदण्ड तयार भएको हुने ।
- विद्यालयहरूमा अपाङ्गमैत्री, बालमैत्री एवं लैङ्गिकमैत्री र भूकम्प प्रतिरोधी संरचनाको व्यवस्था भएकोहुने ।
- विद्यार्थीहरूलाई रमाइलो वातावरणमा शिक्षण गर्न विभिन्न प्रयोगशालाहरूको निर्माण भएकोहुने ।
- कक्षाकोठाहरू शैक्षिक सामाग्रीयुक्त भएकोहुने ।
- स्वच्छ वातावरण, सुविधायुक्त शौचालय तथा सफा खानेपानीको प्रवन्ध भएकोहुने ।
- विद्यालय तथा कक्षाकोठाहरूको समय समयमा मर्मत सम्भार गरिएको हुने ।

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | | | | | | |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | | | | | | |
| ३ | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | | | | | | |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | | | | | | |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | | | | | | |

### ४.६.५ प्रमुख क्रियापलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिकलक्ष्य (पहिलो५वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | भौतिकपूर्वाधार विकास योजना निर्माण | पटक | | १ | - | | - | १ | | |
| २ | विद्यालयमा अपाङ्गमैत्री, प्रविधिमैत्री, विपद प्रतिरोधी, समतामुलक, बालमैत्री एवं लैङ्गिकमैत्री कक्षाकोठा व्यवस्थापन । | विद्यालय | ० | २ | २ | २ | २ | ८ | १० | |
| ३ | निर्माणभएका संरचनाहरूको सम्बर्धन तथा मर्मत(आवश्यकता अनुसार निरन्तर) | विद्यालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| ४ | विनियोजित रकमको शिर्षक अनुसार कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन(आवश्यकता अनुसार निरन्तर) | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | कक्षा १ देखी ३ सम्मका कक्षाकोठामा बालमैत्री तथा छापामय | विद्यालय | ० | ५ | ५ | ५ | ५ | २० | २३ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वातावरण निर्माण गर्ने। | | | | | | | | | |
| ६ | विद्यालय हाता हरियाली कार्यक्रम (निरन्तर) | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## कार्यान्वयन तालिका

| *क्र.स.* | *कार्यक्रम* | *जिम्मेवारी निकाय* | *कार्यविधि* | *अनुमान लागत* | *स्रोत व्यावस्थापन* | *समय अवधी* |
|---|---|---|---|---|---|---|
| *१* | *विद्यालयमा अपाङ्गमैत्री, प्रविधिमैत्री, विपद प्रतिरोधी, समतामुलक, बालमैत्री एवं लैङ्गिकमैत्री कक्षाकोठा व्यवस्थापन ।* | *संघ,प्रदेश र स्थानीय तह र संघसंस्था* | *आवश्यकताको आधारमा* | *१ लाख* | *संघ,प्रदेश र स्थानीय तह र संघसंस्था* | *प्रत्येक वर्ष* |
| *२* | *विनियोजित रकमको शिर्षक अनुसार कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन(आवश्यकता अनुसार निरन्तर)* | *संघ,प्रदेश र स्थानीय तह र संघसंस्था* | *निर्माण गरिइएको कक्षाकोठाको निरन्तर मुल्याङ्कन गर्ने* | | *स्थानीय तह* | *आवश्यकता अनुसार* |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी संघीय सरकार सँग प्रसस्त कानुनी आधारहरु छन। यस अन्तरगत बोर्ड बैंक नीति २०७१, नेपालको सूचना तथा प्रविधि नीति २०७२, डिजिटल नेपालको कार्यढाँचा २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षामा सूचना तथा

सञ्चार प्रविधि सम्बन्धी गुरु योजना २०१३-२०१७ समेतले शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको स्थापना,संचालन, व्यवस्थापन,अनुगमन तथा मूल्यांकन गर्ने कुराको व्यवस्था गरेको छ । यस पालिकामा भने आफ्नै नीति वा कानुनको व्यवस्था छैन । संघीय सरकारकै नीति बमोजिम नै सञ्चालन भईरहेको अवस्था छ

विद्यालय क्षेत्र सूधार विकास कार्यक्रम अन्तरगत विभिन्न विद्यालयहरुमा पूर्वाधार विकास गर्ने,सूचना प्रविधि व्यवस्थापन प्रणालीको स्थापना तथा संचालन गर्ने जस्ता कार्यहरु भएका छन् । साल्पासिलिछो गाउँपालिकाका मा.वि. तहका केही विद्यलयहरूले आफ्नै, गाउँपालिका तथा अन्य निकायको व्यवस्थापनमा सिसिटिभि क्यामेराजडान गरी सकिएको छ । पालिकाका करीब ८० प्रतिशत विद्यलयहरुमा इन्टरनेट सेवा विस्तार गरिएको छ । संघिय तथा प्रदेशबाट विभिन्न शसर्त बजेटबाट पालिकाका केही विद्यालयमा विज्ञान प्रयोगशाला तथा कम्प्युटर ल्याबहरू निर्माण भएका छन् र यसको लागि पालिकाको आफ्नै श्रोतबाट लगानी गर्न नसकिएको अवस्था देखिन्छ । यस अन्तरगत गाउँपालिकाका अन्य केही विद्यालयहरुमा विभिन्न निकायको सहयोगमा स्मार्ट बोर्ड रहेका छन तथा इसिडिमा पनि केही विद्यालयहरूमा डिजिटल सिकाइका सामग्री मार्फत शिक्षण सिकाइ भइरहेको छ । पालिकाको आफ्नै स्रोत बाट सूचना तथा संचार क्षेत्रमा लगानी गर्न सकिएको अवस्था न्युन मात्रामा रहेको छ । पालिकाबाट शिक्षकहरुका लागि हरेक वर्ष प्रविधि सम्बन्धी तालिम समय समयमा संचालन गरिएका छन् ।

### ४.७.२ उद्देश्य

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा संचार प्रविधिको प्रयोग विस्तार गर्नु ।
- सूचना तथा संचार प्रविधिको प्रयोगलाई समतामूलक ढंगले सबै लक्षीत समूह सम्म विस्तार गर्नु ।
- शिक्षा सम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज,छिटो छरितो र सस्तो बनाउनु ।
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल,पारदर्शी र समतामूलक बनाउनु ।

### ४.७.३ रणनीति

- सबै विद्यालयहरुमा सूचना तथा संचार प्रविधिका आधारभूत संरचनाहरु तथा उपकरणको व्यवस्था गरी सूरक्षीत भौतिक र प्राविधिक प्रबन्ध मिलाईने छ ।

- कार्यरत सबै शिक्षकहरुको क्षमता विकासगरिने छ । अब प्रवेश हुने शिक्षकहरुका लागि प्रविधि प्रयोगको सीप आवश्यक सर्त हुनेछ ।
- पालिका स्तरमा प्राविधिक सहायताका लागि सक्षम शिक्षकहरुको छनौट गरी विषयगत समिति बनाइने छ । सो समितिलाई आवश्यकता अनुसार डिजीटल सामग्री निर्माणमा जिम्मेबार बनाइने छ ।
- संघ, प्रदेश तथा अन्तरपालिका समन्वय गरी तालिम सञ्चालन गरी शिक्षकहरुको क्षमताको विकासगरिने छ ।
- शिक्षक सहायता तथा पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रणालीको प्रयोग गरिने छ ।
- विश्वव्यापी रुपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरुमा विद्यालय, शिक्षक एवम् विद्यार्थीको पहुँचमा पुर्‍याईने छ ।
- IEMIS को प्रयोगलाई थप विस्तार तथा व्यवस्थित गराईने छ ।
- पालिकामा विभिन्न समूहहरूका विभिन्न माध्यम (Virtual/In-person) सिकाइ आदानप्रदानका लागि सिकाइ समूह (CoP) निर्माण गरी प्रभाकारी रूपमा कार्यान्वयन गरिने छ ।
- सिकाइका विश्वव्यापी ढाँचा अनुरूप शिक्षकहरूलाइ तालिमको व्यवस्था गरिने छ ।
- बाकी रहेका सबै विद्यालयहरूमा इन्टरनेट सेवा विस्तार गरिने छ ।
- गाउँपालिका भित्र रहेका सामुदायिक अध्ययन केन्द्र तथा सामूदायिक पुस्तकालयहरुमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सेवालाई सहज र प्रभावकारी बनाईने छ ।

### ४.७.४प्रमुख उपलब्धितथा नतिजा

## उपलब्धि

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी,गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नाका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार भइ सुशासन कायम हुने ।
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि पालिका स्तरमा सूचना तथा सञ्चार प्रविधि स्रोतकेन्द्रको स्थापना भएको हुने ।
- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकास भई सबैको पहुँच पुगेको हुने ।
- सबै विद्यालयहरुमा शिक्षण सिकाइ तथा अन्य व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको हुने ।
- पालिका स्तरमा सूचना तथा सञ्चार शिक्षक सहायता प्रणालीको विकास भएको हुने ।

- पालिका स्तरमा रहेका सामुदायिक अध्ययन केन्द्र तथा पुस्तकालयहरुमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग  भएको हुने ।
- अनुगमन,मूल्यांकन तथा प्रतिबेदन प्रणालीमा सुधार भई लागत,जनशक्ति र समयको बचत भएको हुने ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ३९ | सबै | सबै | सबै | सबै | सबै |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | १२ | २० | २६ | ३२ | ३५ | ३९ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | २० | २६ | ३० | ३२ | ३४ | ३९ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चारप्र विधिकोप्र योग गर्ने विद्यालय सङ्ख्या | १२ | २० | २६ | ३२ | ३५ | ३९ |
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालय सङ्ख्या | ३० | ३२ | ३५ | ३६ | ३७ | ३९ |

### *४.७.५ प्रमुख क्रियापलाप र परिमाणात्मक लक्ष्य*

| क.सं. | **क्रियाकलाप** | | पहिलो पाँच बर्षको लक्ष | | | | | जम्मा | १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाइ | १ | २ | ३ | ४ | ५ | | | |
| १ | बिद्यालयमा ICT LAB बिस्तार | विद्यालय | | १ | २ | २ | २ | ७ | १० | |
| २ | बाकी रहेका सबै बिद्यालयमा इन्टरनेट सेवा विस्तार गर्ने | विद्यालय | ० | | ४ | ४ | ४ | १२ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सबै शिक्षकहरुलाई ICT को आधारभूत तालिम कार्यक्रम | जना | ३९ | ३९ | ३९ | ३९ | ३९ | १९५ | ३९० | |
| ४ | IEMIS सम्वन्धि तालिम | जना | ३९ | ३९ | ३९ | ३९ | ३९ | १९५ | ३९० | |
| ५ | विद्यालयमा ई लाइब्रेरी सञ्चालन | विद्यालय | ० | ५ | ५ | ५ | ५ | २० | २४ | |
| ६ | पलिका स्तरमानमुना ICT LAB स्थापना | वटा | | | | | १ | १ | | |
| ७ | पालिकामा विभिन्न समूहहरूका विभिन्न माध्यम (Virtual/In-person) सिकाइ आदानप्रदानका लागि सिकाइ समूह (CoP) निर्माण | पटक | | १ | | १ | | १ | २ | |
| ८ | संचालनमा रहेका सामूदायिक अधययन केन्द्र तथा पुस्तकालयहरुमा ICT बिस्तार | केन्द्र | | १ | | | | १ | २ | |

**गाउँपालिकाको विद्यालयहरुको ब्यवस्थापन तथा सुशासन सम्बन्धी विवरण**

| | ब्यवस्थापन तथा सुशासन | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापन समिति गठन | ३९ | १०० |
| २ | शिक्षक अभिभावक संघगठन | ३९ | १०० |
| ३ | बाल क्लब गठन | १० | २८.५७ |
| ४ | लैगिकसम्पर्क ब्यक्ति तोकेको | ७ | २० |
| ५ | विषयगतसमितिहरु निर्माण गरिएको तथा क्रियाशिल रहेका | ७ | २० |
| ६ | विद्यालयसुधार योजना निर्माण गरिएको | ३९ | १०० |
| ७ | सामाजिकपरीक्षण गरिएको | ३९ | १०० |
| ८ | गत आव कोलेखा परीक्षण गरिएको | ३९ | १०० |

| | | | |
|---|---|---|---|
| ९ | इन्टरनेटको ब्यवस्था | ३९ | १०० |
| १० | कार्यालयकाममा प्रयोग गर्ने प्रिन्टरको ब्यवस्था | २५ | ७१.४२ |
| ११ | कार्यालयकाममा प्रयोग गर्ने ल्याप्टप तथा डेस्कटपको ब्यवस्था | २१ | ६० |
| १२ | सेनिटरप्याड ब्यवस्थापन गरेका विद्यालय( ८ देखि १२ कक्षा) माविमा मात्र | १२ | १०० |
| १३ | कक्षा १-५खाजा कार्यक्रम ब्यवस्थापन गरेका विद्यालय | ३९ | १०० |

तथ्याङ्क गतरूपमा हेर्दा यस गाउँरपालिकामा रहेका ३९ वटा सामुदायिक विद्यालयहरू मध्ये ३९ वटा विद्यालयमा कम्प्युटर जडान भएको छ । यसै गरी ३९ वटा सामुदायिक विद्यालयमा इन्टरनेट जडान गरीएको छ । यसका अलवा सामूदायिक माध्यमिक विद्यालयहरूलाई इन्टरनेट जडान वापतको शुल्क समेत पालिकाको तर्फबाट प्रदान गर्ने गरीएको छ ।

## कार्यान्वयन तालिका

| *क्र. स.* | *कार्यक्रम* | *जिम्मेवरी निकाय* | *कार्यविधि* | *अनुमान लागत* | *स्रोत व्यावस्थापन* | *समय अवधी* |
|---|---|---|---|---|---|---|
| *१* | *पालिकामा विभिन्न समूहहरूका विभिन्न माध्यम (Virtual/In-person) सिकाइ आदानप्रदानका लागि सिकाइ समूह (CoP) निर्माण* | *स्थानीय तह, विद्यालय, विषय शिक्षक* | *स्थानीय तह, विद्यालय र विषय शिक्षकहरु विच छलफल गरी छलफल तथा अन्तरकृया गरि समुह निर्माण गर्ने* | | | *प्रत्येक वर्ष समुह निर्माण तथा अध्यावधिक गर्ने* |
| *२* | *संचालनमा रहेका सामूदायिक अधययन केन्द्र तथा पुस्तकालयहरुमा ICT बिस्तार* | *संघ, प्रदेश र स्थानीय तह* | *आवश्यकता अनुसार वितरण गर्ने* | *१ लाख* | *संघ, प्रदेश र स्थानीय तह* | *१ बर्ष भित्र* |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| *३* | *पलिका स्तरमानमुना ICT LAB स्थापना* | *गाउँपालिका* | *आवश्यकताका आधारमा विद्यालय छनौट गर्ने* | *२५ लाख* | *गाउँपालिका* | *५ वर्ष भित्र* |
| *४* | *विद्यालयमा ई लाइब्रेरी सञ्चालन* | *विद्यालय* | *विद्यालहरुले इ लाइब्रेरीको व्यावस्थापन गर्ने* | | *विद्यालय* | *प्रत्येक वर्ष सञ्चालन र अध्यावधिक गर्ने* |

# परिच्छेत ५ : अन्य उपक्षेत्र

## ५.१ छात्रवृत्ति

### ५.१.१ वर्तमान अवस्था

नेपाल सरकारले विद्यालय तहका लक्षित समुदायका बालबालिकाहरूका लागि नीति नियमानुसार विभिन्न किसिमका छात्रवृत्तिहरू प्रदान गरीरहको छ । विद्यालय तहका सम्पुर्ण विद्यार्थीहरूलाई वार्षिक रुपमा तपशिलको शिर्षकमा विद्यालय मार्फत छात्रवृत्ति वितरण भइरहेको छ :

१) आधारभुत तह छात्रा छात्रवृत्ति प्रति विद्यार्थी - रु ४००/-
२) आधारभुत तह दलित छात्रवृत्ति प्रति विद्यार्थी - रु ४००/-
३) अपाङ्ग छात्रवृत्ति प्रति विद्यार्थी
आवासिय छात्रवृत्ति – वार्षिक रु ५०,०००/-
सहयोगी सहायता छात्रवृत्ति – वार्षिक रू ५,०००/-
यातायात सेवा छात्रवृत्ति – वार्षिक रू ३,०००/-
शैक्षिक सामग्री छात्रवृत्ति – वार्षिक रू १,०००/-
४) विपन्न लक्षित छात्रवृत्ति – वार्षिक रू ६,०००/- देखि २४,०००/- सम्म
५) वैदेशिक रोजगार सन्तति छात्रवृत्ति –
६) सहिद तथा द्वन्द पिडित परिवार छात्रवृत्ति

विद्यालयमा भर्ना भएका धेरैजसो विद्यार्थीहरूले कुनै न कुनै किसिमको छात्रवृत्ति प्राप्त गरीरहेकै छन तर ती छात्रवृत्ति रकम अति नै न्यून रहेकोले यसवाट जति सहयोग हुनुपर्ने हो त्यति हुन नसकेको र विद्यालय शिक्षाका गतिविधहरूलाई निरन्तरता दिन नसकेको देखिन्छ । यस गाउँपालिका क्षेत्रभित्र क्रियागत क्षमताका बालबालिकाहरूका लागि स्रोतकक्षा विद्यालय सञ्चालित छैन ।

### ५.१.२ उद्देश्य

यस गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी निम्नलिखित उद्देश्यहरू रहनेछन् :

१) आर्थिक रुपले विपन्न, सुविधाविहिन, अपाङ्गता र कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालयमा पहुँच अभिवृद्धि गरी उनीहरूको सहभागिता र उपलब्धि वृद्धि गर्नु ।
२) विद्यालय शिक्षामा विद्यार्थी टिकाउ दर वृद्धि गर्नु ।
३) सवै बालबालिकाका लागि सिकाइ सुनिश्चित गरी शैक्षिक गुणस्तर वृद्धि गर्नु ।

### ५.१.३ रणनीति

१) हालका छात्रवृत्तिहरूका किसिम र छनौटका आधारहरूको पुनरावलोकन तथा परिमार्जन गरी लक्षित र आवश्यकतामा आधारित छात्रवृत्ति पद्धतिको विकास गरिनेछ । छात्रवृत्तिका लागि मुलतः गरीवीलाई केन्द्रित गरी आर्थिक रुपले विपन्न, सुविधाविहिन, कठिन परिस्थितमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था मिलाईनेछ ।
२) छात्रवृत्ति उद्देश्यमुलक वनाउन छात्रवृत्ति छनौट तथा वितरण निर्देशिकाको निर्माण गरिनेछ ।
३) छात्रवृत्ति छनौटका लागि मुख्य आधार सहित एकमुष्ठ अनुदान रकम विद्यालयमा पठाईनेछ र वि.व्य.स.लाई समेत जिम्मेवार वनाईनेछ ।
४) छात्रवृत्ति रकम पुनरावलोकन गरी उद्देश्य अनुरूप पर्याप्त हुने गरी व्यवस्था गरिनेछ ।
५) स्थानीय तह एवं विद्यालय स्वयमले आवश्यक स्रोत व्यवस्था गरी थप विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान सक्नेछन ।
६) संस्थागत विद्यालयद्वारा प्रदान गरिने छात्रवृत्तिलाई नियमन गरी व्यवस्थित गरिनेछ ।

### ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**(क) उपलब्धि**

- विद्यालय तहको शिक्षामा सवैको पहुँच र सहभागिता सुनिश्चित गरीसिकाइ गुणस्तर वृद्धि गर्ने ।

**(ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

- गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकालाई केन्द्रित गरी एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यन्वयन भएको हुने ।

- उद्देश्य र आवश्यकतामा आधारित छात्रवृत्ति वितरण गरिएको हुने ।
- लक्षित समुहका विद्यार्थीले विद्यालयमा भर्ना हुने, टिकिरहने र सिकाइ सहभागिता दरमा वृद्धि भई सिकाइमा सुधार भएको हुने ।

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ६ | ८ | १० | १२ | १४ | १६ |
| २ | हरितविद्यालय सङ्ख्या | १८ | 21 | 24 | 28 | 33 | सबै |
| ३ | जलवायुपरिवर्तन तथादिगोविकासनिम्तिशिक्षाजस्ता कार्यक्रमकार्यान्वयनगर्ने विद्यालय सङ्ख्या | 12 | 16 | 2१ | 27 | 34 | सबै |
| ४ | | | | | | | |

### ५.१.५ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | भौतिक लक्ष्य-१० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | छात्रावृत्ति दिवश कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | माध्यमिक तथा उच्च शिक्षामा विज्ञान प्रविधि जस्ता प्राविधिक विषय अध्ययनको लागि छात्रवृति कार्यक्रम | जना | ८ | १० | ९ | १० | १२ | ५० | |
| ३ | विद्यालय तहका वालवालिकाहरूको सिकाईका लागि प्रोत्साहन कार्यक्रमको पहिचान तथा कार्यक्रम कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |

## कार्यान्वयन तालिका

| क्र.स. | कार्यक्रम | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत | स्रोत व्यावस्थापन | समय अवधी |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तथा उच्च शिक्षामा विज्ञान प्रविधि जस्ता प्राविधिक विषय अध्ययनको लागि छात्रवृति कार्यक्रम | गाउँपालिका | स्थानीय तहको मापदण्ड अनुसार कार्यक्रम संञ्चालन गर्ने | २ लाख | गाउँपालिका | प्रत्येक वर्ष |
| २ | विद्यालय तहका वालवालिकाहरूको सिकाईका लागि प्रोत्साहन कार्यक्रमको पहिचान तथा कार्यक्रम कार्यान्वयन | विद्यालय | विद्यालयले विभिन्न क्रियाकलाप मार्फत सिकाइ पाहिचान गर्ने | | विद्यालय | प्रत्येक वर्ष |

## परिच्छेद६ : सुशासन तथा व्यवस्थापन

### ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

नेपालको शिक्षा क्षेत्रको वर्तमान परिप्रेक्ष्यमा तीनै तहका सरकारमा कर्मचारी व्यवस्थापन र संगठनात्मक स्वरुपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । आजको सूचना तथा प्रविधीको युगमा शैक्षिक गतिविधिलाई प्रभावकारी बनाउन शासकीय संरचना, प्रक्रिया र क्षमतामा सुधार गर्दै सुशासनको प्रत्याभूति प्रदान गर्नुका साथै संस्थागत संरचना र क्षमता विकास गर्न अवश्यक छ।

यस योजनामा पालिकाभित्रका प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, र माध्यमिक शिक्षामा सबै पालिकावासी विद्यालय उमेर समूहका बालबालिकाहरूको पहुँच र सहभागितामा सुनिश्चित गरी गुणस्तरमा सुधार,अनौपचारिक तथा जीवनपर्यन्त अवसरहरूको विस्तार, समता तथा समावेशीताको प्रवर्द्धन गरी जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । शिक्षामा सुधार ल्याउन त्यससंग सरोकारवाला सबैको क्षमता विकास गर्न आवश्यक रहेकाले यस

खण्डमा पालिकाभित्र सञ्चालित शिक्षा विकास कार्यक्रमहरूको कार्यान्वयनका लागि भएका प्रयासहरूको समीक्षा गर्दै विद्यालय क्षेत्रको योजना प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता तथा प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गर्दै तिनीहरूको समाधानका लागि सुशासन प्रवर्द्धन गरी आवश्यक परिवर्तनको प्रस्ताव सहित संरचना, क्षमता र प्रक्रियाको विकासका बारेमा चर्चा गरिएको छ।

### ६.१.१ वर्तमान अवस्था

हालको संघीय संरचना अनुसार शिक्षा क्षेत्रको विकासका लागि संघ, प्रदेश, स्थानीय तह तथा स्वायत्त निकायमा विभिन्न सरकारी संस्थाहरू रहेका छन्। संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ ।यसका मातहतमा केन्द्रीय तहमा पाठ्यक्रम विकास केन्द्र , शिक्षा तथा मानवस्रोत विकास केन्द्र , शैक्षिक गुणस्तर परीक्षणकेन्द्र रहेका छन भने शिक्षक सेवा आयोग र राष्ट्रिय परीक्षा बोर्ड स्वायत्त निकायका रूपमा रहेका छन् ।

आजसम्म संघीय शिक्षा ऐन जारी हुन नसकेकोले विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन अन्योलताको अवस्था रहेको छ । संघीय ,प्रादेशिक र स्थानीय तहमा ऐन तथा नियमावली नबनेका कारण प्रदेश र स्थानीय कानुनहरू बन्न सकेका छैनन् यसले शिक्षा क्षेत्रलाई अन्योलग्रस्त बनाएको गुनासो आइरहेको छ ।

प्रदेश स्तरमा प्रदेश शिक्षक तालिम केन्द्र क्रियाशील भए पनि स्थानीय तहमा कुनै पनि शिक्षा तालिम प्रदान गर्ने संस्था नहुनु र स्रोतकेन्द्र पनि खारेज हुनुले शैक्षिक गतिविधि तथा एकरुपता ल्याउनका साथै पुनर्ताजगी तालिम तथा शैक्षिक तालिमका कार्यक्रम सञ्चालनमा आउन सकेका छैनन्। प्रदेशमा रहेको सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालय र शिक्षा विकास तथा समन्वय इकाई रहेका छन् ।

संघमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ भने स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षाको काम गाउँपालिकाको शिक्षा शाखा पालिका शिक्षा समिति मार्फत सहजीकरण हुने गरेको छ ।पालिकाभित्र सञ्चालित सामुदायिक तथा निजी विद्यालयमा संचालन भइरहेका प्राविधिक धार तथा साधारण धारका साथै प्राविधिक तथा व्यवसायिक तालिम परिषद् बाट सम्बन्धन प्राप्त कार्यक्रमहरूलाई व्यवस्थित गर्न नीतिगत कठिनाइका बाबजुत पनि सहजीकरण र समन्वयात्मक काम स्थानीय सरकारबाट हुँदै आएको छ।

देश सङ्घीयतामा गएपनि सरकारका विभिन्न तहहरू बीच समन्वय हुन नसक्नु, कानून निर्माणमा भएको ढिलाइ जस्ता कारणले स्थानीय स्तरमा संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्न भिन्नभिन्न विशेषता र क्षमतालाई सम्बोधन हुन आवश्यक देखिन्छ।

### ६.१.२ उद्देश्य

यस योजनाको संस्थागत संरचना र क्षमता विकाससम्बन्धी समग्र उद्देश्य स्थानीय संरचना बमोजिम सबै वडाहरू सञ्चालित सामुदायिक, संस्थागत तथा CTEVT बाट सञ्चालित शैक्षिक संस्था सिकाइ केन्द्र तथा बालक्लबहरूमा शिक्षाको शासकीय प्रबन्ध लाई थप सुदृढ गर्दै नतिजामुखी व्यवस्थापन गर्नु रहेको छ ।यसका उद्देश्यहरू निम्न अनुसार रहेका छन् ।

- पालिकाक्षेत्रमा सञ्चालित शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको अनुगमन, मूल्याङ्कन गर्दै सहकार्य,सहअस्तित्व, समन्वय र सहकार्यको माध्यमद्वारा स्थानीयस्तरको शैक्षिक संयन्त्र निर्माण गरी संस्थागत विकास गर्नु ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अनुसन्धानात्मक कार्य र विद्यार्थीहरूको सिकाइ उपलब्धिका आधारमा सुधार गर्नुपर्ने पक्षको पहिचान गरी गुणस्तर सम्वोधन गर्ने संरचना तथा जनशक्ति तयार गर्नु ।
- शिक्षामा सुशासन कायमगर्नउत्तरदायीपूर्ण कार्य सम्पादन, जवाफदेही नतिजाका साथै शिक्षामा पहुँच, समता तथा समावेशीतालाई प्रोत्साहन गर्नु ।
- पालिकाभित्रका विद्यालय तथा शिक्षासँग सम्बद्ध क्षेत्रमा काम गर्ने शिक्षक, प्रधानाध्यापक, कर्मचारीहरू र संस्थाहरूको क्षमता विकास गर्नु ।

### ६.१.३ रणनीति

- सङ्घ तथा प्रदेशको ऐन तथा नियमवाली भित्र रहि स्थानीय तहको शिक्षा ऐन तथा नियमवली बनाई कानुनी प्रबन्धको व्यवस्था गर्ने ।
- पालिका शिक्षा समितिलाई प्रभावकारी र जिम्मेवार बनाउने ।
- स्थानीय स्तरको शिक्षा शाखालाई शिक्षा विकास तथा समन्वय इकाइ तथा शिक्षा विकास निर्देशनालयसँग समन्वयात्मक सम्बन्ध स्थापना गर्ने ।
- पालिकामा रोष्टर प्रशिक्षकको व्यवस्था गर्ने।
- शिक्षक छनोट समितिका लागि पालिका भित्रका शिक्षकहरूबाट विज्ञ सूची तयार गर्ने।

- समुदायमा साक्षरता अभिवृद्धि गर्न प्रौढ शिक्षा ,अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका लागि वार्ड स्तरमा आवश्यक संयन्त्र निर्माण गर्ने ।
- आधारभूत तह अन्तर्गत कक्षा ५ र कक्षा ८मा पालिका स्तरको परीक्षा लागि गाउँपालिका स्तरीय परीक्षा बोर्डको अवधारणा विकास गरी कार्यान्वयन गर्ने ।
- शिक्षक पेसागत सहायताका लागि विषय विज्ञ समिति निर्माण गरी परिचालन गर्ने ।
- प्रधानाध्यापकलाईक्षमता अभिवृद्धि गरी थप जिम्मेवार र जवाफदेहि बनाउने ।
- पालिकाभित्रका शैक्षिक संस्था तथा त्यससँग सम्बन्धित कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने ।
- स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना तथा संचालन गर्ने ।
- प्रत्येक विद्यालयमा सूचना अधिकारी, गुनासो पेटिका तथा गुनासो सुन्ने अधिकारी, लैङ्गिक फोकल पर्सन, विद्युतीय हाजिरी, विद्यालय वडापत्र आदिको प्रभाकारी व्यवस्थापन गर्ने ।
- सुशासनको लागि शिक्षक, विद्यार्थी र अभिभावकको आचारसंहिता निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

### ६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

#### (क) उपलब्धि

- पालिकाभित्र सञ्चालित शैक्षिक संस्थाहरूमा सुशासनको प्रवर्द्धन हुने र बालबालिकाहरूको सिकाइ उपलब्धि बढ्ने ।

#### (ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

- पालिकाशिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यको लागि आवश्यक पर्ने दक्ष जनशक्ति तथा संरचना तयार भएका हुने ।
- पालिकाभित्रका सबैवडाहरूमा शिक्षाको विकासका लागि आवश्यक योजना तथा योजना कार्यान्वयन संयन्त्र तयार भएको हुने ।
- शिक्षाको प्रशासकीय तथा व्यवस्थापकीय क्षेत्रमा काम गर्ने जनशक्तिको क्षमता विकास गर्ने पद्धतिको विकास भई क्षमता अभिवृद्धि भएको हुने ।
- पालिकाभित्र शिक्षा प्रवाह गर्ने संस्थाहरूमा आवद्ध हुने सबैको आ आफ्नो दायित्व, जिम्मेवारी, अधिकारपत्रको बारेमा स्पष्ट भएको हुने ।
- प्रत्येक विद्यालयमा सूचना अधिकारी, गुनासो पेटिका तथा गुनासो सुन्ने अधिकारी, लैङ्गिक फोकल पर्सन, विद्युतीय हाजिरी, विद्यालय वडापत्र आदिको व्यवस्था भएको हुने ।

- सुशासनको लागि शिक्षक, विद्यार्थी र अभिभावकको आचारसंहिता निर्माण गरी प्रभावकारी कार्यान्वयन भएको हुने ।
- विद्यालयमा भयरहित, बालमैत्री, समावेशी वातावरण भएको हुने ।

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ६ | सबै | सबै | सबै | सबै | सबै |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ६ | सबै | सबै | सबै | सबै | सबै |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | ६ |
| ६ | | | | | | | |

### ६.१.५ प्रमुख क्रियाकलापर परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सबै विद्यालयमा गुनासो सुन्ने अधिकारी र गुनासो | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पेटिकाको व्यवस्थापन | | | | | | | | | |
| २ | सबै विद्यालयहरूमा सूचना अधिकारीको व्यवस्था | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ३ | सामाजिक परीक्षण | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ४ | वार्षिक रूपमालेखा परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ५ | प्रधानाध्यापक सँग कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | सबै प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापनमासं लग्न जनशक्तिलाई व्यवस्थापकीय तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | सबै विद्यालयहरूले सम्पादन गरेका कार्यलाई | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नियमित रुपमा सार्वजनिक कार्यक्रम | | | | | | | | | |
| ८ | लेखा व्यवस्थापनमा विद्युतीय प्रणालीको विस्तार | विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | |
| ९ | विद्यालय सँग सरोकार राख्ने पदाधिकारीहरूको आचारसंहितामा परिमार्जन र कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | सबै विद्यालयहरूमा आमा समूह गठन गरी विद्यालयकोनियमित अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ११ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागिपूर्व विद्यार्थी समाज गठन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | वार्षिक विद्यालय कार्य सम्पादन परीक्षणकार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | सार्वजनिक विद्यालयको जग्गा जमिनलाई दिगो उपयोगगर्ने कार्यविधि निर्माण | पटक | | | १ | | १ | २ | २ | |
| १४ | समावेशी बालक्लब गठन र परिचालन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |

## *कार्यान्वयन तालिका*

| *क्र.स.* | *कार्यक्रम* | *जिम्मेवार निकाय* | *कार्यविधि* | *अनुमानित लागत* | *स्रोत व्यावस्थापन* | *समय अवधी* |
|---|---|---|---|---|---|---|
| *१* | *सबै विद्यालयमा गुनासो सुन्ने अधिकारी र गुनासो पेटिकाको व्यवस्थापन* | *विद्यालय* | *गाउँपालिका र विद्यालयहरु विच आपसि छलफल गरि निर्देशिका अनुसार गुनासो व्यावस्थापन गर्ने* | | | *प्रत्येक वर्ष* |
| *२* | *सबै विद्यालयहरूमा सूचना अधिकारीको व्यवस्था* | *विद्यालय* | *विद्यालयले निर्देशिका अनुसार अधिकारि तोक्ने* | | | *प्रत्येक वर्ष* |
| *३* | *सामाजिक परीक्षण* | *विद्यालय* | *विद्यालयले प्रचलित कानून अनुसार गर्ने* | | | *प्रत्येक वर्ष* |
| *४* | *विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागिपूर्व विद्यार्थी समाज गठन* | *विद्यालय* | *आवश्यकता अनुसार विद्यालयले गठन गरी सञ्चालन गर्ने* | | | |
| *५* | *सबै विद्यालयहरूमा आमा समूह गठन गरी विद्यालयकोनियमित अनुगमन* | *विद्यालय* | *नियमानुसार गठन गरि सञ्चालन गर्ने* | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | *वार्षिक विद्यालय कार्य सम्पादन परीक्षणकार्यक्रम* | *गाउँपालिका वडा, वि व्य स* | *सम्वन्धित सूचकको आधारमा परिक्षण गर्ने* | | | *प्रत्येक शैक्षिक सत्रको अन्त्यमा* |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ वर्तमान अवस्था

पालिका शिक्षा समितिको अगुवाइमा पालिकामा शिक्षा क्षेत्रका क्रियाकलापहरु साल्पासिलिछो गाउँपालिकामा जम्मा ३९ वटा विद्यालयहरु रहेका छन् । सञ्चालन गरिएको छ । यस गाउँपालिकाले स्थानिय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०८० देखी लागुगरिएको छ । स्थानीय बिषयले यस पालिकाको ऐतिहासिकता र समग्रता झल्काउन मद्दत गर्नेछ भने वालवालिकालाई स्थानीय परिवेश अनुकूल बिषय क्षेत्रमा परिचित हुन सहयोग पुऱ्याउने छ । आभारभूत तह कक्षा १-३ मा निरन्तर बिद्यार्थी मुल्याङ्कन प्रणाली मार्फत उद्दार कक्षोन्नतीको नीति अनुसार मूल्याङ्कन, कक्षा ४-८ मा ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत वाह्य मूल्याङ्कन प्रणाली अपनाइएको छ । आधारभूत तह कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा सञ्चालन गरिएको छ । कक्षा १० र १२ को अन्तिम परीक्षा रा.प.बो.ले सञ्चालन गर्दछ । त्यस्तै राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयन गर्न कक्षा १-३ मा एकिकृत पाठ्यक्रम लागु गरिएको छ भने एकिकृत पाठ्यक्रमको प्रभावकारी प्रयोग र कार्यान्वयनमा केही समस्याहरु र जटिलताहरु समेत देखा परेका छन् ।

### ६.२.२ उद्देश्यहरू

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।
- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को प्रभावकारी प्रयोग र कार्यान्वयन गर्नु ।
- एकीकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरणगर्नु ।

### ६.२.३ रणनीतिहरू

- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

- एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
- विद्यालय सुधार योजनानिर्माण तथा अद्यावधिक गर्न लगाउने ।
- विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक अनलाइन, दूर शिक्षणमा अनुकूलन हुनका लागि शिक्षक सहयोगी पुस्तिका मापदण्ड तयार गरी लागू गर्ने ।
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
- सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आयआर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै जीवनपर्यन्त सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ६.२.४ प्रमुख उपलब्धि तथानतिजा

उपलब्धि

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

१ शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवद्र्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

## ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | जम्मा भौतिक लक्ष्य(१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय, स्थानीय तह |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | | १ | | | १ | २ | ४ | शिक्षा शाखा |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | समय | | १ | | | १ | २ | ४ | शिक्षा शाखा, |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ५ | एकीकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **६** | शैक्षिक गुणस्तर सुधारसम्बन्धी अन्तरक्रिया | पटक | | | १ | | १ | २ | ४ | संघ , स्थानिय तह |
| **७** | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | | १ | | १ | | २ | **४** | शिक्षा शाखा |
| **८** | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरूलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |

# परिच्छेद ७ :लगानी र स्रोत व्यवस्थापन

### ७.१ वर्तमान अवस्था

साल्पासिलिछो गाउँपालिकाको आ.ब. २०८२/८३ को शिक्षा क्षेत्रको कूल वजेट मध्ये १ करोड ६६लाख ७० हजार रहेको थयो । शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तर्गतको वजेट विनियोजन गरेको छ । शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रुपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरुमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी बृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय वजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरीएको छ । युएसएआईडी प्रारम्भिक कक्षा सिकाइ लगायतका निकायबाट पनि शिक्षा क्षेत्रमा सहयोग गरेको देखिन्छ ।

- गत आ.व. को पालिकाको कुल बजेट रु ४४,७६,२५,९९०.६१
- गत आ.व. को शिक्षाको कुल बजेट १,६६,७०,०००
- यस आ.व.को पालिकाको कुल बजेट ४९,८९,१८,१७७
- यस आ.व.को शिक्षाको कुल बजेट १,८९,०८,०००

### ७.२ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरु देहाय अनुसार रहेको छन्

- योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।
- विद्यालय शिक्षा सम्बन्धीपहिचान गरीएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
- उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमकोप्राथमिकता निर्धारण गरी कार्यक्रमगत वजेट निर्धारण गर्नु ।
- खर्चको प्रक्रिया, तिनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।
- लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्टा गर्नु ।

### ७.३ रणनीति

योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरु देहायबमोजिम हुनेछन्

- विद्यालय शिक्षाको लागि कानूनमा तोकिए अनुसारको आर्थिक दायित्व तिनैतहका सरकारहरु विचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा संघीय

सरकारकोशिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ आफ्नो स्रोतबाटथप लगानी हुने अपेक्षा गरीने ।

- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नोतह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीयतहलाई जवाफदेही हुने पद्धति विकास गर्ने ।
- सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालयभएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ ।
- शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७प्रतिशत र तिनै तहका सरकारबाट कूल वजेटको वार्षिक रुपमा २० प्रतिशत पुर्याइनेछ ।
- नेपालको वैदेशिक सहायता नीति अनुरुप शिक्षाको वजेटमा हुने न्यूनतापूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरीनेछ ।
- उपागमको अवधारणा अनुसार कार्यक्रम खर्च तथा सेवामूलक व्यवसायका रुपमाविकास गरीनेछ ।
- सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रुपमा विकास गरीनेछ ।
- मापदण्डका आधारमा शिक्षामा नीजि तथा गैर सरकारी क्षेत्रको लगानीलाईप्रोत्साहन तथा प्रवर्धन गरीनेछ । भने निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलकव्यवसायका रुपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरीनेछ ।
- अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, शसर्त र विशेषअनुदानको अवलम्बन र उपयोग गरीनेछ ।
- मापण्डमा आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरीनेछ ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइने छ ।

## ७.४ प्रमुख उपलब्धि

**उपलब्धि**

*योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि तथा नतिजा बुँदागत रूपमा उल्लेख गरिएको छ।*

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ ।

## ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

**क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 3,53,7000 | निरन्तर्ता दिने | निरन्तर्ता दिने | निरन्तर्ता दिने | निरन्तर्ता दिने | | |
| २ | आधारभूत शिक्षा | 8,43,00,000 | निरन्तर्ता दिने | निरन्तर्ता दिने | निरन्तर्ता दिने | निरन्तर्ता दिने | | |
| ३ | माध्यमिक शिक्षा | 1,90,00,000 | निरन्तर्ता दिने | निरन्तर्ता दिने | निरन्तर्ता दिने | निरन्तर्ता दिने | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | छैन | | | | | | |

**ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुनेउपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | पाँच वर्ष को जम्मा | १० वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| २ | आधारभूत शिक्षा | 12,00,000 | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | माध्यमिक शिक्षा | 12,68,000 | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | | | | | | | |

**ग) स्थानीय तहबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुनेउपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 283000 | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २ | आधारभूत शिक्षा | 10785000 | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३ | माध्यमिक शिक्षा | 2105000 | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | | | | | | | |
| ५ | | | | | | | | |

**घ) अन्य सङ्घसंस्थाबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| **क्र.सं.** | **अनुदान प्राप्त हुनेउपक्षेत्र / विषय** | **आर्थिक वर्ष** | | | | | **पाँच वर्षको जम्मा** | **१० वर्षको जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | छैन | | | | | | |
| २ | आधारभूत शिक्षा | छैन | | | | | | |
| ३ | माध्यमिक शिक्षा | छैन | | | | | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | | | | | | | |

उपरोक्तबमोजिम बजेट अनुमान गरिसकेपछि विद्यालय शिक्षाका मुख्य उपक्षेत्र जस्तैः वालविकास र शिक्षामा हरेक आवको जम्मा बजेट कति, आगामी पाँच वर्षको जम्मा बजेट कति र बजेटको सुनिश्चितता सङ्घबाट, प्रदेशबाट, स्थानीय तहबाट र अन्य सङ्घसंस्थाबाट कति भनि सो को समेत विश्लेषण गर्नुपर्छ ।

| **साल्पासिलिछो गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,** | | | | |
|---|---|---|---|---|
| | **स्रोतगत बजेट विनियोजन** | | | |
| **आ. व : २०८२/८३ बजेट उपशीर्षक: साल्पासिलिछो गाउँपालिका -शिक्षा** | | | | |
| **सि.न.** | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | लक्ष्य | इकाइ | विनियोजन बजेट रू |
| **१** | मा वि सञ्चालन तर्फ (ठोटनेरी मा वि, इन्द्रावती मा वि, जाल्पादेवी मा वि) | १२ | महिना | ९,७५,००० |
| **२** | आइतबारे आधारभूत विद्यालय सञ्चालन तथा अनुदान | ४ | पटक | ३,९०,००० |
| **३** | राष्ट्रपतिरनिङ्ग सिल्ड प्रतियोगिता | १ | पटक | ५,००,००० |
| **४** | इन्द्रावती मा वि कर्मचारी व्यावस्थापन | ४ | पटक | १,३०,००० |
| **५** | शिक्षासमिति वैठक भत्ता तथा विविध कार्यक्रम | ४ | पटक | १,५०,००० |
| **६** | प्रअ वैठक भत्ता तथा विविध कार्यक्रम | ४ | पटक | ९५००० |
| **७** | गाउँपालिका स्तरियशैक्षिक क्यालेण्डर निर्माण | १ | पटक | १,००,००० |
| **८** | कक्षा८, को परिक्षा व्यवस्थापनका लागि केन्द्राध्यक्ष अभिमुखिकरण परिक्षा अनुगमन प्रशनपत्र निर्माण ढुवानि तथा उत्तर पुस्तिका परिक्षण । | १० | कक्षा | २,००,००० |
| **९** | इसिडि तर्फ संञ्चालन अनुदान (ज्ञानोदय, विरेन्द्र मा वि साउने पञ्चकन्या प्रा वि, पन्चकन्या, सुम्निमा,सिंहदेवी, जाल्पा प्रा वि, जनकल्याण, सिलिचुङ, लेखुवा, श्रेया बालविकास, जाल्पादेवी मा वि वेरेन्द्र मा वि कुलुङ) | ४ | पटक | २५,३५,००० |
| **१०** | इसिडि विद्यालय कर्मचारी तथा लेखा सहायक कर्मचारी अनुदान | ५ | पटक | ७०,००,००० |
| **११** | जनमित्र आ वि संञचालन अनुदान | ४ | पटक | ६,५०,००० |
| **१२** | शिक्षा योजना निर्माण | ५ | पटक | ३,००,००० |
| **१३** | लक्ष्मी साल्पा आ वि विद्यालय संञ्चालन अनुदान | ४ | पटक | ३,२५,००० |

| | | | | |
|---|---|---|---|---|
| **१४** | हिमालय आधारभूत विद्यालय संञचालन अनुदान | ४ | पटक | ३,२५,००० |
| **१५** | एस इ इ तथा कक्षा ८ लक्षिक छात्रावृत्ती पुरस्कार | ४ | पटक | १,५०,००० |
| **१६** | अध्यक्ष प्रविधिक शिक्षा सहयोग कार्यक्रम | ४ | पटक | २,००,००० |
| **१७** | पालिका स्तरिय परिक्षा संञ्चालन | १० | पटक | १,००,००० |
| **१८** | मातृभाषा पठन-पाठन तथा नमुना प्रा वि संहमालिका काम्लेटार | ५ | पटक | २,५०,००० |
| **१९** | स्काउट व्यावस्थापन (१-६ वडा) मा वि लाई १ लाख का दरले | ६ | पटक | ६,००,००० |
| **२०** | पढ्दै कमाउदै कार्यक्रम | ५ | पटक | ५००००० |
| **२१** | प्रारम्भिक वाल विकास सहजकर्ता कार्यशाला | ३ | पटक | ३,००,००० |
| **२२** | मातृभाषा पठनपाठन प्रजातन्त्र प्रा वि खाटाम्मा | ४ | पटक | १,९५,००० |
| **२३** | सरस्वती आ वि सिलिङ निर्माण तथा फेन जडान | २ | पटक | २,००,००० |
| **२४** | आइतबारे आ वि कार्यालय फर्निचर तथा मर्मत | ३ | पटक | ३,००,००० |
| **२५** | चन्द्रावती आ वि कार्यालय मर्मत तथा फर्निचर | २ | पटक | २,००,००० |
| | **जम्मा** | | | **१,६६,७०,०००** |

## ७.६ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया

योजनामा उल्लिखित परिच्छेद ३, ४, ५ र ६ मा उल्लिखित प्रमुख क्रियाकलाप लक्ष्यलाइ प्रस्तावित भौतिक लक्ष्य मानि वार्षिक रूपमा सो कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी एकाइ लागत निर्धारण गर्ने । सो एकाइ लागतले लक्ष्य लाई गुणन गरी वार्षिक बजेट निर्धारण गर्ने । क्रियाकलापगत बजेटको जम्मा जोड हिसाब गरी उक्त उपक्षेत्रमा आवश्यक पर्ने बजेट हिसाब गरी उपक्षेत्रगत कार्यक्रम तथा बजेटको सारांश तपशिलको तालिकामा तयार गर्ने । उपक्षेत्रगत क्रियाकलापगत विस्तृतीकरणलाई अनुसूचीमा राख्नुपर्छ ।

| उपक्षेत्र / विषय | आर्थिक वर्षगत रूपमा बजेट अनुमान | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | आव | आव | आव | आव | आव | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| **आधारभूत शिक्षा** | | | | | | | |
| **माध्यमिक शिक्षा** | | | | | | | |
| **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम** | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

माथिको तालिकाअनुसार तयार भएको बजेटका लागि स्रोतको अनुमान गर्दा सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त हुने प्रस्तावित बजेट तथा विभिन्न सङ्घसंस्थाबाट कार्यान्वयन हुने क्रियाकलापको समेत हिसाब गरी बजेटको अनुमान गर्नुपर्छ ।यसरी योजनामा पाँच वर्षका लागि आवश्यक पर्ने बजेट व्यहोर्ने स्रोतको हिसाब गर्दा नपुग हुने बजेट समेत उल्लेख गरी सोका लागि स्रोत पुर्तिका विकल्पको समेत प्रस्ताव गर्नुपर्ने छ ।

**७.७ योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन**

योजना कार्यान्वयन गर्दा वार्षिक रूपमा तय भएका योजना तथा कार्यक्रमलाइ वार्षिक रूपमा रूपमा सङ्घ प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा वार्षिकरूपमा स्रोत सुनिश्चितताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गर्नुपर्छ । यसमा योजनाका रणनीति तथा कार्यक्रमलाई अद्यावधिक गरी कार्यान्वयन हुने र स्रोत सुनिश्चित भएका सो आर्थिक वर्षमा कार्यान्वयन हुने कार्यक्रमलाइ समावेश गर्नुपर्छ । योजना निर्माण गर्दा स्थानीय तहको पाँच वर्षे बजेटसहितको वार्षिक योजनामा उल्लिखित क्रियाकलापलाई केन्द्रीत भइ वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन रणनीति तयार गर्नुपर्छ । वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण गर्दा योजनाको ढाँचालाई आधार मानी तयार गर्नुपर्ने छ ।

साल्पासिलिछो गाउँपालिकाले विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रम अनुसार १० वर्षका लागि तयार गरेको शिक्षा योजना (२०८२-९१) को बजेट अनुमान गरिएको छ । बजेट अनुमान गर्दा सबैका लागि निशुल्क शिक्षा तथा अनिवार्य आधारभुत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा न्युनतम सक्षमताका मापदण्ड पुरा गरी गुणस्तरीय सेवा सुनिश्चित गर्न लगानी बढाईएको छ । वालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालयका सहयोगी कर्मचारीहरुलाई दिदै आएको प्रोत्साहन भत्तालाइ निरन्तरता दिने । गाउँपालिका अन्तर्गतको विभिन्न विद्यालयहरु कक्षाकोठा, शौचालय, सर्पोट वाल, लगायत अन्य भौतिक पुर्वधारहरुको संरचनागत सुधार गर्दै शैक्षिक गुणस्तरमा जोड दिने । माध्यमिक शिक्षालाइ निशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना अभिवृद्धि दर बढाउन र व्यवसायिक सीप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न बजेटमा समावेश गरिएको छ ।

## परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन

स्थानीय स्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरूमा स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भइरहेको छ ? शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भइ लक्षित उपलब्धि हासिल गर्न सफल भएका छन् वा छैन भन्ने सुनिश्चितताको लागि एउटा सयन्त्र निर्माण गरी कार्यकम कार्यन्वयनको लक्ष तथा प्रगतिका बारेमा समयतालिका अनुसार निरिक्षण,पर्यबेक्षण,निगरानी,पूर्ननिरीक्षण, रेखदेख,जाँचबुझ भौतिक रुपमा वा अन्य कुनै साधनको प्रयोग गरी गर्ने गराउने काम अनुगमन हो ।यसले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाको जानकारी गराउँछ । यसरी नै मूल्यांकनले शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता,उपयुक्तता, सान्दर्भिकताको, लेखाजोखा तथा जाँचबुझ गरी उक्त कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा जानकारी प्राप्त गरिन्छ । अनुगमन कार्यक्रम कार्यन्वयनको चरणमा गरिन्छ भने मुल्यांकन सम्बन्धी कार्यक्रमहरूको कार्यक्रम सञ्चालनका चरणहरू साथसाथै कार्यसपन्न भएपछि पनि गरिन्छ।स्थानीय स्तरमा संचालन भएको शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायी पूर्ण बनाउनको लागि अनुगमन तथा मूल्यांकन अनिवार्य छ ।

यसमा साल्पासिलिछो गाउँपालिकाको दश वर्षे शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयनका क्रममा आवश्यक ऐन तथा नियमावलीका आधारमा अनूगमन तथा मूल्यांकनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू,उद्देश्य रणनीति एवं यस शिक्षा क्षेत्रको योजनामा स्थानीय स्तरमा अनुगमन तथा मुल्याङ्कन प्रणालीको विकासका लागि गाउँपालिका भित्रका सवै वडाहरूमा संचालित सामुदायिक विद्यालय,संस्थागत तथा निजी विद्यालयहरू, बालविकास तथा सिकाइ केन्द्रहरूमा संचालित सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन,ढाँचा,साधन,विषय र प्रतिवेदन प्रस्तुत गरिएको छ।

### ८.१ वर्तमान अवस्था

अनुभव तथा मूल्यांकनलाई योजनाको अभिन्न अंगका रुपमा लिदै हाल विद्यमान अवस्थामा रहेको पालिका शिक्षा संयन्त्रलाई आवश्यकता अनुसार चुस्त र दुरुस्त बनाउँदै आवश्यक मानवीय तथा भौतिक व्यवस्थापनमा जोड दिँदै पालिका प्रमुखको अध्यक्षतामा रहेको पालिका शिक्षा समितिबाट आवश्यक रूपमा बैठक बसी कार्य प्रगति समीक्षा हुने गर्दछ ।

यसरी गाउँपालिकाका शिक्षा शाखाबाट पनि शैक्षिक गतिविधि तथा पालिकाभित्र रहेका सामुदायिक,निजी, संस्थागत विद्यालयहरूको अनुगमन र मूल्यांकन भइरहेको छ ।अनुगमन तथा मूल्यांकनका लागि विद्यालय क्षेत्र विकास योजना,चालु आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रमलाई आधार लिई सो को विवरण आवश्यकताका आधारमा शिक्षा विकास तथा समन्वय इकाई,शिक्षा विकास निर्देशालय,सामाजिक विकास मन्त्रालय,शिक्षा तथा मानव स्रोत विकासकेन्द्र तथा शिक्षा विज्ञान तथा प्राविधिक मन्त्रालयमा पुर्याउने प्रबन्धमा गरिएको छ ।शिक्षाको वार्षिक कार्यक्रम स्थानीय पालिका शिक्षा ऐनमा व्यवस्था भए अनुरूप पालिका शिक्षा समितिबाट निर्णय गराई कार्यपालिकाले तयार गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुरूप हुने प्रवन्ध गरिएको छ ।शैक्षिक व्यवस्थापन सूचना प्रणाली(EMIS) मार्फत विद्यालय,विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा अन्य पूर्वाधार सम्बन्धी सूचनालिइ विद्यार्थीहरूको शैक्षिक उपलब्धिहरू, शिक्षक तथा विद्यार्थीहरूको सामाजिक तथा भाषिक पृष्ठभूमि तयार गर्दै पालिकाको शैक्षिक पाश्वचित्र निर्माणको थालनी भएको छ ।हाल आएर स्रोतकेन्द्र र स्रोत व्यक्ति नभएको अवस्था र शिक्षा शाखामा दरबन्दी अनुसारको आवश्यक मानवस्रोत व्यवस्थापन हुन नसकेकोले योजनामा अनुगमन तथा मुल्यांकन कार्यमा केही राम्रा अवसरहरूका साथमा चुनौतीहरू रहेका छन् ।

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यान्वयन प्रक्रियामा त्रुटिहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्य तालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्ति तर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रुपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण्, पर्यवेक्षण एवम् जाँबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ । शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ ।

## ८.२उद्देश्य

- विश्वसनीय एवं प्रभावकारी अनुगमन प्रणालीको विकास गर्नु।
- नतिजामा आधारित अनुगमन र मूल्यांकन प्रणाली विकास गर्नु।
- कार्यक्रम कार्यान्वयनका क्रममा आएका समस्याहरूलाई समयमै पहिचान गरी आवश्यक पृष्ठपोषणका साथ अपेक्षित उपलब्धि प्राप्त गर्नु।
- आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग प्रदान गर्नु।
- शैक्षिक कार्यक्रमहरूको स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु।
- अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखी बनाउनु।
- नयाँ योजना तथा कार्यान्वयन कार्यक्रम तय गर्न सिकाइ प्रणाली विकास गर्नु।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु।

## ८.३रणनीति

- प्रविधिको प्रयोग गरी अनुगमन तथा आम मूल्यांकनलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाइने छ।
- एकीकृत शैक्षिक अनुगमन तथा मुल्याङ्कन प्रणाली उपयोग गरिनेछ।
- स्थानीय आवश्यकता अनुसार सूचकहरू तयार गरी तिनिहरूलाई सूचना प्रणालीमा समावेश गरिनेछ।
- पालिकाभित्रका विद्यालयहरूलाई प्राविधिक सञ्जालभित्र जोडेर Online अनुगमन तथा मूल्यांकनको शुरुवात गरिनेछ।
- वार्षिक बजेटको निश्चित हिस्सा शिक्षा क्षेत्रको अनुगमन तथा मुल्यांकनलाई छुट्याई नियमित तथा नतिजामूलक बनाउने प्रणालीको विकास गरिनेछ।
- प्रत्येक शैक्षिक सत्रमा सञ्चालित शैक्षिक योजना,कार्यक्रम तथा परियोजनाहरूको नियमित, आवधिक,मध्यावधिक तथा अन्तिम मुल्यांकन प्रणाली स्थापित गरिनेछ।
- अनुगमन तथा मुल्याङ्कनलाई प्रतिवेदनमा आधारित बनाई पुरस्कार र दण्ड गर्ने प्रणाली विकास गरिनेछ।

- संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारविच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागु गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिने छ ।
- पालिकाका उपप्रमुख ज्यूको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिने छ ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुद्दढीकरण गरी आवश्यक सुचक सहित कार्यान्वयन गरिने छ ।
- वर्षको कम्तीमा २ पटक जननिर्वाचित पदाधिकारी बाट विद्यालयको अनुगमन गरिने छ भने शिक्षा,युवा तथा खेलकुद शाखाबाट नियमित रुपमा अनुगमन गरिने छ ।
- विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीद्वारा अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयन गरिने छ ।
- पालिका शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारिता अध्ययन तथा प्रतिवेदन प्रकाशित गरिने छ । यसका लागि पालिका स्तरमा विज्ञहरूको अध्ययन टोली गठन गरी परिचालन गरिने छ ।

## ८.४ प्रमुख उपलब्धि तथा नतिजा

### (क) उपलब्धि (Out comes)

- योजना कार्यान्वयनका क्रममा आएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने ।
- आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।

### (ख) नतिजाहरू (key results)

- नतिजामा आधारित अनुगमन प्रणाली भएको हुने ।
- अनुगमनका आधारमा नतिजा सुधारआएको हुने ।
- अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास हुने।
- विद्यार्थी उपलब्धि परिक्षण तथा विद्यालय कार्यसम्पादन परिक्षणलाई थप व्यवस्थित र नियमित भई त्यसका नतिजाका आधारमा सुधार गर्ने परिपाटी विकास हुने ।

## ८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ ।*

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |

### सन्दर्भ सामग्रीहरु


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, )२०६३(, पाठ्यक्रम विकास केन्द्र भक्तपुर)
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, )२०७६(, पाठ्यक्रम विकास केन्द्र भक्तपुर)
- आधारभूत शिक्षा पाठ्यक्रम, )२०६९(, पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह कक्षा १ )-३ पाठ्यक्रम (, )२०७६(, पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानून किताव खाना काठमाडौँ

- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून किताव खाना काठमाडौँ
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा मन्त्रालय (२०२८), राष्ट्रिय शिक्षा पद्दति २०२८-२०३२ सम्मको योजना, लेखक : केशरमहल, काठमाण्डौं ।
- Department of Education (2020), FLASH I Report 2020 (2019-20), Author: Sanothimi, Bhaktapur.
- नेपाल कानून आयोग (२०८०), नेपालको संविधान, लेखक: www.lawcommission.gov.np
- शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/७४२०७९-/८०, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- विद्यालय शिक्षा क्षेत्र योजना (२०२२/०२३- २०३१/०३२)
- राष्ट्रिय योजना आयोग सौह्रौ योजना (२०८१/०८२- २०८५/०८६) सिंहदरवार, काडमाण्डौं ।
- शिक्षा प्रोफाइल २०८२ साल्पासिलिछो गाउँपालिका
- CEHRD website

**साल्पासिलिछो गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय चौकीडाँडा, भोजपुर**
**गाउँसभाको १८ औं अधिबेशन (पहिलो बैठक)**
**२०८३ असार २६ गते १२ बजे ।**

आज मिति २०८३ असार २६ गते साल्पासिलिछो गाउँपालिकाको अध्यक्ष श्री दौलथ कुमार राईज्यूको अध्यक्षतामा साल्पासिलिछो गाउँपालिकाको १८ औं गाउँसभा तथा आ.ब. २०८३/८४ को बजेट अधिवेशन तपशीलको उपस्थीतिमा अधिवेशनको निम्नानुसारको निर्णय गरियो ।

उपस्थीति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दौलथ कुमार राई | अध्यक्ष | (हस्ताक्षर) |
| २ | श्री अस्मिता कुलुङ राई | उपाध्यक्ष | (हस्ताक्षर) |
| ३ | श्री गणेश बुढाथोकी | गाउँसभा सदस्य | (हस्ताक्षर) |
| ४ | श्री गणेश खत्री | गाउँसभा सदस्य | (हस्ताक्षर) |
| ५ | श्री विनोद राई | गाउँसभा सदस्य | (हस्ताक्षर) |
| ६ | श्री संजय राई | गाउँसभा सदस्य | (हस्ताक्षर) |
| ७ | श्री शिव कुमार राई | गाउँसभा सदस्य | |
| ८ | श्री विक्रम बन सन्यासी | गाउँसभा सदस्य | (हस्ताक्षर) |
| ९ | श्री सुरज राई | गाउँसभा सदस्य | (हस्ताक्षर) |
| १० | श्री दिल कुमार राई | गाउँसभा सदस्य | |
| ११ | श्री देशमाया दर्जी | गाउँसभा सदस्य | देशमाया |
| १२ | श्री निमदिकी शेर्पा | गाउँसभा सदस्य | |
| १३ | श्री कलावती राई | गाउँसभा सदस्य | (हस्ताक्षर) |
| १४ | श्री उर्मिला बिश्वकर्मा | गाउँसभा सदस्य | |
| १५ | श्री शिव बस्नेत | गाउँसभा सदस्य | (हस्ताक्षर) |
| १६ | श्री चन्द्रमान राई | गाउँसभा सदस्य | |

**सात्पासिलिछो गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय चौकीडाँडा, भोजपुर**

**गाउँसभाको १८ औं अधिबेशन (पहिलो बैठक)**

**२०८३ असार २६ गते १२ बजे ।**

| | | | |
|---|---|---|---|
| १७ | श्री गिता दर्जी | गाउँसभा सदस्य | |
| १८ | श्री मोहनलाल गुरुङ | गाउँसभा सदस्य | |
| १९ | श्री धन कुमार राई | गाउँसभा सदस्य | |
| २० | श्री शर्मिष्ठा खत्री | गाउँसभा सदस्य | |
| २१ | श्री ईश्वर कार्की | गाउँसभा सदस्य | |
| २२ | श्री प्रमिला घले | गाउँसभा सदस्य | |
| २३ | श्री सुरज राई | गाउँसभा सदस्य | |
| २४ | श्री कमला विश्वकर्मा | गाउँसभा सदस्य | |
| २५ | श्री लोकेन्द्र राई | गाउँसभा सदस्य | |
| २६ | श्री माधव तामाङ | गाउँसभा सदस्य | |
| २७ | श्री डुक्पा शेर्पा | गाउँसभा सदस्य | |
| २८ | श्री तेन्जी शेर्पा | गाउँसभा सदस्य | |
| २९ | श्री गिता बि.क. | गाउँसभा सदस्य | |
| ३० | श्री पुर्ण प्रसाद राई | गाउँसभा सदस्य | |
| ३१ | श्री तारा गिरी | गाउँसभा सदस्य | |
| ३२ | श्री सुकुमाया दर्जी | गाउँसभा सदस्य | |
| ३३ | श्री मन कुमार राई | गाउँसभा सदस्य | |
| ३४ | श्री मणिराम खतिवडा | गाउँसभा सदस्य-सचिव | |

सात्पासिलिछो गाउँपालिका, भोजपुर
गाउँसभाको १८ औं अधिवेशन
मितिः २०८३ साल असार २६ गते, पहिलो बैठक

## निर्णयहरुः

निर्णय नं. १

साल्पासिलिछो गाउँपालिका भोजपुरको १० वर्षे शिक्षा योजना (२०८२-२०९२) पारित गर्ने ।

निर्णय नं. २

साल्पासिलिछो गाउँपालिका भोजपुरको न्यायिक समितिबाट पेश गरेको प्रतिवेदन पारित गर्ने ।

निर्णय नं. ३

यस साल्पासिलिछो गाउँपालिका भोजपुर अन्तर्गत कार्यान्वयन गर्न गराउन देहाय बमोजिम निर्णय गरियो ।
तपसिल

क) साल्पासिलिछो गाउँपालिका भोजपुरको स्थानीय सिंचाइ ऐन, २०८३ पारित गर्ने ।

ख) साल्पासिलिछो गाउँपालिका भोजपुरको स्थानीय लगानी व्यवस्थापन तथा प्रवर्धन ऐन,२०८३ पारित गर्ने ।

ग) साल्पासिलिछो गाउँपालिका, भोजपुरको गाउँ कार्यपालिकाको कार्यालयको कार्य सम्पादनमा तत्काल कुनै निर्णय नगरी नहुने अवस्था भएमा गाउँपालिका अध्यक्ष/गाउँ कार्यपालिकाबाट निर्णय तथा कार्यान्वयन गरी आगामी गाउँ सभाबाट अनुमोदन गर्ने गरी यस गाउँ सभामा निहित अधिकार प्रत्यायोजन गर्ने ।

घ) साल्पासिलिछो गाउँपालिका, भोजपुरको विगत गाउँ सभा पश्चात हालको गाउँसभा बैठक नभएसम्म वडा समिति, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका अध्यक्ष/उपाध्यक्ष, गाउँ कार्यपालिकाको कार्यालय, गाउँ कार्यपालिका एवं वडा समितिको बैठकबाट निर्णय गरी भए गरेका निर्णय तथा काम कारबाहीहरु अनुमोदन गर्ने ।

ङ) साल्पासिलिछो गाउँपालिका, भोजपुरको गाउँपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामनामेसी विवरण अनुमोदन गर्ने ।

च) साल्पासिलिछो गाउँपालिका, भोजपुरको अन्तर्गत हालसम्म गाउँपालिका अध्यक्ष/उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धीत वडाबाट अनुगमन गरी पेश भएको अनुगमन प्रतिवेदन/सिफारिस/निर्णय बमोजिम कार्यान्वयन गरेको कार्य/कारोबारको अनुमोदन गर्ने ।

छ) साल्पासिलिछो गाउँपालिका, भोजपुरको सञ्चालित योजना तथा कार्यक्रमहरुको आवश्यकता अनुसार गाउँपालिका अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृतबाट Variation आदेश स्वीकृत गरी हालसम्म कार्यान्वयन गरिएको कामकाज/कारोबारको अनुमोदन गर्ने ।

ज) साल्पासिलिछो गाउँ कार्यपालिकाको कार्यलय भोजपुरले आ.व. २०८२/०८३ मा यसै साथ संलग्न विवरण बमोजिम रकमान्तर/स्रोतान्तर/शीर्षक परिवर्तन गरी खर्च गरेको आर्थिक कारोबार अनुमोदन गर्ने तथा खर्च समर्थन गर्ने ।